## कालिमाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## रामपुर, सल्यान
## कर्णाली प्रदेश, नेपाल

# सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन,२०८२

# (Organization and Management Survey Report, 2025)


तयार गर्ने

शान्ति ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च प्रा.लि.

तुलसीपुर दाङ्ग

# विषयसूची


**परिच्छेद १: परिचय** ........ ३

*१.१अध्ययनको पृष्ठभूभि:* ........ ३

*१.२. अध्ययन विशेषज्ञताको परिचय:* ........ ५

*१.३अध्ययनको उद्देश्य:* ........ ५

*१.४. अध्ययनको कार्यक्षेत्र :* ........ ६

*१.५अध्ययनको विधि :* ........ ६

*१.६अध्ययनका आधारभूत विषयहरु:* ........ ६

*१.७ अध्ययनका आधार र अध्यक्ष सिद्धान्तहरु:* ........ ७

*१.८ अध्ययनको कार्यसम्पादन विधि:* ........ ७

*१.९ अध्ययनको उपलब्धि:* ........ ७

*१.१०अध्ययनको सीमा :* ........ ८

**परिच्छेद २: विद्यमान साङ्गठनिक ढाँचा तथा दरबन्दी अवस्था** ........ ९

*२.१.विद्यमान संरचनागत व्यवस्था:* ........ ९

*२.२ विद्यमान साङ्गठनिक ढाँचा:* ........ १०

*२.३ गाउँपालिका कार्यालय र विषयगत समिति सम्बन्धी व्यवस्था:* ........ १२

*२.४. विद्यमान जनशक्ति तथा दरबन्दीको अवस्था:* ........ १४

*२.५. विद्यमान संरचना र दरबन्दी सम्बन्धमा देखिएका समस्याहरू:* ........ १९

**परिच्छेद ३: कार्य विश्लेषण** ........ २१

*३.१. कार्यक्रमको विश्लेषण:* ........ २१

*३.२. कार्यबोझको विश्लेषण:* ........ २५

*३.३. कार्य प्रकृतिको विश्लेषण:* ........ २७

*३.४.उपलब्ध मानव स्रोतको आँकलन:* ........ २८

*३.५.सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको औचित्य:* ........ २९

*३.६. परिवर्तनकोऔचित्य र समग्र विश्लेषण:* ........ ३०

**परिच्छेद ४ : प्रस्तावित साङ्गठनिक ढाँचा र कर्मचारी दरबन्दी विवरण** ........ ३३

*४.१. प्रस्तावित साङ्गठनिक ढाँचाको व्याख्या:* ........ ३३

*४.२. प्रस्तावित दरबन्दी विवरणको व्याख्या:* ........ ३७

*४.३. आर्थिक दायित्व एवं वित्तीय विश्लेषण:* ........ ४२

*४.४. सुझाव, सिफारिस एवं निष्कर्ष:* ........ ४२

**अनुसूची -१** ........ ४७

*कालिमाटी गाउँपालिकाको संगठन संरचना* ........ ४७

**अनुसूची -२** ........ ५१

*प्रस्तावित कर्मचारी दरबन्दी तेरिजको विवरण* ........ ५१

**अनुसूची - ३** ........ ५९

*प्रस्तावित शाखा, उपशाखा,इकाइ, वडाकार्यालय,स्वास्थ्य चौकी तथा स्वास्थ्य सेवा केन्द्रहरुको कार्यविवरण* ........ ५९

**अनुसूची -४** ........ ८९

*प्रस्तावित पदहरुको कार्यविवरण* ........ ८९

# परिच्छेद १: परिचय

## १.१अध्ययनको पृष्ठभूभि:

नेपालमा संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारबाट राज्यशक्तिको प्रयोग हुने व्यवस्था गरी ती तहगत सरकारहरुलाई एकल एवम् साझा कार्यजिम्मेवारीको व्यवस्था गरिएको छ । स्थानीय तहको सरकारमा नागरिकको सहज पहुँच स्थापित गर्ने र विकास तथा सेवा प्रवाहमा स्थानीयस्तरमै आम नागरिकको सहभागिता र स्वामित्व कायम हुने प्रत्याभुति गरिएको छ। स्थानीय तहको संबैधानिक अधिकार तथा जिम्मेवारीको कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्वएवं पारदर्शिता सुनिश्चित गरी स्थानीयस्तरमै सहज,सुलभ एवं गुणस्तरीय सेवा प्रवाह गर्नु जरुरी छ। लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित रुपमा वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई स्थानीय तहदेखी नै सुदृढीकरण गर्नु अपरिहार्य छ। यसका लागि स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायीकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नुपर्दछ। यसका साथै स्थानीय सरकारको व्यवस्थापन र संचालनलाई ब्यवस्थित, वैज्ञानिक र सहज बनाउनु आवश्यक छ।

संविधानले परिकल्पना गरेबमोजिम वर्गीय, जातीय, क्षेत्रिय, भाषिक, धार्मिक, लैंगिक तथा अन्य प्रकारका बिभेदको अन्त्य गरी आर्थिक समानता र सामाजिक न्याय मार्फत सम्बृद्धि र समुन्नती हासिल गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने कार्यमा स्थानीय सरकारको महत्वपुर्ण भुमिका हुन्छ। यही उद्येश्यले संविधानको भाग ५ बमोजिम स्थानीय तहले समेत नेपालको राज्यशक्तिको प्रयोग गर्ने र स्थानीय तहलाई अनुसूची ८ अनुसारको अधिकार हुने कुरा व्यवस्था गरिएको छ। यसै अधिकारको कार्यान्वयन गर्न गराउनका लागि स्थानीय सरकाररुपी गाउँपालिकामा हरेक पांच बर्षमा आवधिक निर्वाचनको माध्यमवाट अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष र सदस्यहरु निर्वाचित हुने पद्धति अवलम्बन गरिएको छ।

आम सर्वसाधारण जनतालाई स्थानीय तहमै सरल, सहज एवम् सुविधायुक्त ढंगले सरकारी वस्तु तथा सेवा प्रदान गर्ने गराउने,स्थानीयस्तरवाट स्थानीय विकास निर्माणका समग्र कार्य गर्ने र स्थानीयस्तरमै जनताको नजिकको सरकार भएको अनुभूती दिलाउने अभिप्रायले गठन भएको कर्णाली प्रदेश अन्तरगत सल्यान जिल्लास्थित स्थानीय सरकाररुपी यस कालिमाटी गाउँपालिका (कालिमाटी सरकार)ले आफ्नो पहिलो पाँच वर्षे कार्यकाल सम्पन्न गरिसकेको छ । पहिलो कार्यकालमा आधारभूत रुपमा विभिन्न कानुन (ऐन, नियमावली, निर्देशिका, कार्यविधी) तथा पद्धति निर्माण गर्ने कार्य र केही महत्वपुर्ण पूर्वाधार निर्माणका कार्यहरु भएका छन्। जनअपेक्षा बमोजिम विकास निर्माण र सेवा प्रवाहका अरु धेरै कामहरु निरन्तर रुपमा गर्नुपर्नेछ। यसै सन्दर्भमा स्थानीय तहको दोस्रो आवधिक निर्वाचन (५वर्षे कार्यकालको लागि) २०७९ साल वैशाख ३० गते सम्पन्न भई गाउँपालिकामा नयां जनप्रतिनिधीहरु बहाल भई यस गाउँपालिका यहांका गाउँवासी जनताको दैनिक सेवा गर्न गराउन र गाउँको विकास निर्माणका कार्यसम्पादन गर्न गराउनमा क्रियाशिल भइरहेको स्थिती छ । नेपालको वर्तमान संविधानले स्थानीय सरकाररुपी गाउँपालिकालाई अति नै महत्वपूर्ण संबैधानिक कार्यजिम्मेवारी प्रदान गरेको छ। संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकार उल्लेख गरिएको छ भने स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत बिभिन्न प्रकारका सेवा प्रवाह र विकास निर्माणका कार्यहरु सम्पादन गर्नुपर्ने

जिम्मेवारी गाउँपालिकालाई सुम्पिएको छ । यस्ता संवैधानिक, कानूनी र कार्यकारी अधिकारहरुको प्रयोग गर्न गाउँपालिकाको कार्यालय आफैमा दक्ष, प्रभावकारी,सबल एवं सक्षम हुनु आवश्यक छ । संवैधानिक र कानूनी रुपमा अधिकारहरु प्राप्त भएतापनि गाउँपालिकाको साङ्गठनिक सक्षमताको अभाव भएमा र आवश्यक दक्ष एवं स्थायी जनशक्ति नभएमा कार्य सम्पादन राम्रो हुन सक्दैन । गाउँपालिकाले पुर्णक्षमतामा कार्यसम्पादन गर्न गराउनका लागि पनि गाउँपालिकाको कार्यालयको विस्तृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो प्रतिवेदनका आधारमा स्पष्ट कार्यविवरण सहितको जनशक्ति आपुर्ति गर्नु आवश्यक छ ।

कालिमाटी गाउँपालिका संघीय नेपालको कर्णाली प्रदेशको राजधानीबाट पूर्वमा रहेको सल्यान जिल्लामा रहेको कालिमाटी गाउँपालिका साविक कालिमाटी रामपुर, लक्ष्मीपुर, काप्रेचौर, कालिमाटि काल्चे गाउँ विकास समिति समाहित गरेर नेपाल सरकारले २०७३ साल फाल्गुन २७ गते कालिमाटी गाउँपालिका घोषणा गरी ७ वटा वडामा विभाजन गरिएको हो । पूर्वमा त्रिवेणी गाउँपालिका र दाङ्ग जिल्ला, पश्चिममा बर्दिया जिल्ला, उत्तरमा शारदा नगरपालिका, बनगाड कुपिण्डे नगरपालिका र सुर्खेत जिल्ला, दक्षिणमा बाँके जिल्लाको बिचमा अवस्थित प्राकृतिक सम्पदाले भरिपूर्ण कालिमाटी गाउँपालिकाको कुल क्षेत्रफल ५००.७२ वर्ग किलोमिटरमा फैलिएको यस गाउँपालिकामा २०७८ सालमा भएको राष्ट्रियजनगणना अनुसार २२,२०६ कुल जनसंख्या रहेकोमा पुरुष १०,९४१ र महिला ११,२६५ रहेका छन् । ७ वटा वडा कार्यालयहरु प्राथमिक स्वास्थ्य केन्द्र ४ वटा स्वास्थ्य चौकी ३ वटा आधारभुत स्वास्थ्य केन्द्रबाट समेत दैनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरु सम्पादन गरिरहेको छ । जल , जङ्गल , जडिबुटि , कृषि, उद्दोग, जलश्रोत र रत्न पथ्थर जस्ता प्रचुर सम्भावना बोकेको यस कालिमाटी गाउँपालिकाको भौगोलिक विकटताको कारण अल्ली पछाडी परेको छ । रोग भोग गरिवी र भौगोलिक विकटताबाट ग्रसित कालिमाटी गाउँपालिकाको मुख्य पेशा परम्परागत कृषि प्रणाली नै रहेको छ । संविधानको अनुसूची-८ बमोजिम गाउँपालिकाले स्थानीय सरकारको रुपमा एकल अधिकारको प्रयोग गर्न पाउने व्यवस्था रहेको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा (२) को खण्ड (ङ) को बुंदा नम्बर (४) मा स्थानीय सेवाको व्यवस्थापन शिर्षक अन्तर्गत स्थानीय कानुन बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना र दरबन्दी निर्धारण गरी लागु गर्ने भन्ने उल्लेख गरीएको छ भने सोही ऐनको दफा ८३ मा गाउँसभावाट सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गरी लागु गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ । साथै कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ र नियमावली २०८१ को समेत कानुनी ब्यवस्था बमोजिम यस कालिमाटी गाउँपालिकाको विस्तृत रुपमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey) गरी मौजुदा सङ्गठन संरचना र कर्मचारी दरबन्दी विवरणमा समसामयिक पुनरावलोकन गरी सोको प्रतिवेदन (Report) तयार गरी स्वीकृत गराई लागु गर्नु आवश्यक छ । यस गाउँपालिकालाई स्थानीय सरकारको रुपमा संविधानले दिएको अधिकारको प्रयोग गरी गाउँवासीहरुलाई सहज र सरल रुपमा सेवा प्रवाह गर्न तथा गाउँको विकास निर्माणको काम गर्नका लागि गाउँपालिकाको चुस्तदुरुस्त, सबल एवं सक्षम साङ्गठनिक संरचना (Capable Organization Structure) र सो संरचनामा काम गर्ने स्थायीदक्ष कर्मचारीहरु (Proficient Manpower) को आवश्यकता पर्दछ । यसका लागि यस गाउँपालिकाको सङ्गठनसंरचना र कर्मचारी दरबन्दी तेरिजको पुरावलोकन गर्नु आवश्यक छ । संविधानले स्थानीय सरकाररुपी गाउँपालिकालाई प्रत्याभुत गरेको संबैधानिक कार्यजिम्मेवारी सम्पादन गर्न (to perform constitutional responsibility) र स्थानीय सरकार संचालन ऐनले गाउँपालिकाका निमित्त व्यवस्था गरेका काम, कर्तव्य र अधिकारहरु जनताको हितमा उपयोग (to exercise & utilize the legal rights & duties for the interest& welfare of general people) गर्दै स्थानीय सेवाग्राही जनतालाई अपेक्षित सेवा प्रदान गर्नका लागि सक्षम सङ्गठन निर्माण गर्ने तथा आवश्यक संख्याका स्थायी एवं दक्ष

जनशक्ति आपुर्ति गर्ने उद्देश्यले यस गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओ.एण्ड एम.सर्भे) प्रतिवेदन तयार गरी कार्यान्वयनमा ल्याउनु आवश्यकछ ।यसै सन्दर्भमाकालिमाटी गाउँपालिकाको आ.ब. २०८२/८३ को बार्षिक नीति,बजेट तथा कार्यक्रममा **"गाउँपालिकाको O & M सर्भे तथा पुनरावलोकन गर्ने र कर्मचारीलाई आर्थिक वर्षको शुरुमै जिम्मेवारी तोकी कार्यविवरण लागु गरिनेछ र कार्यविवरणका आधारमा कार्यसम्पादन सम्झौता गरी नतिजाप्रति उत्तरदायी बनाइनेछ"** भन्ने कार्यक्रम राखिए बमोजिम यस विषयमा अध्ययन सर्वेक्षण गरी प्रतिवेदन प्राप्त गरी गाउँसभावाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्ने भएकाले यस कार्यलाई अगाडी बढाइएको हो ।

## १.२. अध्ययन विशेषज्ञताको परिचय:

स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ मा स्थानीय कानुन बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना र दरबन्दी निर्धारण गरी लागु गर्ने कुरा उल्लेख गरेको र सोही ऐनको दफा ८३ ले गाउँपालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्ठता समेतका आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी विषयगत शाखा वा उपशाखा तथा ईकाइ सहितको सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी विवरण तयार गर्नुपर्ने र यस्तो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन गाउँसभावाट स्वीकृत गराइ लागु गर्नुपर्ने भन्ने उल्लेख गरेकोले सोही प्रयोजनार्थ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा विशेष अनुभव र विशेषज्ञताका आधारमा यस विषयको सर्वेक्षण एवं अध्ययन गरिएको छ ।

नेपालको संविधान(२०७२) ले स्थानीय तहलाई प्रत्याभुत गरेको संबैधानिक कार्यजिम्मेबारी बमोजिमको विकास निर्माण तथा सेवा प्रवाहको सुनिश्चितता गर्ने तथा परिस्थितिको चुनौती, जटिलता र प्रभावहरुको सामना गर्न सक्ने गरी यस गाउँपालिकाले प्रदान गर्ने सेवाको स्तर, कार्यक्षेत्र, प्रशासनिक तथा साङ्गठनिक स्वरुप र त्यसका लागि आवश्यक पर्ने जनशक्तिको पुनरावलोकन र पुर्वानुमान गरी गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरिएको छ ।

## १.३अध्ययनको उद्देश्य:

संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न गराए पश्चात् गाउँपालिकाको संबैधानिक कार्यजिम्मेवारी र कार्यक्षेत्र बमोजिम कार्यसम्पादन गर्न तथा कालिमाटी वासी जनतालाई स्थानीय सेवा सुविधा र विकासको प्रतिफल सहज एवं सरल ढंगले उपलब्ध गराउनका लागि गाउँपालिकाको संबैधानिक क्षेत्राधिकार सुहाउंदो संरचना तथा कार्यविवण तयार गर्न र सो संरचनामा आवश्यक पर्ने जनशक्ति आपुर्ति गर्न गराउन सघाउ पुर्याउने हेतुले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (Organization & Management Survey Report) तयार गर्नु यस अध्ययनको अध्यक्ष उद्धेश्य रहेको छ । कालिमाटी गाउँपालिकाले प्रदान गर्ने सेवाको स्तर, प्रकृति,कार्यक्षेत्र, प्रशासनिक तथा व्यवस्थापकीय स्वरुप एवं सोका लागि आवश्यक पर्ने जनशक्ति पुर्वानुमान गरी सिफारिश गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

**यस सर्वेक्षण तथा अध्ययनका अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन् :**

1) कालिमाटी गाउँपालिकाको मौजुदा सङ्गठन संरचना र स्थायी तथा करारका विद्यमान जनशक्तिको विश्लेषण गरी गाउँपालिकाको सेवा संचालनका लागि आवश्यक पर्ने सङ्गठन संरचना र कर्मचारी दरबन्दीको विश्लेषण गरी नयाँ सङ्गठन संरचना र नयां कर्मचारी दरबन्दी तेरिज (Organogram & Employees detail) तयार गर्ने।
2) गाउँपालिकाको कार्यालय,वडा कार्यालय र मातहतका स्वास्थ्य संस्थाहरुको निमित्त प्रशासनिक कर्मचारीहरुको आवश्यक प्रबन्ध गर्ने गरी जनशक्ति व्यवस्थापनको विश्लेषण गरी प्रत्येक शाखा, उपशाखा, इकाइ, स्वास्थ्य संस्थाहरु

र तीनमा काम गर्ने पदनाम,पदसंख्या र प्रत्येक पद/तह/श्रेणीको काम/कर्तव्य, जिम्मेवारी र योग्यता सहितको कार्यविवरण(Job Description) तयार गर्ने ।

3) गाउँपालिकाको संबैधानिक एवं कानुनी कार्यजिम्मेवारी सम्पादन गर्न, विकास निर्माण तथा सेवा प्रवाहलाई चुस्तदुरुस्त राख्न र सेवाको प्रभावकारीता अभिबृद्धि गर्नका लागि अन्य सुझाव सहितको सिफारिश गर्ने ।

## १.४. अध्ययनको कार्यक्षेत्र :

स्थानीय तहको संबैधानिक कार्यजिम्मेवारी (संविधानको अनुसूची-८ बमोजिम गाउँपालिकाको एकल कार्य जिम्मेवारी तथा अधिकार र अनुसूची-९ बमोजिम साझा अधिकार तथा जिम्मेवारी),स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था, कालिमाटी गाउँपालिकाको नीति, रणनीति, योजना, कार्यक्रम, गाउँपालिकाका सम्बद्ध ऐन,नियम,निर्देशिका,कार्यविधि, मापदण्ड,गाउँपालिकाले गर्नुपर्ने विकास निर्माण र सेवाप्रवाहका लागि आवश्यक सांगठनिक संरचना, दैनिक काम वा सेवाको चाप, सेवाग्राहीको अपेक्षा, जनप्रतिनिधिहरुका प्रतिबद्धता,संघीय तथा प्रादेशिक कानुनद्धारा प्रदत्त कार्य र कार्यक्षेत्रको अध्ययन, मनन, विश्लेषण, सर्वेक्षण गरी कालिमाटी गाउँपालिकाको सङ्गठन संरचना र दरबन्दी विवरण तयार गर्नुका साथै प्रस्तावित शाखा र पदको कार्यविवरण तयार गर्ने विषय यस अध्ययनको कार्यक्षेत्रको रुपमा रहेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकारका कार्यक्षेत्रको विस्तृत व्याख्या गरेको छ । ऐनको दफा ८६ मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने भनिएको छ । सोही कानुनको अधिनमा रही स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने भनिएको छ । त्यसैगरी ऐनको दफा ८३ को उपदफा (१०) का अनुसार गाउँपालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टताका आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी र सङ्गठन ढांचा तयारी गर्नुपर्ने कानुनी व्यवस्था छ । सङ्गठन सम्बन्धी पुनर्संरचना गरिंदा कायम सङ्गठन संरचना,सङ्गठनको कार्यक्षेत्र, सेवा प्रवाह सम्बन्धी कार्यबोझ र उपलब्ध हुन सक्ने जनशक्ति समेतको आधारमा कर्मचारी दरबन्दीको प्रस्ताव तयार गरी ढांचा, पदनाम, कार्यविवरण, जिम्मेवारी र संख्या सहितको दरबन्दी सभावाट स्वीकृत गरिनुपर्दछ भनि उल्लेख गरेकोले यस पक्षलाई अध्ययनको मुख्य कार्यक्षेत्र बनाइ प्रतिवेदन तयार गरिएको छ ।

## १.५अध्ययनको विधि :

### १.प्राथमिक स्रोतसंग सम्बन्धित विधिहरु:

गाउँपालिका,वडा कार्यालय तथा स्वास्थ्य संस्थाको सङ्गठन संरचना र कार्यविवरण तयार गर्दा छलफल, अन्तरक्रिया, प्रश्नोत्तर,स्थलगत अवलोकन जस्ता विधिहरु प्रयोग गरीएको छ ।

### २.द्वितिय स्रोतसंग सम्बन्धित विधिहरु:

स्थानीय तहसंग सम्बन्धित संबैधानिक प्रावधान,सम्बद्ध ऐन, नियम, योजना, प्रतिवेदनहरुका साथै सङ्गठन र कार्यविवरण सम्बन्धी सामान्य सिद्धान्तहरुबारे अध्ययन गरीएको छ ।

## १.६अध्ययनका आधारभूत विषयहरु:

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा देहायका आधारभूत विषयहरुलाई ध्यान दिइएको छ:

१.गाउँपालिकाका नीति, रणनीति, योजना, कार्यक्रम र बजेटको कार्यान्वयन अवस्था ।

२. कार्यालयको कार्यबोझ,कार्यचाप तथा कार्यप्रकृति ।

३. कार्यालयवाट सम्पादन हुने कामको छरितो व्यवस्थापन रसेवाको सहज पहुंच ।
४. कर्मचारीको वृत्ति विकास, उत्प्रेरणा र मनोवलमा अभिबृद्धि ।
५. सङ्गठन तथा दरबन्दी सिर्जनावाट हुने आर्थिक दायित्व र आन्तरिक स्रोतको अवस्था ।

## १.७ अध्ययनका आधार र प्रमुख सिद्धान्तहरु:

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणगर्दा देहायका आधार र अध्यक्ष सिद्धान्तहरु अधिकतम अवलम्बन गरिएको छ:

### क.आधारहरु:

१.कार्यविशिष्टिकरण तथा कार्यप्रकृतिको एकरुपता र विविधता ।
२.कार्यवोझ, कार्यचाप एवं कार्यप्रकृतिको विश्लेषण ।
३.उपलब्ध मानवस्रोतको आंकलन तथा परिवर्तनको औचित्यता ।
४.प्रत्येक पदले हप्तामा गर्नुपर्ने कामको कार्यवोझको निर्धारण, कार्यविवरणको विश्लेषण तथा प्रत्येक हप्ता न्युनतम ४० घण्टाको कार्यबोझ हुने गरी दरबन्दी सृजनाको अनुमान ।
५.दरबन्दी र कर्मचारीको तलव, भत्ता र सुविधा ।

### ख.प्रमख सिद्धान्तहरु:

१.कार्यबोझ,कार्यचापर कार्यप्रकृतिका आधारमा संरचना (Organization Structure) को सिद्धान्त ।
२.सङ्गठनको उद्धेश्य तथा कार्यक्षेत्रको आधारमा जनशक्ति (Manpower) को सिद्धान्त ।
३.सरल, सहज र गुणस्तरीय सेवा प्रवाह (Qualitative Service) को सुनिश्चितताको सिद्धान्त ।

## १.८ अध्ययनको कार्यसम्पादन विधि:

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने सिलसिलामा निम्नानुसारको कार्यसम्पादन विधि अवलम्बन गरीएको छ:
१. वर्तमान संगठनात्मक ढांचा र मौजुदा जनशक्तिको दरबन्दीको कार्य विश्लेषण ।
२.कार्यवोझ, कार्यचाप र कार्यप्रकृतिको विश्लेषण ।
३.उपलब्ध मानव स्रोतको आंकलन ।
४. परिवर्तित सङ्गठन संरचनाको औचित्य पुष्टि ।
५. संगठनात्मक स्वरुपको ढांचा तथा कार्यविवरण तयारी ।
६. प्रस्तावित सङ्गठन संरचना अनुसारको शाखाहरुको कार्यविवरण तयारी ।
७. शाखा अन्तर्गतका पदहरुको कार्यविवरण तयारी ।
८.प्रस्तावित दरबन्दीको वित्तीय विश्लेषण ।
९.प्रारम्भिक प्रतिवेदन उपर गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विषयगत कर्मचारीहरु र अन्य सरोकारवालासंग छलफल गरी सुझाव संकलन गरी प्रतिवेदन परिमार्जन गरी अन्तिम रुप प्रदान ।
१०.सङ्गठन तथा व्यवस्थापन (ओ.एण्ड एम.) सर्वेक्षणको अन्तिम प्रतिवेदन तयारी ।

## १.९ अध्ययनको उपलब्धि:

यस अध्ययन कार्यवाट कालिमाटी गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार भएको हुनेछ । गाउँपालिकावाट यो प्रतिवेदन स्वीकृत भई कार्यान्वयनमा आएपश्चात् नयां सङ्गठन संरचना र नयां दरबन्दी तेरिजवाट

स्थानीय सरकाररुपी गाउँपालिकालाई आफ्नो संबैधानिक कार्य जिम्मेवारी सम्पादन गर्न गराउनमा थप सघाउ पुगी कालिमाटी गाउँपालिका क्षेत्रको समग्र सेवाको प्रवाहीकरण,विकास र समुन्नतीमा योगदान पुग्नेछ ।

## १.१०अध्ययनको सीमा :

गाउँपालिकाका मुख्य पदाधिकारीहरु गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, वडा अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, विषयशाखागत कर्मचारीहरु, वडा सचिवहरु र अन्य सरोकारवालासंगको छलफल, प्रस्तावित शाखाहरुको कार्यविवरण, कार्यवोझ, कार्यचाप र कार्यप्रकृतिको अध्ययन, विश्लेषण, प्राप्त राय सुझावहरु तथा गाउँपालिकाका विभिन्न अध्ययन प्रतिवेदनहरुको विश्लेषण समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । नयां संविधान अनुसार संघीय संरचना बमोजिम गाउँपालिकाको संरचनालाई समयानुकुल बनाउन यसका शाखा,उपशाखा तथा इकाइहरुमा काम गर्नका लागि दरबन्दी सृजना गर्नुपरेकोले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सिफारिस गर्नुपर्ने आवश्यकता परेको र सोही अनुसारको उद्धेश्य प्राप्तीका लागि यो प्रतिवेदन तयार गरिएको हो ।

गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य अगाडि बढाउने क्रममा स्थानीय सरकार संचालन ऐन, २०७४ र कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ र नियमावली २०८१ को को कानुनी मान्यतालाई मुख्य आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सङ्गठन र व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६४ र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण संक्षिप्त कार्यविधि, २०७६ ले औंल्याएको ओ. एण्ड एम.विधि एवं प्रकृयालाई समेत प्रकृयागत आधार मानी प्रतिवेदन तयारीमा सहयोग लिइएको छ । त्यसैगरी प्रतिवेदन तयार गर्न आवश्यक पर्ने सन्दर्भ सामग्रीहरु संकलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य एउटा प्राविधिक एवं फरक प्रकृतिको कार्य भएकोले यसका लागि पर्याप्त मात्रामा तथ्यांक, सूचना, स्रोत, विवरण, जानकारी, समय, मेहनत र अध्ययन विश्लेषण गर्ने क्षमताको आवश्यकता पर्दछ । विज्ञ परामर्शदातालाई तोकिएको छोटो समयावधिमा उपलब्ध सूचना र तथ्यांकहरुको अध्ययन विश्लेषणवाट गाउँपालिकाको साङ्गठनिक संरचना र जनशक्ति विवरण तयार भएको छ ।

प्रतिवेदन तयारीको सम्बन्धमा यस कार्यको लागि सामान्यतः निम्नानुसारको विधिको अवलम्बन गरिएको छ :

१. गाउँपालिकाको रामपुर स्थित मौजुदा पुर्वाधार, भवन, भौतिक संरचना र स्थलको स्थलगत अवलोकन, अध्ययन र गाउँपालिकाका जननिर्वाचित पदाधिकारीहरु र कर्मचारीहरुसँग छलफल, राय, सुझाव संकलन र अध्ययन, विश्लेषण ।

२. स्थानीय तहको अधिकार तथा कार्यसंचालनसंग सम्बन्धित ऐन तथा नियमावलीहरुको अध्ययन ।

३. सङ्गठन तथा कर्मचारीका सम्बन्धमा कार्यपालिका तथा गाउँसभावाट भएका निर्णयहरुको अध्ययन विश्लेषण ।

४. गाउँपालिकासँग सम्बन्धित सम्बद्ध ऐन, नियम, निर्णयको अध्ययन विश्लेषण ।

५. गाउँपालिकाको मौजुदा स्थायी एवं करारमा कार्यरत कर्मचारी र उनीहरुको कार्य सम्पादन र कार्यबोझ बारेमा अध्ययन विश्लेषण ।

६. यस गाउँपालिकाकै कामको प्रकृतिका अन्य गाउँपालिकाको कार्य, सङ्गठन र जनशक्ति तथा उनीहरुको कार्यविवरण सम्बन्धमा जानकारी र अध्ययन विश्लेषण ।

# परिच्छेद २: विद्यमान साङ्गठनिक ढाँचा तथा दरबन्दी अवस्था

## २.१.विद्यमान संरचनागत व्यवस्था:

नेपालको संविधान (२०७२), स्थानीय सरकार संचालन ऐन, २०७४, गाउँपालिकावाट स्वीकृत नीति, रणनीति, योजना, ऐन, नियमावली, निर्देशिका,कार्यविधि तथा मापदण्ड अनुसार यस कालिमाटीगाउँपालिकाले गाउँक्षेत्रको **शासकीय इकाइ (Governance Unit), सेवा इकाइ (Service Unit) र विकास इकाइ (Development Unit)**को रुपमा कार्य सम्पादन गरिआएको छ। यसप्रकारको कार्य गर्दा गाउँपालिकाले **"समृद्धी कालिमाटी र दिगो विकासको आधार ' शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र गरिबी निवारणमा हाम्रो सरोकार"** भन्ने आफ्नो मूल नारा एवं दिर्घकालिन सोंच हासिल गर्ने सोंचभित्र रहि **"सामाजिक न्यायमा आधारित सन्तुलित, दिगो र वातावरणमैत्री विकासलाई प्राथमिकता दिदैं एकिकृत विकास मार्फत समृद्ध कालिमाटी निर्माणमा अघी बढ्ने"**लक्ष्य राखेको देखिन्छ। त्यसैगरी गाउँपालिकाका उद्देश्यहरुमा कृषि तथा पशुपन्छीजन्य उपजको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने, पर्यटन तथा उद्योगको माध्यमवाट रोजगारी सृजना गरी आयस्तर बृद्धि गर्ने,स्वास्थ्य, शिक्षा र खानेपानी तथा सरसफाईको क्षेत्रमा पालिकाबासीलाई आत्मसम्मान पुर्वक जिउन सक्ने बनाउने, पुर्वाधार विकासका क्षेत्रमा वातावरणीय संरक्षण एवं दिगो विकासको अवधारणा अंगीकार गर्ने र वन तथा वातावरण विकासमार्फत समुदाय लक्षित कार्यक्रमहरु संचालन गर्नेरहेका छन्।

यस गाउँपालिकाको चालु आ.ब.२०८२।८३ को बार्षिक नीति,बजेट तथा कार्यक्रममा गाउँपालिकाको सङ्गठन संरचनालाई सर्वेक्षणका माध्यमवाट पुनरावलोकन गरी सबै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागु गर्ने,गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन सुपरिवेक्षण एवं अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउने,पालिकावाट प्रवाह हुने सेवालाई जनमुखी पारदर्शी र जवाफदेही रुपमा संचालन गर्ने, कार्यसम्पादनमा आधारित प्रोत्साहन सुबिधा मार्फत कर्मचारीहरुलाई सेवाप्रति थप जिम्मेवार बनाई सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने,कर्मचारीलाई आर्थिक बर्षको शुरुमै जिम्मेवारी तोकी कार्यविवरण लागु गर्ने, कार्यविवरणका आधारमा कार्यसम्पादन सम्झौता गरी नतिजाप्रति उत्तरदायी बनाउने,सार्वजनिक सेवा प्रवाहलाई प्रबिधिमैत्री बनाउने,गाउँपालिकाको सेवाहरुलाई प्रभावकारी बनाउन हेल्प डेस्कको स्थापना गर्ने,न्यायिक समितिको सेवालाई प्रविधिमा आधारित बनाउने, जनमुखी स्वच्छ छरितो र प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाहमा जोड दिने,सेवाप्रवाहलाई सूचना प्रविधिमैत्री बनाई सुशासन कायम गर्नकर्मचारीहरुको क्षमता विकासका कार्यक्रम संचालन गर्ने तथा डिजिटल सेवामा जोड दिन कार्यक्रम संचालन गर्नेउल्लेख गरिएको छ। यसर्थ उल्लिखित समग्र विषयवस्तुको सही कार्यान्वयनका लागि यस गाउँपालिकाको विस्तृत रुपमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (Organization & Management Survey) गरी सो प्रतिवेदन (Report) का आधारमा नयां सङ्गठन संरचना र नयां जनशक्ति दरबन्दी तेरिज स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्ने भएको छ। यी सबै काम कारवाहीहरु गर्न गराउनका लागि प्रथमत: गाउँपालिकासंग सक्षम एवं सबल सङ्गठन संरचना (Strong & Capable Organization Structure) (विषयगत शाखा, उपशाखा,इकाइ, सेवा केन्द्र हुनु जरुरी हुन्छ भने त्यसैगरी त्यस्तो संयन्त्रमा काम गर्ने योग्य जनशक्ति (Qualified Manpower) तथा निजले सम्पादन गर्ने स्पष्ट कामको विवरण (Job Description) आवश्यक हुन्छ ।

हाल गाउँपालिकाले रापुरस्थित नयाँ भवनबाट कार्यसंचालन गरि आएको अवस्था छ तर प्रधावकारी सेवा प्रवाहको लागि भवनको तला थप तथा थप व्यबस्थित गर्नुपर्ने देखिन्छ। गाउँपालिकावाट दैनिक रुपमा सम्पादन गरिने सेवा कार्यहरु यसै कार्यालयवाट भइरहेको अवस्था छ । तसर्थ गाउँपालिकाले भवन निर्माण संहिता एवं मापदण्ड बमोजिम सेवाग्राहीमैत्री सुविधा सम्पन्न आधुनिक भवन निर्माण गरी सो मार्फत सेवाग्राही जनतालाई सहज एवं सरल रुपमा सेवा प्रवाह गर्ने

व्यवस्था मिलाउनुपर्ने हुन्छ । पर्यटकीय, धार्मिक एवं सांस्कृतिक दृष्टिकोणले महत्वपुर्ण मानिएको यो गाउँपालिकाका ०७ वटा वडा कार्यालयहरुवाट वडास्तरीय सेवा प्रवाहका काम भइरहेका छन् भने बिभिन्न स्वास्थ्य संस्थाहरुमार्फत स्वास्थ्य सेवा प्रदान गर्ने कार्य भइरहेको छ । हाल ०७ वटा वडा कार्यालयले आफ्नै कार्यालय भवनवाट सेवाहरु प्रदान गरिरहेका छन भने आफ्नो भवन नभएका २ वटा वडा कार्यालयका लागि सेवाग्राहीमैत्री भवन निर्माण गरी ती भवनवाट सेवा प्रदान गर्नु आवश्यक देखिन्छ । कमजोर संस्थागत व्यवस्थाले निश्चित रुपमा सङ्गठन संरचना र जनशक्तिको कार्यसम्पादनमा प्रभाव पर्ने हुंदा यस सम्बन्धमा पनि ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी वडा कार्यालयहरुको संस्थागत एवं संरचनागत पक्षमा थप सुधार गर्न आवश्यक देखिन्छ।

## २.२ विद्यमान साङ्गठनिक ढाँचा:

गाउँपालिका आफैले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम विस्तृत रुपमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सोको प्रतिवेदनका आधारमा विषयगत शाखाहरु निर्माण गरी त्यस्तो विषयगत कार्यसम्पादनका लागि स्थायी जनशक्ति आपुर्ति गर्ने कार्यगर्नुपर्नेमा सो कार्य हुन नसकी शुरुदेखि नै नेपाल सरकारले स्वीकृत गरिदिएको दरबन्दी तथा पछिल्ला वर्षहरुमा गाउँपालिकाले पनि तात्कालिक कार्य फछर्यौट गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी तात्कालिक रुपमै निर्णय गरी तात्कालिक अन्तरिम संगठन संरचना र उल्लेख्य संख्यामा करारका जनशक्ति आपुर्ति गरी कार्यसम्पादन गर्दै आएको अवस्था छ। तसर्थ गाउँपालिकाको समग्र कार्यसम्पादन अवस्थाको विश्लेषण गरी तयार गरिएको यस सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनका आधारमा दिगो रुपमा साङ्गठनिक संरचना खडा गरी स्थायी कर्मचारी आपुर्ति गर्नुपर्ने देखिन्छ ।

यसैक्रममा संघीयताको कार्यान्वयनको क्रममा देशैभरका गाउँपालिकाहरुका लागि भनि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट स्वीकृत मापदण्ड बमोजिम पच्चिस हजार (२५,०००) सम्म जनसंख्या भएका गाउँपालिकामा नमुना सङ्गठन संरचना लागु गर्ने गरी विगतमा निर्णय भई गाउँपालिकाहरुलाई तात्कालिक रुपमा सघाउ पुर्याएको अवस्था विगतमा देखिन्छ। सो मान्यतालाई अनुशरण गर्दा कालिमाटी गाउँपालिका पनि यसै मापदण्डभित्र पर्ने देखिन्छ, किनकी कालिमाटी गाउँपालिकाको हालको जनसंख्या २२,२०६ रहेको छ। जनसंख्याको अनुपातका आधारमा गाउंपालिका वा गाउँपालिका वा उपमहागाउँपालिका वा महागाउँपालिका कायम गरिने हुंदा यो स्थानीय तह गाउँपालिका भएकोले यहांका सबै जनसंख्या वा जनतालाई उनीहरुको अपेक्षा र गाउँपालिकाको कार्यक्षेत्र एवं कार्यचापका आधारमा सेवा प्रवाह गर्नेगरी सङ्गठन र जनशक्तिको व्यवस्था गर्नुपर्दछ । तथापी गाउँपालिकाको विकट भूगोललाई समेत ख्याल राखि संगठन ब्यबस्थापन सर्बे गर्नुपर्ने हुन्छ।

विगतमा नेपालको संविधानको धारा ३०२ बमोजिम राष्ट्रसेवक कर्मचारीहरुलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन ऐन, २०७५ को दफा ३ बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिको सिफारिसमा संघ, प्रदेश र स्थानीय तहको सङ्गठन संरचना र दरबन्दी नेपाल सरकार मन्त्रिपरिषदवाट स्वीकृत भएको थियो। उक्त सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिले जनसंख्याका आधारमा सङ्गठन संरचना र दरबन्दी तेरिज सिफारिस गरेको थियो । तत्कालिन अवस्थामा राष्ट्रसेवक कर्मचारीहरुवाट सिमित प्रयाश र छोटो समयमा केन्द्रवाटै गरेको अध्ययन तथा विश्लेषणका आधारमा सो सङ्गठन संरचना तथा दरबन्दी प्रस्ताव सिफारिस गरिएको थियो। यसरी स्वीकृत भएका गाउँपालिका मध्ये कालिमाटी गाउँपालिका पनि २५ हजार भित्र जनसंख्या भएका गाउँपालिकामध्येको एउटा गाउँपालिकाभित्र पर्दछ।

## कालिमाटी गाउँपालिकाको कार्यालयको मौजुदा संगठन संरचना




गाउँपालिकाले पहिलो पांच बर्षै कार्यकालमा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशका सबै गाउँपालिकाका लागि भनि उपलब्ध गराएको नमुना साङ्गठनिक संरचनार गाउँको आफ्नो तात्कालिक आवश्यकता समेतलाई मध्यनजर गरी सो नमुना संगठनलाई नै गाउँपालिकाकोअन्तरिम संगठन संरचना मानी कार्य संचालन गरेको र विभिन्न मितिमा पटकपटक विभिन्न विषयगत शाखा, उपशाखा, इकाइ सहितको कर्मचारी दरबन्दी तेरिज गाउँसभाले लोकसेवा आयोगवाट सिफारिस भई नआएसम्म अर्थात अर्को व्यवस्था नभएसम्मका लागि भर्ना स्वीकृत गरी कार्यान्वयन गर्दै आएको अवस्था छ । यसरी हेर्दा हालसम्म पनि गाउँपालिकाको विस्तृत रुपमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण हुन नसकेको,सोको अभावमा कर्मचारीको स्पष्ट कार्यविवरण तयार नभएको र विस्तृत सर्वेक्षण नै नगरेको कारणवाट त्यस्तो सर्वेक्षण प्रतिवेदन प्राप्त भई गाउँसभामा पेश हुन नसकेको हो। गाउँपालिकाको कार्यसम्पादनमा सहज होस भनि बार्षिक रुपमा कर्मचारीको दरबन्दी स्वीकृत गरी काम चलाउंदै आइएको भएतापनि गाउँपालिकामा कुन कुन कामका लागि, के के नाम गरेका, कुन कुन विषयगत शाखा, उपशाखा वा इकाइ वा सेवा केन्द्र भएको संरचना आवश्यक छ र सो संरचनामा के के पदका, कुन कुन तह र श्रेणीका,के कति पदसंख्याका कर्मचारी आवश्यक पर्दछन् भनि विस्तृत रुपमा अध्ययन,विश्लेषण र अनुमान तथा पुनरावलोकन गरी नयां कायम गर्नुपर्ने देखिन्छ।

अन्तरिम संगठन संरचनामा माथि देखाइएअनुसारको संरचना भएपनि व्यवहारमा गाउँपालिकाको साङ्गठनिक संरचना हाल निम्नानुसार रहेको छ:

१.गाउँसभा र सो मातहत विभिन्न समितिहरु,गाउँकार्यपालिका र सो मातहत विभिन्न समितिहरु,

२.गाउँपालिका अध्यक्ष,गाउँपालिका उपाध्यक्ष र न्यायीक समितिको सचिवालय,

३.प्रमुख प्रशासकीय अधिकृत,

४.शाखा तथा उपशाखाहरुमा : प्रशासन शाखा, योजना तथा अनुगमन शाखा, आर्थिक प्रशासन शाखा,आन्तरिक लेखा परिक्षण शाखा ,राजश्व प्रशासन शाखा, जिन्सी शाखा, कृषि विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, पशु सेवा शाखा, प्राविधिक शाखा, स्वास्थ्य शाखा, उद्योग तथा व्यवसाय प्रबर्धन शाखा, महिला बालवालिका शाखा, सामाजिक सुरक्षा तथा पंजिकरण शाखा, सुचना प्रविधि शाखा र रोजगार सेवाकेन्द्र रहेका। ७ वटा वडा कार्यालयहरु ४ वटा स्वास्थ्य चौकी ३ वटा आधारभुत स्वास्थ्य केन्द्र , ३ वटा सामुदायिक स्वास्थ्य ईकाईबाट र एक वटा आयूर्वेद सेवा केन्द्र बाट समेत दैनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरु सम्पादन गरिरहेको छ

५. पशुसेवा केन्द्र ७ वटा र कृषि सेवा केन्द्रहरु ७ वटा रहेका।

६.सात(७) वटा वडा कार्यालयहरु रहेका

७.१५ सैय्याको आधारभुत अस्पतालको निर्माण कार्य अन्तिममा पुगेको छ।

यसरी,एकातर्फ संघवाट प्राप्त मोडेल अनुसार पुर्ण रुपमा सङ्गठन संरचना निर्माण गर्न र सोही बमोजिम जनशक्ति व्यवस्थापन गर्न नसकिएको अवस्था छ भने अर्कातर्फ मौजुदा संगठन संरचना अनुसारको शाखागत स्पष्ट कार्यविवरण र पुर्णत: स्थायी जनशक्तिको व्यवस्था नभएको देखिन्छ । त्यसैले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम विस्तृत रुपमा ओ. एण्ड एम. सर्वे गरी स्थायी आकार तथा ढांचा कायम गरी स्पष्ट काम तोकी कार्यसम्पादन गर्न गराउन आवश्यक देखियो । यसका साथै कर्मचारी व्यवस्थापनका सम्बन्धमा संघीय संसदवाट यथा समयमै संघीय निजामती सेवा ऐन स्वीकृत हुन नसक्दा प्रदेशसभा तथा गाउँसभावाट समेत कर्मचारी व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा गरी लागु गर्न गराउनमा व्यवधान खडा भइरह्यो । यी सबै सीमा, अप्ठ्यारा र कठिनाईहरुको सामना गरी गाउँपालिकालाई संविधानले प्रत्याभुत गरेको राज्यशक्तिको प्रयोग (धारा ५६ र धारा ५७) र स्थानीयतहगत नागरिक अधिकारको प्रचलन गर्न गराउनका निम्ति एक मात्र अन्तिम उपाय भनेको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ र दफा ८३ बमोजिम गाउँपालिकाको विस्तृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु र सोका आधारमा संबैधानिक जिम्मेवारी (अनुसूची ८ र अनुसूची ९) र जनअपेक्षा बमोजिमको काम गर्न सक्ने सबल संरचना एवं संयन्त्र र सक्षम एवं योग्यस्थायी मानवसंशाधन प्राप्त गर्नु(Attaining Effective Mechanism & Competent Human Resource) हो । जसवाट मात्रै कालिमाटी गाउँपालिकाको संस्थागत संरचना सुदृढ(Institutionalized) भई जननिर्वाचित प्रतिनिधिहरुवाट निर्वाचनका दौरानमा जनतासमक्ष गरिएका प्रतिबद्धता एवं जनताका आशा, भरोसा र विश्वास हासिल गर्न गराउन सम्भव हुनेछ।

## २.३ गाउँपालिका कार्यालय र विषयगत समिति सम्बन्धी व्यवस्था:

कालिमाटी गाउँपालिकाको कार्यालय तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यसका विभिन्न विषयगत समितिहरुको अवस्था देहायबमोजिम रहेको छ, जसवाट यस गाउँपालिकाका लागि के कति क्षमताका संयन्त्र र ती संयन्त्रमा काम गर्ने जनशक्ति आवश्यक पर्दछ भनि अनुमान गर्न सकिन्छ।

### (क) गाउँपालिकाको कार्यालय -१ वटा:

गाउँको केन्द्र रामपुरमा गाउँपालिकाको कार्यालय भवन रहेको,जहांवाट गाउँवासीका लागि दैनिक सेवा प्रवाह र विकास निर्माणको कार्य सम्पादन हुने गरेको छ। हाल यसै स्थानवाट गाउँपालिकाले **शासकीय इकाइ, विकास इकाइ र सेवा इकाइ**को रुपमा कालिमाटीवासीका निमित्त कार्यसम्पादन गरिआएको छ।

### (ख) गाउँपालिकाका विषयगत समितिहरु -१२ वटा:

१.न्यायिक समिति,

२.स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति,
३.नीति, बजेट तथा कार्यक्रम तर्जुमा समिति,
४.राजश्व परामर्श समिति,
५.अनुगमन तथा मूल्यांकन समिति,
६.आर्थिक विकास समिति,
७.सामाजिक विकास समिति,
८.पुर्वाधार विकास समिति,
९.वन, वातावरण तथा विपद व्यवस्थापन समिति,
१०.मानव संशाधन तथा सुशासन समिति,
११.विधायन समिति,
१२.लेखा समिति ।

उल्लिखित समितिहरुमार्फत गाउँपालिकाले आफ्ना काम कारवाही तथा गतिविधिहरुलाई एउटा निश्चित पद्धति मार्फत जनस्तरसम्म पुर्याउन र जनताको सेवा गर्नमा सहजिकरण गरेको अवस्था छ । साथै यी समितिहरुमा गाउँपालिकाका कार्यहरुको उपयुक्त ढंगले समिक्षा गर्दै कार्यसम्पादनमा गर्नुपर्ने सुधारका उपायहरुको खोजी गरिन्छ । यी समितिहरुका अलावा कामको प्रकृति र आवश्यकतानुसार विभिन्न समयमा विभिन्न उपसमितिहरु गठन हुन सक्ने अवस्था रहन्छ ।

**(ख) गाउँपालिकाका वडा कार्यालयहरु -७ वटा (वडा नं १ देखि वडा नं ७ सम्म):**

गाउँपालिकाका विभिन्न एघार स्थानहरुमा रहेका ७ वटा वडा कार्यालयहरुवाट समेत दैनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरु सम्पादन भइरहेको छ । यी वडा कार्यालयहरुवाट वडास्तरीय रुपमा आम सर्बसाधारणको अत्यावश्यक सेवासुविधा तथा दैनिक जिवनसंग नजिकको सरोकार राख्ने सेवा प्रवाह हुने गर्दछ । स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्रत्येक वडामा वडा समिति हुने र त्यस्तो वडा समितले आफ्नो वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन,तथ्यांक अद्यावधिक, अभिलेख, संरक्षण र विकास निर्माणको कार्य गर्नुका साथै विभिन्न विषयमा सेवाग्राहीहरुको माग बमोजिम सिफारिस र प्रमाणित गर्ने कार्य समेत उक्त समितिको काम, कर्तव्य र अधिकार भित्र पर्न आउंदछ । यी वडा कार्यालय मध्येमा आफ्नै पक्की भवन नभएका २ वडा कार्यालयहरुको सेवाग्राहीमैत्री भवन निर्माण गरी सोवाट सेवा प्रवाह गर्नु आवश्यक छ। यसको अर्थ वडा कार्यालयहरुको संस्थागत संरचना सुदृढ गर्दै दैनिक सेवा प्रवाहका लागि आवश्यक संख्याका कर्मचारीहरु खटाइनुपर्ने देखिन्छ।

**(ग) स्वास्थ्य सेवा केन्द्रहरु:**

गाउँपालिकाका विभिन्न स्थानहरुमा गाउँपालिकाको कार्यालय मातहतमा ४ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्यकेन्द्र र ३ वटा सामुदायिक स्वास्थ्य ईकाई लगायतवाट स्वास्थ्य सेवा प्रदान गर्ने कार्य भइरहेको छ । ती स्वास्थ्य चौकी तथा स्वास्थ्य सेवाकेन्द्रहरुको विवरण यसप्रकार रहेको छ:

| क्र.स. | संस्था | ठेगाना |
|---|---|---|
| १ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | कालिमाटी २ सेतिखोला |
| २ | रामपुर स्वास्थ्य चौकी | कालिमाटी ३ रामपुर |
| ३ | आधारभूत स्वास्थ्यकेन्द्र | कालिमाटी ४ पिपले |
| ४ | काल्चे स्वास्थ्य चौकी | कालिमाटी ५ काल्चे |
| ५ | काप्रेचौर स्वास्थ्य चौकी | कालिमाटी ७ काप्रेचौर |

| | | |
|---|---|---|
| ६ | लक्ष्मीपुर स्वास्थ्य चौकी | कालिमाटी १ लक्ष्मीपुर |
| ७ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | कालिमाटी ६ छरछहरे |
| ८ | सामुदायिक सास्थ्य ईकाई | वडा नं १ टोट्के |
| ९ | सामुदायिक सास्थ्य ईकाई | वडा नं ३ जुगेना |
| १० | सामुदायिक सास्थ्य ईकाई | वडा नं ५ दमदुवाली |

**(घ) कृषि तथा पशुसेवा सेवा केन्द्रहरु**: १ वटा कृषि सेवाकेन्द्र र २ वटा पशुसेवा केन्द्र यसप्रकार रहेका:

| क्र स | वडा | सेवा केन्द्र | ठेगाना |
|---|---|---|---|
| १ | वडा नं. १ | लक्ष्मीपुर कृषि तथा पशु सेवा केन्द्र | लक्ष्मीपुर |
| २ | वडा नं. ३ | रामपुर कृषि तथा पशु सेवा केन्द्र | रामपुर |
| ३ | वडा नं. ५ | काल्चे कृषि तथा पशु सेवा केन्द्र | वालुवा |
| ४ | वडा नं. ७ | काप्रेचौर कृषि तथा पशु सेवा केन्द्र | ऱ्याङ |
| ५ | वडा नं. २ | सेतिखोला कृषि तथा पशु सेवा केन्द्र | सेतिखोला |
| ६ | वडा नं. ४ | घुरचौर कृषि तथा पशु सेवा केन्द्र | घुरचौर |
| ७ | वडा नं. ६ | छरछरे कृषि तथा पशु सेवा केन्द्र | छरछरे |

## २.४. विद्यमान जनशक्ति तथा दरबन्दीको अवस्था:

यस गाउँपालिकामा गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष सहित १९ तथा वडा कार्यालय तर्फ १८ जना गरि कुल ३७ जनाको दरबन्दि रहेको छ। गाउँपालिकाका सबै निर्वाचित पदाधिकारीहरुको कुल संख्या ४७ जनाको छ। जसमा जननिर्वाचित अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षहरु, वडा सदस्यहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यमा पनि खुल्ला सदस्य, महिला सदस्य, दलित सदस्य गरी समावेशी प्रतिनिधित्व रहेको छ।

यसवारेमा अर्को पक्ष के छ भने स्थानीय तहका कर्मचारीहरुको सेवा शर्तका विषय र छनौट तथा नियुक्ति लगायतका विषयमा प्रदेश लोकसेवा आयोगको प्रत्यक्ष भुमिका रहेको छ । प्रदेश लोकसेवा आयोगको गठन,काम, कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने संबैधानिक प्राबधान रहेको छ। गाउँपालिकाका लागि आवश्यक पर्ने कर्मचारी प्रदेश लोकसेवा आयोगवाट नियमित रुपमा छनौट गरी सिफारिश गर्ने पद्धति बसेपछि मात्रै स्थानीय तह (गाउँपालिका)का लागि जनशक्तिको आपुर्ति र खटनपटनमा थप सहजता आउनेनैछ।

यसरी गाउँपालिकामा रहेको जनशक्तितर्फ हेर्दा यस गाउँपालिकामा जननिर्वाचित पदाधिकारीहरु(निर्वाचित जनशक्ति)को विवरण देहायबमोजिम रहेको छ:

१.गाउँपालिका अध्यक्ष १ जना,

२.गाउँपालिका उपाध्यक्ष १ जना,

३.वडा अध्यक्षहरु ७ जना,

४.कार्यपालिका सदस्यहरु ५ जना,

५.गाउँपालिकाका निर्वाचित जम्मा पदाधिकारीहरु ३१ जना ।

त्यसैगरी कर्मचारीहरु (प्रशासनिक जनशक्ति)को विवरण निम्नानुसार रहेको छ:

१.गाउँपालिकाको कार्यालय, वडा कार्यालय , स्वास्थ्य संस्था र कृषि तथा पशु सेवा केन्द्रमा समेत गरि कार्यरत कर्मचारी संख्या ११८ जना ।(स्थायी ४७ र करार ७१ जना ) ।

[गाउँपालिकाका उल्लेखित कर्मचारीमध्येमा प्राविधिक शाखाका कर्मचारीहरुले पालिका र वडामा दुवैतिर काम गरिरहेका । त्यसैगरी करारका कर्मचारी मध्येमा ६ जना कर्मचारी भूमी आयोगका कर्मचारी रहेका]

यसप्रकारवाट, संबैधानिक हैसियतमा स्थानीय सरकारको रुपमा गाउँपालिका निर्माण भई पहिलो पांच वर्षे कार्यकाल सकिई दोस्रो पांच बर्षे कार्यावधीको दोस्रोबर्षसम्म पनि गाउँपालिकामा दिगो रुपमा स्थायी कर्मचारी आपुर्ति, खटनपटन र व्यवस्थापन हुन बांकी नै रहेको स्थिती छ । माथि मौजुदा संगठन संरचनामा रहेका शाखा उपशाखा तथा केन्द्रहरुमा काम गर्ने कर्मचारी तथा तिनीहरुको कार्यविवरण पुर्ण र स्पष्ट तोकिइसकेको अवस्था छैन । प्रत्येक संरचनामा काम गर्ने कर्मचारीको पदस्थापन पुर्णत मिलेको छैन भने अर्कोतर्फ करार सेवाका उल्लेख्य संख्याका कर्मचारीवाट पनि कार्यसम्पादन भइरहेको अवस्था छ । यसवाट स्वाभाविक रुपमा गाउँपालिकाले संविधानत: प्राप्त गरेको एकल कार्यजिम्मेवारी तथा साझा जिम्मेवारी सम्पादन गर्नका लागि आवश्यक संख्याका स्थायी एवं दक्ष कर्मचारीको अभावमा वितगका वर्षहरुदेखि नै ठूलो संख्याका करारका कर्मचारीवाट काम फत्ते गर्नुपरिहेको तितो यथार्थ छ । त्यसैगरी संघीय संसदवाट यथा समयमै संघीय निजामती सेवा ऐन पारित नहुंदा गाउँपालिकाको मुख्य प्रशासनिक अधिकारीको रुपमा गाउँपालिकामा काम गर्ने प्रमुख प्रशासकीय अधिकृत लगायतका कर्मचारी गाउँपालिकाको आफ्नै स्थानीय सेवाको हुने वा संघ सरकारकै कर्मचारी हुने वा प्रदेशको हुने वा अन्य व्यवस्था के हुने भन्ने अन्यौलले गर्दा गाउँपालिकाको संगठनात्मक काम कारबाही,जनशक्ति खटनपटन, पदसोपान, वृत्ति विकास, कर्मचारी उत्प्रेरणा, जनप्रतिनिधिसंगको सन्निकटता र अपनत्व लगायतका विषय तथा पक्षमा अनिश्चितता पैदा भई कार्यसम्पादनमा समेत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा नकरात्मक प्रभाव परेको अनुभुत भइरहेको देखिन्छ ।

यस गाउँपालिकाका लागि कर्मचारी दरबन्दी गाउँसभावाट स्वीकृत गरी लागु गर्नुभन्दा अगाडी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट गाउँपालिकाको लागि स्वीकृत दरबन्दी तेरिजलाई नै प्रयोगमा ल्याएको अवस्था हो ।

उक्त दरबन्दी विवरण निम्नानुसार रहेको थियो:

कालिमाटी गाउँपालिका,रामपुर,सल्यान
गाउँकार्यपालिकाको कार्यालयको (साविकको)दरबन्दी तेरिज

| क्र.स. | पद | तह | सेवा | समुह | स्वीकृत दरबन्दी | पद पूर्ति दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औ | प्रशासन | सा.प्र. | १ | | | |
| २ | इन्जिनियर | ७ औ | प्रशासन | सिभिल | १ | | | |
| ३ | अधिकृत | ७ औ | प्रशासन | शिक्षा | १ | | | |
| ४ | अधिकृत | ७ औ | प्रशासन | लेखा | १ | | | |
| ५ | अधिकृत | ७ औ | प्रशासन | प्रशासन | २ | | | |
| ६ | आन्तरिक लेखापरिक्षक | ५ औ | प्रशासन | आन्तरिक लेखा परिक्षण | १ | | | |
| ७ | सहायक | ५ औ | प्रशासन | प्रशासन | ४ | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | कम्प्युटर अपरेटर | ५ औ | विविध | | १ | | | |
| १० | लेखा सहायक | ५ औ | प्रशासन | लेखा | १ | | | |
| ११ | प्रा.स. | ५ औ | शिक्षा | शि.प्र. | १ | | | |
| १२ | हे.अ. | ५ औ | स्वास्थ्य | हे.ई. | १ | | | |
| १३ | सव-इन्जिनियर | ५ औ | इन्जि. | सिभिल | १ | | | |
| १४ | अ.सव- इन्जिनियर | चौथो | इन्जि. | सिभिल | १ | | | |
| १५ | स.महिला विकास निरिक्षक | चौथो | विविध | | १ | | | |
| १६ | खा.पा.स.टे | चौथो/पौचौ | इन्जि. | सिभिल | १ | | | |
| **कार्यालय तर्फ जम्मा** | | | | | १९ | | | |
| वडा कार्यालय (७ वटा) | | | | | | | | |
| १ | सहायक | ५ औ | प्रशासन | सा.प्र. | ३ | | | |
| २ | सव-इन्जिनियर | ५ औ | इन्जि. | सिभिल | ३ | | | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | ४ | | | |
| ४ | अ.सव- इन्जिनियर | चौथो | इन्जि. | सिभिल | ४ | | | |
| वडा कार्यालय तर्फ जम्मा | | | | | १४ | | | |
| कुल जम्मा | | | | | ३३ | | | |

**कालिमाटी गाउँपालिका सल्यान**

**गाउँकार्यपालिकाको कृषि तथा पशु सेवाको दरबन्दी तेरिज २०८१**

| क्र.स. | पद | तह | सेवा | समुह | स्वीकृत दरबन्दी | पद पूर्ति दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत | ७/८ औ | कृषि | भेट | १ | | | |
| २ | सहायक पाचौ | ५ औ | कृषि | भेट | १ | | | |
| ३ | सहायक पाचौ ला.प.डेडे | ५ औ | कृषि | भेट | २ | | | |
| ४ | सहायक चौथो ना.प्र.स्वा. | ४ औ | कृषि | भेट | २ | | | |
| ५ | सहायक चौथो ला.प.डेडे | ४ औ | कृषि | भेट | २ | | | |
| कुल जम्मा | | | | | ८ | | | |
| कृषि शाखा | | | | | | | | |
| ६ | अधिकृत | ७/ ८ औ | नेपाल कृषि | | १ | | | |
| ७ | सहायक पाचौ | ५ औ | नेपाल कृषि | | २ | | | |
| ८ | सहायक चौथो | ४ औ | नेपाल कृषि | | १ | | | |
| कुल जम्मा | | | | | ४ | | | |

***उक्त दरबन्दीको कार्यान्वयन गर्दा ख्याल राख्नुपर्ने केही विषयहरु यसप्रकार छन्:***

१.कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत सङ्गठन संरचना अनुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणवाट रिक्त भएमा सो पद स्वत: खारेज हुनेछ ।

२.सङ्गठन संरचनाभित्र नपरेका सरसफाई, दमकल संचालन, एम्बुलेन्स संचालन, गाउँप्रहरी जस्ता म्यादी कर्मचारीलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणवाट रिक्त भएमा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार कामकाज लगाउनु पर्नेछ ।

३.स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे.चौथो र पांचौ कर्मचारीहरुलाई निजहरुको शैक्षिक योग्यता समेतको आधारमा सब.ई.,अ.स.ई. वा प्रा.स.को पदमा कामकाज लगाउन सकिनेछ।

४.यस दरबन्दी बाहेक गाउँपालिकाका स्थायी कर्मचारीहरुले गाउँपालिकाले लगाए बमोजिमको काम गर्नुपर्नेछ।

## मौजुदा कार्यरत जनशक्ति विवरणको अवस्था:

कालिमाटीगाउँपालिका,रामपुर,सल्यानको प्रशासन शाखा र स्वास्थ्य शाखावाट प्राप्त विवरणका आधारमा वर्तमानमा कार्यरत कर्मचारीको विवरण निम्नानुसार रहेको देखिन्छ:

### कालिमाटी गाउँपालिकामा कार्यरत मौजुदा कर्मचारी विवरण

| क्र.स | पद | संख्या | सेवाको प्रकृति |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ | स्थायी |
| २ | शाखा अधिकृत | २ | स्थायी |
| ३ | इन्जिनियर | ० | स्थायी |
| ४ | पशु विकास अधिकृत/पशु विकास अधिकृत (प्रथम) | १ | स्थायी |
| ५ | शिक्षा अधिकृत | १ | स्थायी |
| ६ | कृषि अधिकृत | १ | स्थायी |
| ७ | लेखा अधिकृत | १ | स्थायी |
| ८ | सव इन्जिनियर | ३ | स्थायी |
| ९ | सि.हे.अ. | १ | स्थायी |
| १० | प्रा स शिक्षा पाँचौ | १ | स्थायी |
| ११ | आ ले प सहायक पाँचौ | १ | स्थायी |
| १२ | कम्प्युटर अपरेटर पाँचौ | १ | स्थायी |
| १३ | सहायक महिला सहायक निरिक्षण | १ | स्थायी |
| १४ | असिस्टेन्ट सब ईन्जिनयिर | ३ | स्थायी |
| १५ | प्रशासन सहायक पाँचौ | ० | स्थायी |
| १६ | प्रशासन सहायक चौथौ | ५ | स्थायी |
| १७ | प.से.प्रा पाचौं | १ | स्थायी |
| १८ | प्रा.स कृषि पाचौं | १ | स्थायी |
| १९ | प.स्वा.प्रा पाँचौ | १ | स्थायी |
| २० | प.स्वा.प्रा चौथो | १ | स्थायी |
| २१ | खा पा.स टे चौथो | १ | स्थायी |
| २२ | ना प्रा.स चौथो | १ | स्थायी |
| २३ | का स | ४ | स्थायी |

**करार तर्फ**

| क्र.स | पद | कार्यरत कार्यलय | सेवाको प्रकृति |
| --- | --- | --- | --- |
| १ | **सुचना प्रविधि अधिकृत** | १ | **करार** |
| २ | **इन्जिनियर** | १ | **करार** |
| ३ | अ.स.ई. | २ | **करार** |
| ४ | एम आई यस अपरेटर | १ | **करार** |
| ५ | **फिल्ड सहायक** | २ | **करार** |
| ६ | **उद्यम विकास सहजकर्ता** | १ | **करार** |
| ७ | बरिष्ठ **उद्यम विकास सहजकर्ता** | १ | **करार** |
| ८ | कृषि प्राविधिक चौथो | २ | **करार** |
| ९ | कृषि प्राविधिक पाचौं | १ | **करार** |
| १० | पशु प्राविधिक चौथो | ४ | **करार** |
| ११ | पशु स्वास्थ्य प्राविधिक | २ | **करार** |
| १२ | **पोषण** सहजकर्ता | १ | **करार** |
| १३ | **सहायक कम्प्युटर अपरेटर** | १ | **करार** |
| १४ | **सामाजिक परिचालक** | २ | **करार** |
| १५ | अ हे व | १ | **करार** |
| १६ | का.**स** | १७ | **करार** |
| १७ | चौकिदार | २ | **करार** |
| १८ | हलुका सवारी चालक | ३ | **करार** |
| १९ | हेवि सवारि चालक | १ | **करार** |

यस प्रकार कालिमाटी गाउँपालिकाको वर्तमान जनशक्ति विवरणतर्फको विभिन्न पदको दरबन्दी संख्या रहाल कार्यरत कुल कर्मचारी संख्यावाट पनि के देखिन्छ भने विस्तृत **ओ. एण्ड एम. सर्वेक्षण** प्रतिवेदनको अभावमा गाउँपालिकामा कर्मचारीको दरबन्दी, खटाइएका कर्मचारीको संख्या, करारका कर्मचारीको संख्या, पद, श्रेणी, शाखा, विषय, क्षेत्र लगायतमा उपयुक्त तालमेल नमिलेको अवस्था देखिन्छ । **हाल गाउँपालिकाको कार्यालय र अन्तरगतको कूल कार्यरत कर्मचारी संख्या ११८** रहेको छ । त्यसैगरी अर्को विचारणीय पक्ष भनेको के भने यी मौजुदा संगठन संरचनामा उल्लेख गरिएका शाखा, उपशाखा,इकाइ, सेवा केन्द्र तथा मौजुदा कर्मचारी दरबन्दी तेरिजमा उल्लेख गरिएको दरबन्दी बमोजिम कर्मचारीको खटन पटन भएको देखिदैंन अर्थात निचोडमा संगठन संरचना, कर्मचारी दरबन्दी तेरिज, वास्तविक शाखा उपशाखा र वास्तविक कर्मचारी व्यवस्थापन विच तालमेल मिलेको देखिदैंन । यसो हुनाको मुख्य कारण विस्तृत संगठन तथा

व्यवस्थापन सर्वेक्षण भइ स्थायी संरचनामा स्थायी दरबन्दी बमोजिमको स्थायी कर्मचारी आपुर्ति हुन नसक्नु नै हो ।सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन **(Organization & Management Study Report)** तयार भई गाउँपालिकाको स्थायी सङ्गठन संरचना र दरबन्दी स्वीकृत भइ लोकसेवा आयोगवाट स्थायी जनशक्ति आपुर्ति नभएसम्मका लागि कर्मचारी प्रशासन संचालन गर्नका लागि गाउँसभाको निर्णय बमोजिम गाउँपालिकाका लागि मुख्यत: करार सेवामा आवश्यक कर्मचारी भर्ना गरी सेवा प्रदान गर्ने कार्य हुंदै आएको अवस्था देखिन्छ ।

## २.५. विद्यमान संरचना र दरबन्दी सम्बन्धमा देखिएका समस्याहरू:

संविधानले स्थानीय सरकारलाई प्रदान गरेको संबैधानिक कार्यजिम्मेवारी सम्पादन गर्नका लागि यस गाउँपालिकाको मौजुदा सङ्गठन संरचना (विषयगत शाखाहरु, उपशाखाहरु,इकाइहरु,वडाहरु रस्वास्थ्य चौकी तथा स्वास्थ्य सेवाकेन्द्रहरु) तथा कर्मचारी दरबन्दी कतै कमि भएको,कतै तालमेल नमिलेको, कतै अपर्याप्त रहेको देखियो र यस संरचनावाट गाउँपालिकालाई आफुलाई प्राप्त कार्यजिम्मेवारी पुरा गर्नका लागि कठिनाई भएको देखियो । यसवाट एकातिर जननिर्वाचित प्रतिनिधी(पदाधिकारी)हरुले काम गर्ने दृढ चाहना र इच्छाशक्तिका बावजुद पनि अपेक्षित कार्यसम्पादन गर्न गराउनमा बाधा व्यवधान खडा भएको देखियो भने अर्कोतिर स्थानीय सरकारसंग जनताले गरेका आशा र अपेक्षा पुरा गर्न गराउनमा समेत समस्या रहेको पाइयो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संविधान बमोजिम तिनै तहका सरकारमा कर्मचारी समायोजनको काम सम्पन्न भएकोभनि २०७५ साल चैत्र महिनामै उल्लेख गरेको थियो । तीनै तहमा कर्मचारी समायोजनपछि पनि जुन जुन तहमा थप कर्मचारी आवश्यक पर्दछ सोही तहले कानुन बमोजिम आफुलाई आवश्यक पर्ने कर्मचारी व्यवस्थापन गर्नुपर्ने भनि सुसुचित गरेको थियो । संविधानको धारा ३०२ को उपधारा (२) मा संविधान प्रारम्भ हुंदाका बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । यही व्यवस्था अनुसार कर्मचारी समायोजन ऐन, २०७५ जारी गरी संघ, प्रदेश र स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने सङ्गठन संरचना तथा कर्मचारी दरबन्दीको नमूना स्वीकृत गरी कर्मचारी समायोजन गरिएको थियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तथ्यांक अनुसार तीनै तहका लागि करिब १ लाख ३९ हजार कर्मचारीको दरबन्दी स्वीकृत गरिएकोमा संघका लागि ३५ प्रतिशत, प्रदेशका लाग १६ प्रतिशत र स्थानीय तहका लागि ४९ प्रतिशत कर्मचारी आवश्यक पर्ने अनुमान गरिएको थियो त्यतिवेला । तर तत्काल उपलब्ध कर्मचारीको संख्या करिब १ लाखको हाराहारीमा थियो । यी उपलब्ध कर्मचारीमध्ये त्यतिवेला संघमा ४१ प्रतिशत, प्रदेशमा १४ प्रतिशत र स्थानीय तहमा ४५ प्रतिशत कर्मचारी रहने गरी समायोजन गरिएको थियो । संविधानको अनुसूची अनुसार स्थानीय तह र प्रदेश तहमा गरी आधाभन्दा बढी कामको भार, बोझ र चाप तल गएपनि अझै पनि संघमा अनावश्यक रुपमा धैरै सङ्गठनसंरचनाहरु र दरबन्दी थुप्रिएका देखिन्छन एकातिर भने अर्कोतिर स्थानीय तहमा कर्मचारीको अभावमा संविधान र कानुनले तोकेको जिम्मेवारी पुर्ण क्षमतामा सम्पादन गर्न कठिनाई भइरहेको प्रत्यक्ष देखिन्छ । त्यस समयमा संघमा करिब ४९ हजार कर्मचारीको दरबन्दी सृजना गरेर करिब ४० हजार जति पदस्थापन गरिएको देखिन्छ । स्थानीय तहमा करिब ६८ हजार कर्मचारीको आवश्यकता पर्ने शुरुवाती आंकलन गरिएको भएपनि करिब ४५ हजार मात्रै कर्मचारी समायोजन गरीएको र तहां आवश्यकता भन्दा करिब २४ हजार कर्मचारी न्युन रहेको देखिन्छ । त्यसरी नै प्रदेश तहमा पनि करिब ९ हजार कर्मचारी न्युन समायोजन भयो । प्रदेश र स्थानीय तहमा न्युन र अपुग कर्मचारी ती तह आफैंले कानुन बमोजिम परिपूर्ति गर्ने भन्ने सन्देश संघवाट दिइयो त्यतिवेला । तर प्रदेश र स्थानीय तहमा उनीहरुलाई आवश्यक कर्मचारी आपूर्ति गर्ने कानुनी मार्ग भने अबरुद्ध भइनैरह्यो र कर्मचारी प्राप्त गरी सेवा प्रवाहलाई सुचारु गर्ने मार्गहरु कतैवाट नखुल्दा अधिकांश स्थानीय तहले करार सेवामा कर्मचारी भर्ना गरी कामचलाउनुपर्ने बाध्यता

आइलाग्यो । कर्मचारीहरुको योग्यता, नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, वृति अवसर, उमेर हद, अवकाश आदि विषयमा प्रत्यक्ष र गम्भिर अर्थ राख्ने संघीय निजामती सेवा ऐन प्रतिनिधिसभाको अघिल्लो पांच वर्षे कार्यकालमा पनि जारी हुन सकेन र संसदको दोस्रो कार्यकालको पनि दोस्रो बर्ष जान लागिसक्यो अझै पनि समस्याको स्पष्ट निकास निस्केको देखिदैंन । जबकि प्रदेश तथा स्थानीय तहले कर्मचारी सम्बन्धी ऐन निर्माण गर्दा संघीय निजामती सेवा ऐनलाई मुख्य मार्गदर्शन मानेर आफुलाई आवश्यक ऐन तर्जुमा गर्नुपर्ने हुन्छ । यसरी संघीय संसदले समयमै कर्मचारी सम्बन्धी ऐन स्वीकृत नगरिदिंदा प्रदेश र स्थानीय तहका कर्मचारी सम्बन्धी ऐन समेत बन्न सकेनन् र यसवाट कर्मचारीको खटनपटन मात्र प्रभावित नभै संविधानले प्रदेश र स्थानीय तहलाई दिएको संबैधानिक कार्यजिम्मेवारी अनुसार जनतालाई सेवा सुविधा प्रदान गर्न र विकास निर्माणका काम पुर्ण क्षमतामा सम्पादन गर्न बाधा ब्यवधान खडा भयो । केहि समयको कुराइपश्चात प्रदेश तथा स्थानीय तहवाट केहि ऐन तर्जुमा गरिएपनि ती ऐनले संघीय ऐनसंग तादात्म्यता मिलाउन नपाउंदा समस्या अहिले पनि बल्झिएकै अवस्थामा रहेको देखिन्छ । उदाहरणका लागि स्थानीय तहकै सम्बन्धमा पनि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ अनुसार स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुनेछ भन्ने उल्लेख गरिएको छ । त्यसैगरी प्रदेश लोकसेवा आयोगहरुले भर्खरभर्खर कर्मचारी छनौटको कार्य गर्न शुरु गरेपनि स्थानीय तहले कर्मचारी सम्बन्धमा भोगीरहेको समस्याको गांठो फुकिसकेको भने देखिंदैन ।

यस गाउँपालिकाको अर्को पक्ष भनेको,कामको प्रकृति र कार्यवोझ अनुसारको कसैलाई काम कम र कसैलाई बढी भएको अर्थात आवश्यक जनशक्तिको न्युन उपस्थितिमा विद्यमान कर्मचारीलाई कार्यवोझ र कार्यचाप बढी पर्न गएकोतथा कर्मचारीको अव्यवस्थापनको कारण सेवाग्राहीलाई समयमै सरल र सहज ढंगवाट सेवा प्रवाह गर्न केहि हदसम्म प्रभावित भएको समेत देखिन आयो । त्यसैगरी संविधानको अनुसूची-८ ले स्थानीय सरकारलाई आफैले एकल रुपमा जनतालाई सेवासुविधा प्रदान गर्न गराउन र विकास निर्माण गर्न गराउन भनि काम, कर्तव्य र अधिकार प्रत्याभुत गरेकोमा जनशक्ति र सङ्गठनको न्युनता र तालमेल नमिलेका कारण गाउँपालिकालाई आफ्नो काम र कर्तव्यपरायणता देखाउनका लागि सशक्त एवं सक्षम सङ्गठन र पर्याप्त एवं आवश्यक संख्यामा दक्ष र स्थायी जनशक्तिको आवश्यकता देखियो ।जसका लागि गाउँपालिकाको विस्तृतसङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम गाउँपालिकालाई आवश्यक संयन्त्र र मानव संशाधन प्राप्त गर्नुपर्ने देखियो । अर्को भाषामा भन्नुपर्दा,गाउँपालिकामा आवश्यक सङ्गठन संरचना पुनरावलोकन र जनशक्तिको व्यवस्थापन गरी संविधान र ऐनले दिएको जिम्मेवारी अनुरुपको कार्य गर्नुपर्ने देखियो । संविधान बमोजिम गाउँपालिका स्थापना भइ संचालनमा आएको लामो समय व्यतित हुंदा सम्म पनि विस्तृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन **(Detailed O&M Survey Report)** स्वीकृत गरी गाउँपालिकाका लागि दिगो रुपमा उत्प्रेरित भइ काम गर्नसक्ने कर्मचारी स्थायी रुपमा भर्ना गर्न असमर्थ हुनु कदापी उपयुक्त देखिदैंन । यसले गर्दा बर्षैपिच्छे गाउँसभाले अस्थायी रुपमा कर्मचारी दरबन्दी स्वीकृती गरिरहनुपर्ने र हरेक पटक सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (Organization & Management Study Report) स्वीकृत नभए सम्मका लागि भनेर अस्थायी रुपमा दरबन्दी तोकीदिने जस्तो कार्यले गाउँपालिकाले दिगो र भरपर्दो रुपमा नागरिक सेवा प्रदान गर्न कठिनाई हुन्छ । विस्तृत ओ एण्ड एम सर्भे मार्फत गाउँपालिकाको क्षमता अभिबृद्धि गर्न र सेवाप्रवाहमा गुणस्तरीयता कायम गर्न गाउँकार्यपालिकाको कार्यालयका साथै वडा कार्यालयहरुमा समेत आफनै आधुनिक सुविधा सम्पन्न भवन सहितका भौतिक संरचनाहरु निर्माण गर्नुपर्ने, सोका लागि बजेट व्यवस्थापन गर्नुपर्ने, आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्ने, दक्ष, योग्य,स्थायी कर्मचारी भर्ना गर्नुपर्ने र कर्मचारीलाई उपयुक्त तलब भत्ता, सुविधा तथा प्रशिक्षणवाट कामप्रति उत्प्रेरित गरी गाउँपालिकावाट प्रदान गरिने सेवामा गुणस्तरीयता अभिवृद्धि गर्नुपर्ने हुन्छ ।

संविधान बमोजिमको कार्यसम्पादनका निमित्त आवश्यक संख्यामा कर्मचारीहरु हुनुपर्ने र ती कर्मचारीहरु प्रदेश लोकसेवा आयोगबाट स्वीकृत सिद्धान्त र तरिका अपनाई तोकिए बमोजिम खुल्ला प्रतियोगिताद्धारा नियुक्ति गर्नुपर्ने हुन्छ । यस गाउँपालिकामा हाल सम्म प्रमुख प्रशासकीय अधिकृत सहित (स्थायी, काज, करार, समायोजित समेत गरी) कुल जम्मा ११८ को संख्यामा(स्वास्थ्य तर्फका समेत गरी) विभिन्न पदका कर्मचारीहरु कार्यरत रहेका छन् । हरेक वर्ष पटके रुपमा एक वर्षका लागि कर्मचारी दरबन्दी सृजना भइ सोही बमोजिम अस्थायी रुपमा जनशक्ति आपुर्ति भइरहेको विद्यमान अवस्था छ । उल्लेख्य संख्याका कर्मचारीहरु करारमा नियुक्ति गरी कार्य संचालन गरि आएको अवस्था छ । विस्तृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण नभएकोले स्थायी कर्मचारी नियुक्त हुन नसकेको हो । यसले गर्दा गाउँपालिकाले राखेको मुल उद्देश्य बमोजिमको सेवा प्रवाहमा प्रत्यक्ष रुपमा असर परेको देखियो । सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको स्वीकृती पश्चात गाउँपालिकाको सङ्गठन संरचनामा आवश्यक पर्ने जनशक्ति प्रदेश लोकसेवा आयोगको स्वीकृत सिद्धान्त र तरिका बमोजिम स्थायी कर्मचारी नियुक्त गरी सेवा प्रवाहलाई दिगो रुपमा प्रभावकारी बनाउनुपर्ने देखियो ।

निचोडमा भन्नुपर्दा, यस गाउँपालिकाको स्थायी सङ्गठन संरचना एवं दरबन्दी तेरिज स्वीकृत हुन नसकी गाउँपालिकामा काम गर्ने अधिकांश कर्मचारी करार सेवामा बर्षेनी लिइ उनीहरुवाटै सेवा प्रवाह गर्नुपर्ने बाध्यता भइरहनु यस सम्बन्धमा देखिएको मुख्य समस्या हो । यसर्थ, विद्यमान सङ्गठन संरचना र दरबन्दीलाई समय सापेक्ष बनाई यस गाउँपालिकाको स्तरोन्नती गर्ने, स्थायी सङ्गठन संरचनाहरु निर्माण गर्ने, स्थायी जनशक्ति आपूर्ति गर्ने, कर्मचारीहरुको कार्यविवरण बनाई लागु गर्ने, कर्मचारीको जिम्मेवारी र अधिकार किटानी गर्ने, गाउँपालिकाको लागि कुन कुन सेवा, समुह, पद र श्रेणीका के कति कर्मचारी आवश्यक पर्दछन् भन्नेसमेत टुंगो लगाउने विषय पनि यसै प्रतिवेदनमा सिफारिस गरिएको र सिफारिश गरिए बमोजिम कार्यान्वयनमा आउने अपेक्षा गरिएको छ ।

# परिच्छेद ३: कार्य विश्लेषण

## ३.१. कार्यक्रमको विश्लेषण:

गाउँ कार्यपालिकाको कार्यालयको कार्यक्रमको विश्लेषण गर्नु अगाडी संविधान बमोजिम यसका संबैधानिक कार्यजिम्मेवारी, मुख्य मुख्य काम, कर्तव्य, अधिकार र उद्देश्य बारेमा अध्ययन मनन तथा विचार गर्नुपर्ने हुन्छ, जुन यसप्रकार रहेको छ:

- संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना स्थानीय तह सहितको तीन तहको (Three Tiers of Structure) हुने।
- स्थानीय तहले नेपालको राज्यशक्तिको प्रयोग संविधान र कानुन बमोजिम गर्ने अर्थात गाउँपालिकाले समेत राज्यशक्तिको प्रयोग गर्न पाउने ।
- स्थानीय तह अन्तर्गत गाउंपालिका, गाउँपालिका र जिल्ला सभा रहने ।
- गाउँपालिका समेतले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गीण विकास, बहुदलिय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीयसंसदीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानुनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधत्व र पहिचानको संरक्षण गर्ने ।
- गाउँपालिकाको अधिकार अनुसूची-८ मा उल्लिखित बिषयमा निहित रहने। त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभाले बनाएको कानुन बमोजिम हुने ।
- गाउँपालिका समेतको साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा निहित रहने। गाउँपालिकाले त्यस्तो अधिकारको प्रयोग संविधान र संघीय कानुन, प्रदेश कानुन र गाउँसभाले बनाएको कानुन बमोजिम गर्ने ।
- गाउँसभाले कानुन बनाउंदा संघीय कानुन र प्रदेश कानुनसंग नबाझिने गरी बनाउनुपर्ने ।
- गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, आफ्नो बार्षिक बजेट आफैं बनाउने, सो सम्बन्धी कुनै पनि निर्णय गर्ने, बार्षिक एवं आवधिक नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन आफैं गर्ने ।
- गाउँपालिकाले प्राकृतिक स्रोतको प्रयोग वा विकासवाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने। त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रुपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानुन बमोजिम वितरण गर्नुपर्ने ।
- गाउँपालिकाले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानुन बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनुपर्ने ।
- गाउँपालिकाले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरुवाट राजश्व उठाउन सक्ने ।
- गाउँपालिकाको कार्यकारिणी अधिकार (Executive Authority) संविधान र संघीय कानुनको अधिनमा रही गाउँकार्यपालिका (Rural Municipal Executive) मा निहित रहने ।
- संविधान र अन्य कानुनको अधिनमा रही गाउँपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने अभिभारा गाउँकार्यपालिकाको हुने।
- गाउँकार्यपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण स्थानीय कानुन बमोजिम हुने।
- प्रत्येक गाउँपालिकामा एक जना गाउँ कार्यपालिका अध्यक्ष (Mayor/Chief of Rural Municipality) रहने । निजको अध्यक्षतामा गाउँ कार्यपालिका (Local Government / Rural Municipal Government) गठन हुने।
- गाउँ कार्यपालिकामा गाउँपालिका अध्यक्षका साथै एक जना उपाध्यक्ष, प्रत्येक वडावाट निर्वाचित वडा अध्यक्ष र महिला, दलित तथा अल्पसंख्यक गरी आठ जना निर्वाचित सदस्य रहने।
- अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पदावधि निर्वाचित भएको मितिले पांच बर्षको हुने।

- कानुन बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिकाले उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय एक न्यायीक समिति गठन गर्ने। त्यस्तो न्यायीक समितिमा गाउँसभाबाट आफुमध्येवाट निर्वाचित दुइजना सदस्य रहने।
- गाउँ कार्यपालिकाको कार्यविभाजन र कार्य सम्पादन गाउँ कार्यपालिकावाट स्वीकृत नियमावली बमोजिम हुने।
- स्थानीय तहको व्यवस्थापकीय अधिकार (Legislative Authority)गाउँपालिकाको हकमागाउँ सभामा निहित रहने, अर्थात, गाउँपालिकामा स्थानीय व्यवस्थापिका (Local Level Parliament) को रुपमा काम गर्ने एक गाउँ सभा रहने।
- गाउँसभामा गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडावाट चारजना सदस्य र दलित वा अल्पसंख्यकवाट गाउँसभाले निर्वाचित गरेका तीन जना सदस्य समेत कार्यपालिका सदस्य हुने।
- गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्षले क्रमश: गाउँ सभाको पदेन अध्यक्ष र अध्यक्ष भई कार्यसम्पादन गर्ने।
- गाउँ सभाको कार्यकाल निर्वाचित भएको मितिले पांच वर्षको हुने।
- गाउँ सभाले अनुसूची-८ र अनुसूची-९ बमोजिमको अधिकारको सुचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्ने ।
- गाउँ सभाको संचालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँसभाका सदस्यले पाउने सुविधा, गाउँपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुने ।
- गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूंजी तथा श्रम बजारर छिमेकी प्रदेश वा छिमेकी स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी कानुन बनाई कर लगाउन सक्ने ।
- गाउँपालिकामा एक स्थानीय संचित कोष (Local Consolidated Fund) रहने । त्यस्तो कोषमा गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, अनुदान, ऋण र अन्य स्रोतवाट प्राप्त हुने रकम जम्मा हुने । गाउँ सभाले बनाएको कानुन बमोजिम उक्त कोषवाट खर्च गर्न सकिने ।
- संविधानको अधिनमा रही गाउँ कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुन बमोजिम गाउँ सभामा पेश गरी पारित गराउनुपर्ने ।
- गाउँ कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भएमा संघीय कानुन र प्रदेश कानुन बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नुपर्ने ।
- नेपाल सरकारले संविधान र संघीय कानुन बमोजिम गाउँ कार्यपालिकालाई आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालन गर्नु गाउँ कार्यपालिकाको कर्तव्य हुने ।
- संविधान बमोजिम गाउँपालिकाको एकल अधिकार अनुसूची-८ बमोजिमको हुने ।
- देहाय बमोजिम २२ वटा बुंदाका विभिन्न विषयहरुमा गाउँपालिकाको एकल अधिकारको सूची रहेको:

  १. गाउँ प्रहरी

  २. सहकारी संस्था

  ३. एफ. एम. संचालन

  ४. स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर) सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भुमिकर (मालपोत), दण्ड जरिवाना, मनोरन्जन कर, मालपोत संकलन

  ५. स्थानीय सेवाको व्यवस्थापन

  ६. स्थानीय तथ्यांक र अभिलेख संकलन

७. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु

८. आधारभूत र माध्यमिक शिक्षा

९. आधारभूत स्वास्थ्य र सरसफाइ

१०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ

१२. गाउं सभा, गाउँ सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

१३. स्थानीय अभिलेख व्यवस्थापन

१४. घर जग्गा धनी पुर्जा वितरण

१५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

१६. जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन

१७. बेरोजगारको तथ्यांक संकलन

१८. कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण

१९. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा

२०. विपद व्यवस्थापन

२१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

२२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास ।

- त्यसैगरी विभिन्न १५ वटा विषयमा गाउँपालिका समेत तीनै तहको साझा अधिकारको सूची अनुसूची-९ बमोजिम निम्नानुसार रहेको:

  १. सहकारी

  २. शिक्षा खेलकुद र पत्रपत्रिका

  ३. स्वास्थ्य

  ४. कृषि

  ५. विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरु

  ६. सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

  ७. वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता

  ८. खानी तथा खनिज

  ९. विपद व्यवस्थापन

  १०. सामाजिक सुरक्षा र गरीबी निवारण

  ११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक

  १२. पुरातत्व, प्राचिन स्मारक र संग्राहलय

  १३. सुकुम्वासी व्यवस्थापन

  १४. प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी

  १५. सवारी साधन अनुमति ।

त्यसरी नै स्थानीय सरकार संचालन ऐन,२०७४ मा संविधानमा उल्लेखित एकल र साझा अधिकारसूचीको विस्तृत रुपमा गाउँपालिकाले गर्नुपर्ने काम, कर्तव्य र अधिकारहरु उल्लेख गरीएको छ । जसमा सूचीमा उल्लेखित विषयहरुका

सम्बन्धमा विषयवस्तुको आवश्यकतानुसार नीति तर्जुमा गर्ने, योजना बनाउने, कानुन बनाउने, मापदण्ड निर्धारण गर्ने, संयन्त्र निर्माण गर्ने, संचालन गर्ने, व्यवस्थापन गर्ने, कार्यान्वयन गर्ने, नियमन गर्ने, अनुगमन गर्ने, निरीक्षण तथा सुपरिवेक्षण गर्ने, मुल्याकन गर्ने, संरक्षण तथा रेखदेख गर्ने, रोकथाम र नियन्त्रण गर्ने, निर्णय गर्ने, निर्णयको कार्यान्वयन गर्ने, सहजीकरण समन्वय र सहकार्य गर्ने, अध्ययन अनुसन्धान गर्ने, मर्मत संभार प्रबर्धन विकास विस्तार आदि कार्य गाउँपालिकाले गर्न सक्ने र सम्पादन गर्नुपर्ने हुन्छ ।

माथि उल्लेखित समग्र जिम्मेवारी तथा काम कारवाही गर्न गराउनका लागि गाउँपालिकाको संस्थागत, संरचनागत, संयन्त्र एवं साङ्गठनिक ढांचा र सो संयन्त्र तथा ढांचामा रही कार्यरुपमा परिणत गर्न आवश्यक मानवस्रोतको पहिचान तथा व्यवस्थापन यस गाउँपालिकाका लागि अति आवश्यक देखिन आयो । गाउँपालिकामा दिनप्रतिदिन बढ्दै गइरहेको सेवाग्राहीको चापलाई धान्न तथा जनताका सानातिना कार्यहरुलाई गाउँपालिकासम्म धाउन पर्ने अवस्थाको अन्त्य गर्दै प्रत्येक वडा कार्यालय,स्वास्थ्य चौकि तथा स्वास्थ्य सेवा केन्द्रहरु मार्फत सेवा प्रदान गर्नको लागि समेत यो गाउँपालिका, यसका नौ वटा वडा कार्यालयहरु,स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्रको सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी तेरिजलाई कार्यबोझ तथा कार्यचापको विश्लेषण गरी उक्त कार्यबोझ र कार्यचापका आधारमा कर्मचारीको अनुपात मिलाइ सेवा प्रवाहमा सहज एवं सरल वातावरण सृजना गर्नुपर्ने हुन्छ । गाउँपालिकाको कार्यालयका अलावा वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुको पनि कार्यबोझ र कार्यचापको अनुमान गरी सो समेतका आधारमा कर्मचारी प्रक्षेपण गर्नुपर्ने हुन आउंछ।

यसप्रकार, यस गाउँपालिकाको माथि उल्लेखित जिम्मेवारी, काम, कर्तव्य, अधिकार र मुल कार्यलाई अध्ययन, मनन एवं विश्लेषण गरी गाउँपालिकाका लागि आवश्यक साङ्गठनिक संरचना (शाखाहरु, उपशाखाहरु,इकाइहरु,सेवाकेन्द्रहरु तथा वडा कार्यालयहरु) र आवश्यक पर्ने प्रशासनिक एवं प्राविधिक जनशक्तिको यथार्थपरक पूर्वानुमान गरी यसै प्रतिवेदनमा प्रस्ताव गरिएको छ । यसरी सङ्गठन र जनशक्ति प्रस्ताव गर्दा गाउँपालिकाको मुख्य उद्धेश्य र कार्यक्रम एवं काम, कर्तव्य र अधिकारलाई मसिनो ढंगले अध्ययन, मनन तथा विश्लेषण गर्दै वर्तमानमा प्रदान भइरहेको सेवा र भविष्यमा पुर्ण क्षमतामा प्रवाह हुन गइरहेको सेवा समेतलाई यथोचित मध्यनजर गरी गाउँपालिकाका निमित्त नयां सङ्गठन संरचना र सो संरचनामा काम गर्नका निमित्त आवश्यक जनशक्तिको उपयुक्त प्रक्षेपण गरी प्रस्ताव गरिएको छ।

## ३.२. कार्यबोझको विश्लेषण:

जनताको नजिक रहेर विकास निर्माणको कार्य र सेवा प्रवाह गर्ने पुनित उद्देश्यले अधिकारसम्पन्न स्थानीय सरकार स्थापना गरिएको हो । संघीयता पछि स्थापना भएको जनताको नजिकको स्थानीयस्तरको सरकारको रुपमा यस गाउँपालिकावाट चुस्तदुरुस्त र छिटोछरितो सेवा प्राप्त गर्ने उद्धेश्यले गाउँपालिकामा सेवाग्राहीहरुको चाप बढ्दै गइरहेको छ । हाल संचालित संरचना र जनशक्तिबाट कालिमाटीवासी नागरिकहरुलाई सहज एवं सरल र छिटोछरितो ढंगवाट सेवा प्राप्त गर्न कठिनाइ देखिन्छ ।

गाउँवासी आमसर्वसाधारणले आफ्नो चाहना र अपेक्षा बमोजिमको सेवा र समुन्नती प्राप्तीमा यस गाउँपालिकाले अभिभावकको भूमिका (Role of Service & Prosperity Guardianship) निर्वाह गर्ने अपेक्षा गरेका छन् । गाउँपालिकाका समग्र कार्यक्रम संचालन गरी सेवा प्रवाह गर्नका लागि जनशक्तिको परिचालन, स्रोत साधनको उचित प्रबन्ध र यी बीचको उचित तादात्म्यता मिलाई प्रभावकारी व्यवस्थापन गर्नका निम्ति विशिष्ट क्षमता, दक्षता एवं कुशलता हुनु जरुरी हुन्छ। तसर्थ कालिमाटी गाउँपालिका यस क्षेत्रकै उत्कृष्ट गाउँपालिकाको रुपमा विकास गर्ने सोंच बमोजिम

गाउँपालिकाको कार्यबोझको विश्लेषण गरी विभिन्न शाखा, उपशाखा,इकाइ, वडा कार्यालय र सेवा केन्द्रको संचालन र व्यवस्थापनमा जनशक्ति परिचालन हुने गरी प्रस्ताव गरिएको छ । यस गाउँपालिकाको संबैधानिक उद्देश्य एवं कार्य जिम्मेवारी अनुरुप प्रदान गर्न खोजेको सेवाको तुलनामा हाल यसको संरचना, जनशक्ति र सेवा न्यून स्तरमा रहेको र गाउँपालिकाको उद्देश्य प्राप्तीका लागि तथा यसका सेवाहरु संचालनका लागि के के पद तथा श्रेणीका कर्मचारी के कति आवश्यक पर्ने विषयको अध्ययन गरी सङ्गठन संरचना, त्यस्तो संरचनामा खटिने जनशक्ति, उनीहरुको कार्यविवरण र कार्यजिम्मेवारी, काम कर्तव्य,कर्मचारीले प्रदान गर्नुपर्ने सेवा, समय लगायत सेवाको गुणस्तरीयता र कर्मचारीको योग्यता समेतलाई ख्याल राखी कार्यबोझ विश्लेषण गरी यो प्रतिवेदन मार्फत साङ्गठनिक संरचना र जनशक्ति विवरण प्रस्ताव गरिएको छ । जसबाट काममा दोहोरोपना नआउने, सबै जनशक्तिलाई योग्यता एवं क्षमता बमोजिमको काम पुग्ने र सेवाग्राहीलाई सहज रुपमा सेवा प्राप्तीमा सघाउ पुग्ने अपेक्षा गरिएको छ। यस गाउँपालिकाले हाल उपलब्ध गराउदैं आएको सेवाको साथसाथै संविधानको भावना र मर्मबमोजिम पुर्ण क्षमतामासेवा संचालन गर्नका लागि गाउँपालिकाको वास्तविक कार्यचापलाई आधार मानी कार्यबोझको विष्लेषण गरिएको छ । यस गाउँपालिकाको सेवा पुर्ण रुपमा संचालनमा आएपछि गाउँपालिकामा आउने सेवाग्राहीको चापको अनुमान र गाउँपालिकाले सेवा दिने क्षेत्रको तुलना गर्दा यस गाउँपालिकाको सञ्चालन तथा व्यवस्थापनको लागि प्रस्ताव गरिएबमोजिमको संख्यामा प्रशासनिक एवं प्राविधिक कर्मचारीहरुको आवश्यकता पर्ने नै देखिन्छ ।

यसरी गरिएको कार्यबोझको विश्लेषणबाट यस गाउँपालिकामा सङ्गठनसंरचनातर्फ बिभिन्न शाखाहरु, ती शाखा अन्तर्गत आवश्यकतानुसार विभिन्न उपशाखाहरु,इकाइहरु, वडा कार्यालयहरु,स्वास्थ्य चौकी तथा सेवाकेन्द्रहरु र ती संरचनामा काम गर्न आवश्यक कर्मचारीको पुनरावलोकन तथा विश्लषण गरी दरबन्दी प्रस्ताव गरिएको छ ।

सामान्यतः गाउँपालिकाले नागरिकहरुलाई उपलब्ध गराउने सेवाको प्रकृतिअनुसार विभिन्न समयमा सेवाग्राहीहरुको संख्या फरक पर्न सक्दछ । यसको पूर्वानुमान गर्दा अपवाद बाहेक प्रत्येक दिन सरदरको हाराहारीमा नै सेवाग्राहीको चाप रहने अनुमान गरी एक हप्तामा एक जना कर्मचारीले न्युनतम पनि ४० घण्टा कार्य गर्नुपर्ने अनिवार्यता भित्र रहि दरबन्दी सृजना गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ । यसै मर्मलाई ख्याल गर्दै स्थानीय सरकारको कामको प्रकृति अनुसार कुन क्षेत्रको विशेषता र विज्ञता हासिल गरेको, के योग्यता भएको,कुन तह वा श्रेणीको कति संख्यामा अधिकृतस्तरका र सहायकस्तरका कर्मचारी रहनुपर्ने भन्ने सम्बन्धमा पनि मसिनो ढंगले पुनरावलोकन तथा विश्लेषण गरिएको छ। साथै यस गाउँपालिकाको कार्यबोझको विश्लेषण गर्दा गाउँपालिकाले आफ्नो सेवाप्रारम्भ गरेदेखि हालसम्म प्रदान गरेको सेवा, आगामी दिनमा संविधानको एकल र साझा अधिकार बमोजिमको अख्तियारी प्रयोग गरी प्रदानगरिने आधारभूत सेवा, भविश्यमा पुर्ण क्षमतामा सेवा प्रदान गर्ने गाउँपालिकाको दिर्घकालिन लक्ष्य र गाउँपालिकाको समग्र कार्यचाप तथा कार्यबोझलाई अध्ययन मनन विश्लेषण गरिएको छ। यस गाउँपालिकाको वस्तुस्थिति र यस्तै सेवाप्रदान गरिरहेका अन्य गाउँपालिकाहरुको यस्तै सेवाप्रवाहको अवस्था, सङ्गठन संरचना र परिचालित जनशक्ति समेत हेरी तुलनागर्दायस गाउँपालिकामा यसै प्रतिवेदनमा प्रस्ताव गरिए बमोजिमको सङ्गठन संरचना र कर्मचारी विवरण आवश्यक पर्ने देखीएकोले प्रस्तावित संरचना र दरबन्दी तेरिज उपयुक्त नै हुनेछ ।

उल्लेखित विश्लेषणका आधारमा यस गाउँपालिकाको कार्यचाप एवं कार्यबोझलाई मध्यनजर गर्दा गाउँपालिकाले नेपालको संविधान (२०७२) को अनुसूची-८ ले दिएको एकल अधिकार तथा अनुसूची ९ बमोजिम प्राप्त हुने साझा अधिकारका साथसाथै स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको काम, कर्तव्य र अधिकार अनुसारको कार्यसम्पादन गर्ने

समेतको उद्देश्य, लक्ष्य र कार्यक्रम राखेको देखिन्छ भनेकहिले कांही आवश्यकता र परिस्थिति अनुसार अन्य आकस्मिक सेवा समेत (जस्तोकि, महामारी, प्राकृतिक विपद आदि अवस्थामा) प्रदान गर्नुपर्ने अवस्था हुन्छ। तसर्थ यी सबै पक्षलाई हृदयंगम गर्दै यस गाउँपालिकाको साङ्गठनिक संरचनामा बिभिन्न शाखाहरु, ती शाखा अन्तरगत उपशाखाहरु, इकाइहरु,स्वास्थ्य चौकीहरु, आधारभूत स्वास्थ्य तथा शहरी स्वास्थ्य सेवा केन्द्रहरु र वडाका कार्यालयहरु प्रस्ताव गरिएको छ।यो सङ्गठन संरचनामा काम गर्नका लागिजनशक्ति अनुमान गर्दा तलका परिच्छेदमा प्रस्ताव गरिएको शाखाहरु, ती शाखा, उपशाखा तथा इकाइ र स्वास्थ्य संस्थाका कार्यहरु र ती शाखा, उपशाखा,इकाइ तथा स्वास्थ्य संस्थामा काम गर्ने जनशक्तिमा एक जना कर्मचारीले कतिकार्य सम्पादन गर्न सक्दछ, समय, कार्यविधि, कार्यजिम्मेवारी, कार्यबोझ, कार्यक्षमता, योग्यता, तह वा श्रेणी के कस्तो कतिसम्म आवश्यक पर्दछ भन्ने विषयलाई समेत हेरी पुनरावलोकन गरी सोको औषत अनुमानका आधारमा जनशक्ति प्रस्ताव गरिएको छ । यो प्रस्तावित जनशक्ति संविधान र ऐन बमोजिमको कार्यसम्पादनका निमित्त यस गाउँपालिकालाई युक्ति युक्त हुनेछ।

## ३.३. कार्य प्रकृतिको विश्लेषण:

सक्रिय, परिपक्व र नवप्रवर्तनीय सोंच भएको जनशक्तिको व्यवस्थापनवाट मात्रै सेवा प्रवाहमा चुस्तता आउने र सेवामा गुणस्तरीयता कायम हुन सम्भव हुन्छ। जनताको मनोभावना बुझेर गाउँपालिकाका नीति तथा कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्ने विषय एउटा संवेदनशिल तर प्रभावी विषय हो। यस्तो संवेदनशिल तथा प्रभावी प्रकृतिको कार्यसम्पादन गर्ने जनशक्ति पनि त्यत्तिकै गंभिर र जिम्मेवार हुनुपर्ने हुन्छ। यस अर्थमा कामको प्रकृतिको आधारमा जनशक्तिको कामको वर्गिकरण गरि काममा खटाउनुपर्दछ। एकै जना वा एक प्रकारको योग्यता, क्षमता, अनुभव, शिक्षा वा विशिष्टिकरण भएको जनशक्तिले अर्को प्रकृतिको वा सवै प्रकृतिको कार्यसम्पादन गर्न सम्भव हुंदैन । तसर्थ जनशक्तिको योग्यता र कार्यप्रकृतिको आधारमा मात्र कुनै अमुक शाखामा विशेष प्रकृतिको काम गर्न भनि विशेष अलग्गै योग्यता क्षमता भएको कर्मचारी खटाइनुपर्दछ । प्रशासन, प्राविधिक र स्वास्थ्य संस्थाको कामको प्रकृति अलग अलग हुन्छ । ती बिषयक्षेत्र संग सम्बन्धित संरचनाहरुमा पनि सोही बमोजिम भिन्न भिन्न दक्षता, क्षमता, सिप, गुण भएको जनशक्ति आवश्यक पर्दछ । सबै शाखा, उपशाखा वा इकाइमा वा संस्थामा काम गर्ने कर्मचारीले कम्तिमा पनि एक हप्तामा न्युनतम ४० घण्टा काम गर्नुपर्ने गरी कार्यबोझ, कार्यचाप र कार्यप्रकृतिको मिलान गरी सङ्गठन संरचना र कर्मचारी दरबन्दी तेरिज प्रक्षेपण गर्नुपर्दछ भन्ने मान्यतालाई स्वीकार गरिएको छ ।

यस गाउँपालिकाबाट स्थानीय विकास निर्माण र स्थानीय सेवासंग सम्बन्धित विभिन्न प्रकारका र विभिन्न कार्यप्रकृतिका सेवाहरु उपलब्ध गराउनुपर्ने अपरिहार्यतालाई मनन गरी संरचना र जनशक्ति प्रस्ताव गरिएको छ । आम मानिस पनि एउटा चेतनशिल प्राणीको रुपमा रहेको हुन्छ, उसले संविधानप्रदत्त मौलिक हकको सहज उपलब्धता र सरकारी निकायवाट आफुले तिरेको करको मुल्यवापत शिघ्र सेवा प्राप्तीको अपेक्षा राखेको हुन्छ । सो अपेक्षा बमोजिम जनशक्तिले कार्यसम्पादन गर्नुपर्दछ । त्यसैगरी आम जनताको काम तथा सेवा संवेदनशिल र महत्वपुर्ण हुन्छ । यस्तो संवेदनशिल तथा महत्वपुर्ण विषयमाकाम गर्ने गाउँपालिका, तहांको कार्य वातावरण तथा तहां काम गर्ने कर्मचारीहरुको कार्यप्रकृति शान्त, गम्भिर, मानवीय तथा संवेदनशिल प्रकृतिको हुनुपर्ने हुन्छ । स्थानीय जनताको मनोभावना र संवेदना बमोजिमका विषयमा काम गर्ने कर्मचारीको कामको प्रकृति पनिभिन्नभिन्न हुन्छ र भिन्न भए अनुसार नै गाउँपालिकाको कार्यालयको सङ्गठन र दरबन्दी व्यवस्था गर्नुपर्ने तर्फ ख्याल राखि प्रस्ताव गरिएको छ ।

आम मानिसको दैनिक अत्यावश्यकीय काम तथा सेवासंग सम्बन्धीत कार्यको सफल व्यवस्थापन गर्ने विषयअत्यन्तै जटिल र गम्भिर प्रकृतिको हुन्छ । यसका लागि प्रत्येक कर्मचारी प्रत्येक सेवाग्राहीप्रतिउत्तिकै संवेदनशिल, जवाफदेही र जिम्मेवार हुनुपर्ने हुन्छ । कर्मचारीको एउटा सानो कमजोरी वा लापरवाहीले सेवाग्राहीको काम विग्रिन सक्ने, समयमा काम नहुन सक्ने, काममा ढिलासुस्ती हुन सक्ने तथा सेवाग्राहीको सेवाप्राप्तीमा चोट पर्न सक्ने हुन सक्दछ । यदि राम्रो मानवीय व्यवहार र उपयुक्त कार्यप्रकृया अवलम्वन गरी सहज सरल र शिघ्र सेवा प्रदान गर्न सकिएमा सेवाग्राहीका लागि गाउँपालिका आशाको केन्द्र पनि हुन सक्दछ । कतिपय अवस्थामा सेवाग्राहीको काम तत्कालै गरिएन भने निजको लागि अनपेक्षित हुन सक्ने अवस्था सिर्जना हुन सक्दछ । गाउँपालिकाका यस्ता प्रकृतिका सेवाका लागि स्तरीय संरचना र उपयुक्त वातावरण एवं संयन्त्र निर्माण हुनुपर्दछ भने तहां रहने कर्मचारीहरु चौविसै घण्टा सेवाग्राहीको सेवाका लागि तयारी अवस्थामा रहनुपर्ने हुन्छ । यसका लागि गाउँपालिका जस्तो स्थानीय दैनन्दिन सेवा प्रदान गर्ने कार्यालयमा काम गर्ने कर्मचारीमा निश्चित योग्यता, क्षमता, सिप, शैली, व्यवहार, सेवाभाव र कर्तव्य परायणता हुनु अति आवश्यक हुन्छ । एउटा सकारात्मक व्यवहारले सेवाग्राहीको मनोवलमा थप प्रेरणा प्रदान गर्दछ । यस गाउँपालिकावाट संविधानले प्रत्याभूत गरेका आधारभूत सेवा र विकास निर्माणसंग सम्बन्धीत कामहरु कालिमाटीवासी जनतालाई प्रदान गर्नुपर्ने हुन्छ । यी सवै कार्यसम्पादन गर्न गराउनमा गाउँपालिकाका जनशक्तिमा सक्रियता, कर्तव्यपरायणता, जवाफदेहिता, पारदर्शिता, इमानदारिता, संवेदनशिलता, गम्भिरता र मानविय व्यवहारजस्ता गुणले ओतप्रोत भएको हुनुपर्ने हुन्छ । यो गाउँपालिकाको कार्यप्रकृतिको विश्लेषण गर्दा प्रत्येक सेवाग्राहीको शिघ्र र सहज सेवा पाउने निजको हकाधिकार, निजलाई यथोचित सेवा प्रदान गर्नुपर्ने तहां कार्यरत जनशक्तिको कर्तव्य र जिम्मेवारी, एकपटकमा एउटा जनशक्तिले सम्पादन गर्न सक्ने काम र सो कामको प्रकृति (Nature of Job) समेतलाई ख्याल राखेर यस गाउँपालिकाको सङ्गठन र जनशक्तिप्रक्षेपण गरिएको छ ।

## ३.४.उपलब्ध मानव स्रोतको आँकलन:

संघीयताको कार्यान्वयनमा सहजिकरण गर्ने उद्धेश्यले नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा गाउँपालिकाहरुको जनसंख्याका र सेवाप्रवाहको अनुमानका आधारमा आकंलन तथा स्वीकृत गरी गाउँपालिकालाई उपलब्ध गराएको स्वीकृत दरबन्दी विवरण अनुसार कार्यालयतर्फ १९ जना र वडा कार्यालयतर्फ १८ जना गरी कुल ३७ जनाको दरबन्दी स्वीकृत भएको देखिन्छ । जुन दरबन्दीमा स्वास्थ्यतर्फको सेवाकेन्द्रको, कृषि तथा पशुसेवाकेन्द्रको समेत दरबन्दी समावेश छैन । जबकी हाल गाउँपालिकाको कार्यालय, वडा कार्यालय, (गा.पा.का केही प्राविधिक कर्मचारीले वडा कार्यालयको समेत काम गरिरहेको अवस्था),स्वास्थ्य चौकी,आधारभूत स्वास्थ्य सेवा केन्द्र रशहरी स्वास्थ्य सेवा केन्द्रमा समेत गरी ११८ जना कार्यरत रहेको देखिन्छ ।

अहिले गाउँपालिकाले गाउँसभावाट बार्षिक रुपमा पटके दरबन्दी स्वीकृत गराइ करार सेवामा समेत उल्लेख्य संख्यामा कर्मचारी भर्ना गरी तिसमेतका कर्मचारीमार्फत सेवाग्राहीलाई सेवा प्रदान गरिदैं आएको अवस्था छ । पछिल्लो पटक गाउँपालिकाको कार्यालय,वडा कार्यालय,स्वास्थ्य चौकी, स्वास्थ्य सेवा केन्द्र, कृषि तथा पशुसेवातर्फ समेत गरी ४७ जना करार तथा ज्यालादारी सेवामा कर्मचारी भर्ना गरी सेवा प्रदान हुंदै आएकोमा यस प्रकारको अस्थायी प्रकृतिको जनशक्ति व्यवस्थापनवाट गाउँपालिकालाई संविधान र कानुनले दिएको जिम्मेवारी बमोजिम कालिमाटीवासी जनतालाई अपेक्षित सेवा दिन कठिनाइ हुन्छ । गाउँपालिकामा सेवाग्राहीहरुलाई सहज एवं सरल ढंगले सेवा प्रदान गर्न सकियोस भन्ने अभिप्रायले पद, सेवा, समूह, श्रेणी र पद संख्याका आधारमाकालिमाटी गाउँपालिकाको वर्तमान मानवस्रोतको अवस्थाआंकलन गरी यस प्रतिवेदन साथअनुसूचीमा प्रस्ताव गरिएको छ । प्रस्तावित जनशक्तिबाट सेवाग्राहीको चापअनुसार सरल र सहज रुपमा गुणस्तरीय सेवा प्रदान गर्न सकिने विश्वास र अपेक्षा गरिएको छ । यस गाउँपालिकाको मूल

जिम्मेवारी बमोजिम सेवा प्रदान गर्नेगरी प्रक्षेपण गरिएको जनशक्तिले उक्त सेवा उपलब्ध गराउन सक्ने नै छ, जसवाट गाउँपालिकाको संबैधानिक जिम्मेवारी पुरा गर्न गराउनमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

यसरी गाउँपालिकामा हाल उपलब्ध करार तथा ज्यालादारी समेतको मानवस्रोतवाट गाउँपालिकाले आफ्नो जिम्मेवारीबमोजिमको सेवा प्रदान गर्न कठिनाईदेखिएकोले केही संख्यामा मानवस्रोत थपघट गर्नुपर्ने आंकलन गरिएको छ ।यसरी मानवस्रोतको आंकलन गर्दा कालिमाटी गाउँपालिकाले गर्नुपर्ने विकास निर्माण र सेवाप्रवाहका लागि आवश्यक सांगठनिक संरचना, दैनिक काम वा सेवाको चाप, सेवाग्राहीको अपेक्षा,सङ्गठनको कार्यक्षेत्र, सेवा प्रवाह सम्बन्धी कार्यबोझ,गाउँपालिकाको राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता,कार्यालयको कार्यबोझ, कार्यचाप तथा कार्यप्रकृति,कार्य विशिष्टिकरण तथा कार्य प्रकृतिको एकरुपता र विविधता,कार्यालयवाट सम्पादन हुने कामको छरितो व्यवस्थापन र सेवाको सहज पहुंच,गाउँपालिकाका नीति, रणनीति, योजना, कार्यक्रमर बजेटको कार्यान्वयनअवस्था,कर्मचारीको वृत्ति विकास, उत्प्रेरणा र मनोवलमा अभिबृद्धि,सरल, सहज र गुणस्तरीय सेवा प्रवाह(Qualitative Service)को सुनिश्चितता र सङ्गठन तथा दरबन्दी सिर्जनावाट हुने आर्थिक दायित्वर आन्तरिक स्रोतको अवस्था समेतलाई अध्ययन मनन गरी आवश्यक पर्ने उपयुक्त जनशक्ति प्रस्ताव गरिएको छ । माथिल्ला परिच्छेदहरुमा उल्लेखित विभिन्न शाखा, उपशाखा,इकाइ,वडा कार्यालय एवं सेवा केन्द्रहरुवाट उपलब्ध गराइने चौविस घण्टे स्वास्थ्य सेवा तथा अन्य दैनिक प्रशासनिक कार्य संचालनका लागि यस गाउँपालिकाका लागि तत्कालै प्रशासनिक,प्राविधिक तथा स्वास्थ्य समेत गरी विभिन्न सेवा समुहका गरेर **स्थायी  र करार सेवामा गरी कुल १६४ पदसंख्याको दरबन्दीका मानवस्रोत (Human Resource) को परिप्रेक्ष्यमा** प्रस्ताव गरिएको छ, जसवाट गाउँपालिकाको संबैधानिक एवं कानुनी भूमिका तथा जिम्मेवारी हासिल गर्नगराउनमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## ३.५.सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको औचित्य:

स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ मा स्थानीय कानुन बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना र दरबन्दी निर्धारण गरी लागु गर्ने कुरा उल्लेख गरिएको छ। सोही ऐनको दफा ८३ मा स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका सम्बन्धमा बिभिन्न प्रावधानहरु रहेका छन्, जसअनुसार,

- गाउँपालिकाले आफ्नो कार्यबोझ,राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्ठता समेतका आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी विषयगत शाखा वा उपशाखा तथा ईकाइ सहितको सङ्गठन संरचना र कर्मचारी दरबन्दी विवरण तयार गर्नुपर्ने।
- सङ्गठन संरचनामा हरेक वडा कार्यालयको सङ्गठन संरचना समेत समावेश गर्नुपर्ने।
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको अधिकारक्षेत्र र कार्यवोझको विश्लेषण गरी स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवाकरारवाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नुपर्ने।
- लाग्ने खर्चको स्रोत समेतको विश्लेषण गरेर मात्रै कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने।
- स्थानीय तहको सेवा संचालनको लागि अस्थायी दरबन्दी सृजना गर्न नसकिने।
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिकाले कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक परेमा सेवाकरारवाट त्यस्तो कार्य गर्न सक्ने।
- गाउँ प्रहरी, सवारीचालक, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे र सरसफाइ सम्बन्धी पदहरुमा मात्रै प्रतिस्पर्धाको आधारमा सेवा करारवाटै आपुर्ति गर्नुपर्ने।

- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन गाउँसभावाट स्वीकृत गरेर लागु गर्नुपर्ने ।

माथि उल्लेखित कानुनी प्राबधान र प्रकृयालाई मनन गर्दा यस गाउँपालिकाको आवश्यतानुसारको सङ्गठन संरचना र कर्मचारी दरबन्दी तेरिज स्वीकृत गरी लागु गर्नका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको औचित्य पुष्टि हुन आउंदछ ।

## ३.६. परिवर्तनकोऔचित्य र समग्र विश्लेषण:

वर्तमान नेपालको संविधान (२०७२) ले परिकल्पना गरे बमोजिम कालिमाटी गाउँपालिकाले गाउँवासी जनतालाई आधारभूत सेवा सरल एवं सहज रुपमा गुणस्तरीयता सहित उपलब्ध गराउनका निमित्त गाउँपालिकाको कार्यालय, वडा कार्यालय,स्वास्थ्य चौकी रस्वास्थ्य सेवा केन्द्रस्थापना गरी संचालनमा ल्याएको छ । यस गाउँपालिकाले आफुलाई प्राप्त संवैधानिक एवं कानुनी जिम्मेवारी सम्पादन गर्नका लागि स्थायी रुपको साङ्गठनिक संरचना निर्माण गर्नुपर्ने र सो संरचनामा काम गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्ने भएको हुँदा यस गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (Organization & Management Survey)गरिएको छ । नेपालको संविधानको भाग ३ बमोजिमको मौलिक हक, भाग ४ बमोजिमको निर्देशक सिद्धान्त, धारा ५६ बमोजिमको राज्यशक्तिको प्रयोग, धारा ५७ बमोजिमको स्थानीय तहको अधिकारको प्रयोग, अनुसूची ८ र अनुसूची ९ बमोजिमको कार्यजिम्मेवारीको सम्पादन, धारा ५९ बमोजिमको आर्थिक अधिकारको प्रयोग, धारा ६० बमोजिम राजश्व परिचालन, भाग १७ बमोजिमको स्थानीय कार्यपालिकाको कार्यकारिणी अधिकारको अभ्यास र प्रयोग, भाग १८ बमोजिमको स्थानीय व्यवस्थापिकाको कार्यसम्पादनर भाग १९ बमोजिमको आर्थिक अधिकारको प्रयोग गर्न गराउनका निमित्त यो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

गाउँका विशिष्टकृत सेवाहरुको विस्तार गर्न, स्तरोन्नती गर्न, जनतालाई पहुँचयोग्य, सर्वसुलभ, गुणस्तरीय सेवा प्रदान गर्न र साविकका कार्यहरुको स्तरोन्नती गर्नमा सघाउ पुर्याउनसङ्गठन संरचना र दरबन्दीमा नयाँ सृजना वा परिवर्तन गर्नुपर्ने हुन आउँदछ । सल्यान जिल्लाको रामपुरस्थित यस गाउँपालिकाको विद्यमान स्रोतसाधन, जनशक्ति र सङ्गठन संरचनाबाट कालिमाटीवासी जनताहरुलाई अपेक्षित सेवा प्रदान गर्न कठिनाइ देखिएकोले यस गाउँपालिकाको विस्तृत ओ. एण्ड एम. सर्वेक्षण प्रतिवेदनले औंल्याए अनुसार गाउँपालिकाको भौतिक पूर्वाधार विकास गर्नुपर्ने, कार्यसम्पादन क्षमतामा विस्तार गर्नुपर्ने, कर्मचारी दरबन्दी थपघट गरी मिलान गर्नुपर्ने र दक्ष स्थायी कर्मचारीको आपुर्ति गरी गाउँपालिका र वडा कार्यालय तथा सेवाकेन्द्रको सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउनुपर्ने अपरिहार्यता देखिन्छ । जसवाट गाउँपालिकाको नीति तथा योजनाको सही कार्यान्वयन हुने, कर्मचारी कामप्रति उत्प्रेरित हुने र सेवाग्राहीहरुले सहज सेवा पाउन सम्भव भई नागरिक अधिकारको प्रत्याभुती हुने हुन्छ । गाउँपालिका जस्ता जनताको निकटमा रहेर सेवा दिनुपर्ने कार्यालयको जनशक्तिको व्यवस्थापनगर्दा उक्त कार्यालयको कार्यबोझ, कार्यचाप, कार्यप्रकृति, सेवाको गाम्भिर्यता, सेवा दिनुपर्ने विषयको गहनताआदिलाई आधार मान्ने गरिन्छ । यसै मान्यतालाई आधार मानीविभिन्न सरकारी कार्यालयहरुको कर्मचारी दरबन्दीको सृजना र व्यवस्थापन गर्ने गरिन्छ । कालिमाटी गाउँपालिकाको आ.ब.२०८२/८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेटमा **"गाउँपालिकाको O & M सर्भे तथा पुनरावलोकन गर्ने र कर्मचारीलाई आर्थिक वर्षको शुरुमै जिम्मेवारी तोकी कार्यविवरण लागु गरिनेछ र कार्यविवरणका आधारमा कार्यसम्पादन सम्झौता गरी नतिजाप्रति उत्तरदायी बनाइनेछ"** भन्ने कार्यक्रम राखिए बमोजिम यो अध्ययन गरी प्रस्ताव गरिएको छ । यस गाउँपालिकाको संगठनात्मक संरचना र जनशक्तिव्यवस्थापनका सम्बन्धमापनि उल्लेखित सैद्धान्तिक तथा व्यवहारिक पक्षलाई समेत मध्यनजरएवं पुनरावलोकन गरी अत्यावश्यक सङ्गठन संरचना र जनशक्ति प्रक्षेपण गरिएको छ ।

## समग्र विश्लेषण (SWOT Analysis)

कालिमाटी गाउँपालिकाको विद्यमान अवस्था, यसका समग्र कार्य एवं कार्यक्रम, गाउँपालिका तथा वडा कार्यालयले भोगिरहेका समस्या, भावी चुनौती र सम्भावना समेतलाई मसिनो गरी विश्लेषण गरिएको छ। अहिले सम्म गाउँपालिका र वडा कार्यालयले प्रदान गर्नुपर्ने सेवाको उपलब्धताको दृष्टिले सामान्य अवस्थामा संचालनमा रहेको, संविधान र कानुन बमोजिमको सेवा पुर्ण क्षमतामा संचालन हुन नसकेको अर्थात त्यस्तो सेवाका लागि आवश्यक पर्ने न्यूनतम जनशक्ति र स्थायी सङ्गठन संरचना पनि दिगो बनि नसकेको अवस्था देखिन्छ । यसको अर्थ गाउँपालिकाको मौजुदा संरचना र जनशक्ति क्षमतामा बढोत्तरी गर्नुपर्ने, सेवामा फैलावट ल्याउनुपर्ने, गुणस्तरीयता अभिवृद्धि गर्नुपर्ने र गाउँपालिकाले सेवालाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ। यस सन्दर्भमा यो कार्य यस गाउँपालिकाका लागि अवसर र चुनौती दुवै हो। साथै, यसका केही समस्या तथा कमजोरी पनि नभएका होइनन् । यसैले, यहां गाउँपालिकाको समग्र **SWOT (Strengths, Weaknesses, Opportunities & Threats)** विश्लेषण गरिएको छ ।

यस गाउँपालिकाले कालिमाटीवासी जनताका निम्ति आफुलाई एउटा उम्दा गाउँपालिकाको रुपमा उभ्याउनका लागि दीर्घकालिन गुरुयोजना (Master Plan) बनाई विभिन्न संयन्त्रहरु निर्माण गर्नुपर्ने हुन्छ । यसो हुन सकेमामात्रै आम सेवाग्राहीका लागि सस्तो र पहुँच योग्यसेवा उपलब्ध हुन सम्भव हुन्छ। त्यसैगरी यस गाउँपालिकामा खटीने जनशक्तिको उच्च मनोवलका लागि उनीहरुको वृत्तिविकास र चुस्तदुरुस्त छिटो छरितो सङ्गठन निर्माणका लागि यस गाउँपालिकाको जनशक्ति क्षमता विकास योजना (Capacity Development Plan) तर्जुमा गरी कार्यान्वयनमा ल्याइनुपर्ने विषयमा समेत त्यत्तिकै ध्यानदिनु आवश्यक छ ।

नेपालको वर्तमान संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न गराएको अवस्थामा यस गाउँपालिकाले संविधानको मर्म र भावना वमोजिम जनताको वरिपरी नजिकै रहेर जनताकै इच्छा, चाहना र आकांक्षालाई शिरोधार्य गर्दै उनीहरुलाई सहज रुपमासेवा उपलब्ध गराउन सक्ने र गाउँको समुन्नतीमा कार्य गर्न सकिने प्रवल संभावना छ। गाउँपालिकावाट उपलब्ध भइआएको सेवाप्रति सेवाग्राही आकर्षित देखिएको, गाउँपालिकामा शहरीक्षेत्र क्रमश बृद्धि हुंदै गरेको अवस्थामा विकास निर्माणका काम विस्तारमा गर्न सकिने अवस्था रहेको,गाउँको पर्यटकीय, सांस्कृतिक र धार्मिक चासोमा बढोत्तरी हुंदै आएको, विपदको अवस्थामा पनि गाउँपालिका राहत तथा उद्धारको कार्य गर्नमा अग्रसर रहेको र कर्मचारीहरु आफ्नो कार्यजिम्मेवारी प्रति जिम्मेवार रहेको जस्ता सवल पक्षहरु देखिएका छन्। गाउँपालिकाले गाउँवासीका आवश्यकताको पहिचान गरि निरन्तर रुपमा स्थानीय विकासका कार्यहरु र स्थानीय सेवाका कार्यहरु सम्पादन गर्दै आइरहेको अवस्था देखिंदा र यसले जनताको विश्वास जित्दै गएको स्थितीलाई यस गाउँपालिकाको सबल पक्ष (Strengths) को रुपमा लिन सकिन्छ।

यो गाउँपालिकालाई प्राविधिक र व्यवस्थापकीय रुपमा संचालन गर्न र सरल, सहज, नियमित सेवाप्रदान गर्न यसको साङ्गठनिक विकास र विस्तारले मात्रै नपुग्ने र यसका लागि दक्षजनशक्तिको आवश्यकता परि नै रहने अवस्था एकातिर छ भने अर्कोतिर यसका स्थायी संरचनाहरु व्यवस्थित रुपमा निर्माण एवं विकास गर्न ठूलो धनराशी सहितको बजेट र कार्यक्रम हुनुपर्नेमा अहिले गाउँपालिकको आन्तरिक आम्दानीको मात्रा सिमित हुंदा नेपाल सरकारबाट प्राप्त हुने अनुदानमा भर पर्नुपर्ने बाध्यता रहेको देखिन्छ। संविधान र कानुनमा लेखिए बमोजिम सेवा प्रवाहको काम र विकास निर्माणको कामका अलावा विभिन्न अध्ययन एवं तालिम संचालन गर्ने कार्यका लागि पनि सोही बमोजिमको योजना, कार्यक्रम र मानव संशाधन आवश्यक पर्ने देखिन्छ। यस गाउँपालिकाको बिकास र बिस्तारको लागि दक्ष स्थायी जनशक्तिको कमी रहेको,करारका

कर्मचारीको संख्या धेरै रहेको,बार्षिक रुपमा सिमित बजेट बिनियोजन हुने गरेको, संघीय निजमाती सेवा ऐन समयमै नबन्दा सोको प्रभाववाट गाउँपालिकाको मुख्य कर्मचारी लगायतको व्यवस्थापनमा समस्या भएको, बर्षेनी पटके दरबन्दीवाट कामचलाउ रुपमा गाउँपालिका संचालनमा ल्याउनुपरेको, गाउँपालिकाको संस्थागत सुधार गर्नुपर्ने काम बांकी रहेको, गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुका लागि आफ्नै सुविधा सम्पन्न आधुनिक र सेवाग्राहीमैत्री भवनहरु निर्माण गर्न बांकी तथा गाउँका विभिन्न स्थानहरुको भौगोलिक विकटता रहेको जस्ता कमजोर एवं दुर्वल पक्षहरु (Weaknesses) रहेको देखिन्छ, जुन यसै O&M सर्वेक्षण प्रतिवेदनको स्वीकृती पश्चात क्रमशःकार्यान्वयन हुने अपेक्षा राखिएको छ ।

हाल यस गाउँपालिकाको भवनवाट सेवाग्राहीलाई सामान्य सेवा प्रवाह भइरहेको अवस्था रहेको, सेवाग्राहीहरुले नियमित एवं गुणस्तरीय सेवा प्राप्त गर्न सक्ने स्थिति रहेको, नवनिर्वाचित जनप्रतिनिधिहरु गाउँवासीको सेवा र गाउँको समग्र विकास र समुन्नती गर्ने कार्यमा दत्तचित्त भइ लागिपरेको अवस्था देखिएकोर जनताले आफ्नै वरिपरिको नजिकको स्थानीय सरकारवाट इच्छित सेवा प्राप्त गर्न सकिने जस्ता प्रशस्त अवसरहरु उपलब्ध देखिन्छन् ।साथै यस गाउँपालिकाका बिभिन्न स्थानहरुमा धार्मिक, सांस्कृतिक एवं पर्यटकिय संभावना उच्च रहेको पाइयो।

स्थानीय स्तरमै सेवाप्रदान गर्नका लागि जनशक्ति पनि सोही बमोजिमको योग्य हुनुपर्दछ, तर अनुभवी, परिपक्व, दक्ष र योग्य कर्मचारीको कमी एउटा अध्यक्ष चुनौतीको रुपमा रहेको छ। यस गाउँपालिकामा दक्ष कर्मचारीलाई स्थायी रुपमा टीकाई राख्नु र उनीहरुबाट निरन्तर सेवा प्रदान गर्ने वातावरण बनाउनुपर्दछ । यसका लागि गाउँपालिकामा भौतिक संरचना, उपकरण, आवास, छात्रवृत्ति, अध्ययन, तालिम लगायतका अवसर जुटाउनु अर्को चुनौती छ। त्यस प्रकारको जनशक्तिलाई गाउँपालिकामा रहने वातावरण बनाउनुपर्ने चुनौती गाउँपालिकाका सामुन्ने छ । त्यसैगरी उपलब्ध जनशक्तिलाई यसै गाउँपालिकामा रही सेवा गर्न उत्प्रेरित गर्नु र उपलब्ध जनशक्तिवाटै सुलभ एवं गुणस्तरीय सेवा प्रवाह गर्न सक्ने वातावरण सृजना गर्नु पनि एउटा चुनौतीपुर्ण (Threats/Challenges), तर महत्वपुर्ण कार्यको रुपमा लिनुपर्ने हुन्छ । मुख्यतः गाउँपालिकाले तत्कालै स्थायी जनशक्ति आपूर्ति गर्नु र हाल कार्यरत जनशक्तिलाई उपयुक्त कानुनी विधि एवं प्रकृया मार्फत यसै गाउँपालिकामा समाहित गरी काम गर्ने अनुकूल वातावरण सृजना गर्नु पनि यस गाउँपालिकाका तत्कालिक चुनौतिहरुका रुपमा रहेका छन्। त्यसैगरी गाउँपालिकाको आन्तरिक आयमा बढोत्तरी गर्नुपर्ने विषय,स्थानीय सम्पदालाई थप व्यवस्थित गरी बाहिरका मानिसहरुलाई आकर्षित गर्नुपर्ने विषय, संघको अनुदानमै बढी भर पर्नुपर्ने बाध्यात्मकअवस्थावाट कसरी पार पाउने भन्ने विषय र प्रशासनिक तथा चालु खर्च कम गरी विकास खर्च बढाउनुपर्ने विषय यसका अध्यक्ष चुनौतीका रुपमा रहेका छन। समष्टीमा भन्नुपर्दा, यस गाउँपालिकाका कमजोर पक्ष र चुनौतीलाई सामना र समाधान गर्दै अवसर र सवल पक्षलाई गाउँपालिकाको उद्देश्य र हितमा उपयोग गर्ने ढंगले रणनीतिक कार्ययोजना (StrategicPlan) का साथ अगाडी बढ्नु नै यस गाउँपालिकाको वर्तमानको आवश्यकता (Immediate Necessity) हो ।

# परिच्छेद ४ : प्रस्तावित साङ्गठनिक ढाँचा र कर्मचारी दरबन्दी विवरण

## ४.१. प्रस्तावित साङ्गठनिक ढाँचाको व्याख्या:

गाउँपालिकाको आफ्नो नीति, कार्यक्रम, उद्येश्य, लक्ष्य र कार्यक्रम एवं प्रतिबद्धताको प्रभावकारी कार्यान्वयनवाट नै अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुन्छ । विद्यमान अवस्थामा नागरिकले पाउनुपर्ने सेवा सुविधालाई मध्यनजर गरी गाउँपालिकाको कार्यालय र सो अन्तरगत रहेका वडा कार्यालय,स्वास्थ्य चौकी एवं स्वास्थ्य सेवा केन्द्रहरुको क्षमता अभिबृद्धि गरी सेवा विस्तार गर्नु आजको आवश्यकता हो। जनताको आवश्यकता अनुरुपको सेवा प्रवाह गर्ने र जनताको घरदैलोसम्म स्थानीय सरकारको आभास दिलाउनको लागि गाउँपालिकाको भौतिक संरचनामा सुधार गर्दै जाने र सोही अनुसार कर्मचारीहरुको व्यवस्थापन गरी भुगोल र जनसंख्याको आधारमा हरेक वडासम्म विकास निर्माणका कार्यक्रमहरु सोही वडावाटै संचालन गर्न सक्ने अवस्था सृजना गर्न तथा प्रशासनिक कार्यलाई जनताको घरदैलोसम्म पुर्याउनका लागि कार्यक्रम तय गरी सम्पन्न गर्नुपर्ने अवस्था रहेको छ ।सेवा प्रवाह र आर्थिक मितव्ययिता तथा बजेटको उपलब्धताको अनुपात मिलाएर मात्रै सङ्गठन संरचना र दरबन्दीको फैलावटमा जानुपर्ने हुन्छ। अन्यथा गाउँपालिकाले दरबन्दी र सङ्गठनको औचित्य पुष्टि गर्न कठिन हुन्छ । स्थानीय तहको राजश्व क्षमतालाई आधार लिने हो भने देशका सम्पुर्ण स्थानीय तहमध्ये अधिकांशत: आफ्नै आन्तरिक राजश्वको क्षमताले कर्मचारीको सेवासुविधाको व्यवस्थापन गर्न सक्ने अवस्थामा छैनन्, जुन अवस्था कालिमाटीको पनि छ । कर्मचारी लगायतको प्रशासनिक खर्चका लागि पनि संघ सरकारवाट प्राप्त रकममा भर पर्नुपर्ने अवस्था छ। तसर्थ यस गाउँपालिकाको आ.ब. २०८२/८३ को प्रक्षेपित आन्तरिक श्रोत तथा राजश्व वाँडफाँटतर्फको आय रु १७ करोड ०२ लाख ८३ हजार र कुल बजेट रु ५४ करोड ०६ लाख ११ हजारलाई विचार एवं विश्लेषण गर्दा अत्यावश्यक रुपमा नभै नहुने न्युनतम कर्मचारी संख्यावाट सेवा लिनुपर्नेगरी नयां सङ्गठन संरचना र कर्मचारी दरबन्दी प्रस्ताव गरिएको छ। साविकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट पारित गरी पालिकाहरुमा पठाइएको तथा विगतमा यसै पालिकावाट पारित गरिएको सङ्गठन संरचना र कर्मचारी दरबन्दी तेरिजमा कतिपय शाखा उपशाखा तथा इकाइहरु र सेवा केन्द्रहरुको बांडफांडको तालमेल नमिलेको अवस्था रहेको छ । २२ हजार भन्दा बढी जनसंख्या रहेको र राजमार्गसंगै जोडिएकोयस गाउँपालिका अन्तरगत स्वास्थ्य चौकी,आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा शहरी स्वास्थ्य केन्द्रहरु समेत रहेको कारण स्वास्थ्य जस्तो संबेदनशिल क्षेत्रको संरचनालाई चुस्तदुरुस्त राख्नुपर्ने आवश्यकता रहेको देखिन्छ। उल्लेखित समग्र विषयहरुलाई समेटेर मात्रै यस गाउँपालिकाको सङ्गठन संरचना र कर्मचारी दरबन्दीमा पुनरावलोकन गरिएको छ।

कालिमाटी गाउँपालिका ७ वडा सहितको एक मध्य तथा उच्च पहाडिस्तरको भौगोलिक संरचना भएको २२ हजार भन्दा बढी जनसंख्या सेवाग्राही रहेको गाउँपालिका हो। विभिन्न धार्मिक, पर्यटकीय एवं सांस्कृतिक सम्पदाहरु, उद्यमशिलता प्रबर्धनका कार्यहरु, रोजगारी एवं आय आर्जनका कार्यहरु, व्यापार व्यवसायजन्य कार्यहरु पनियस गाउँपालिकामा भइरहेकालेपनि दिनानुदिन यहांको वस्ती बढ्दै गैरहेको र मानिसहरुको आवतजावत बढिरहेको, सडक, खानेपानी लगायतका विभिन्न पुर्वाधार सम्बन्धी कार्यहरु अगाडी बढ्दै गइरहेको परिप्रक्ष्यमा यो गाउँपालिका निकट भविश्यमा गाउँहरुमध्येको पनि एक अब्बल र उम्दा गाउँपालिकको रुपमा स्तर बृद्धि गर्दै यसले आफ्नो उन्नत छवि सबैसामु प्रकट गर्ने सम्भावना देखिएको छ। यस गाउँपालिकाको भविश्यलाई मध्यनजर गर्दै यसको कार्यबोझ र कार्यप्रकृतिको विश्लेषणका आधारमा यसका शाखा, उपशाखा र इकाइहरुको परिकल्पना गरिएको छ । यसरी शाखा, उपशाखा,इकाइहरु थप एवं विस्तार गर्दा समेत हाल कायम दरबन्दिमा त्यती धेरै ठुलो संख्यामा कर्मचारीको दरबन्दी थप नगरिकनै सकेसम्मअत्यावश्यक न्युनतम दरबन्दी मिलान तथा थप गर्नेगरी बैज्ञानिक र मितव्ययी ढंगले विश्लेषण गरी सङ्गठन संरचना र कर्मचारी दरबन्दी तेरिज प्रस्ताव गरिएको छ, जसले गाउँपालिकाको संबैधानिक तथा कानुनी कार्यजिम्मेवारी

सम्पादन गर्नमा सहजता प्रदान गर्नेछ ।स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था बमोजिम स्थानीय तहमा रहने सङ्गठनसंरचना, सो संरचनाले प्रदान गर्ने सेवाहरु र त्यस्ता संरचनाहरु नियमन गर्ने कार्य समेत गर्नुपर्ने हुन्छ, अन्यथा वर्तमान संविधानले स्थानीय सरकारलाई प्रदान गरेको काम, कर्तव्य, जिम्मेवारी र अधिकार सहि ढंगले सम्पादन भए नभएको मुल्यांकन हुन नसकी स्थानीय सरकार प्रतिको भरोशामा प्रश्नचिन्ह उठ्न सक्दछ । सेवा प्रवाहको वर्तमान अवस्था, कामको प्रकृति, कामको चाप तथा बोझ, स्थानीय आवश्यकता, राजश्व संकलनको अवस्था, प्रशासनिक खर्च गर्न सक्ने क्षमता र कार्यजिम्मेवारीको हिसाबले शाखा, उपशाखा,इकाइ,स्वास्थ्य चौकी र सेवा केन्द्रहरु निर्माण गर्नुपर्ने मान्यतालाई मनन गरि दरबन्दी बनाइएको छ । गाउँपालिकाको साविकको सङ्गठन संरचना र दरबन्दी साविकमा चालु भइरहेका साङ्गठनिक संरचनालाई कार्यबोझ र कार्यप्रकृति अनुसार रुपान्तरण गर्ने तथा साविकको दरबन्दीलाई हरेक वडा सम्म सेवा पुर्याउनका लागि कठिन भइरहेको परिप्रेक्ष्यमा कम्तिमा पनि स्थानीय जनतालाई आफ्नो घरदैलोसम्म स्थानीय सरकारको अनुभुती दिलाउने उद्धेश्यका साथ सङ्गठन संरचना र दरबन्दीलाई पुनरावलोकन गरी नयां प्रस्ताव गरिएको छ ।

गाउँपालिकामा सेवाका लागि भनि आउने सेवाग्राहीहरुको संख्या सेवा वा कामको प्रकृति र प्रकार अनुसार समय समयमा भिन्न भिन्न हुन सक्ने संभावना रहन्छ । यस तथ्य एवं मर्मलाई ख्याल राखेर मात्रै गाउँपालिकाको साङ्गठनिक बनावट र सो बनावटमा बसेर काम गर्ने जनशक्तिको प्रक्षेपण गर्नुपर्ने हुन्छ । सङ्गठन संरचना र दरबन्दी विवरण पनि सोही बमोजिम समायोजन र व्यवस्थापन गर्न सकेमा मात्रै गाउँवासीले अपेक्षित सेवा प्राप्त गर्न सक्ने हुंदा सो पक्षलाई पुर्णत: मनन गर्दै सम्भाव्य कामको प्रकृति, सेवाप्रवाहको विधि, आवश्यक पर्ने समय, लागत, गुणस्तरीयता, जनशक्तिको उपलब्धता, जनशक्तिको क्षमता एवं सामर्थ्यता र गाउँपालिकाको आवश्यकता लगायतका पक्षको मनन् एवं विश्लेषण गरी विभिन्न शाखा, उपशाखा तथा इकाइ लगायतको संरचना निर्माण गरिनुपर्दछ भन्ने मान्यतालाई ख्याल गरिएको छ ।

यहां प्रस्ताव गरिएका शाखा, उपशाखा तथा इकाइहरुको कार्य जिम्मेवारी तोकी गाउँपालिकाको काम कारवाहीमा योग्यता अनुसार सबै कर्मचारीहरुलाई जिम्मेवार र उत्तरदायी बनाउने गरी संगठनात्मक ढाँचा (Organization Structure) र प्रत्येक पदका कर्मचारीको कार्यविवरण (Job Description)तयार गरिएको छ । यसरी बन्ने सङ्गठन संरचनाबाट गाउँपालिकाले पुर्ण क्षमतामा आफ्ना गाउँवासी सेवाग्राही जनतालाई सेवा प्रदान गर्नेछ । प्रस्तावित संगठनात्मक संरचनाबाट गाउँको आवश्यकता र समयानुकुल प्रदान गर्नुपर्ने विभिन्न सामयीक सेवामा समेत यथेष्ट सुधार एवं गुणस्तरीयता कायम हुन गई सेवाको प्रवाहीकरणमा अपेक्षित बढोत्तरी हुने र नागरिकले सेवा प्राप्त गर्ने कार्यमा थप सहजता कायम हुने अपेक्षा गरिएको छ । यस गाउँपालिकाको सेवा सहज ढंगले पुर्ण क्षमतामा संचालनमा आए पश्चात् सेवाग्राहीको सम्भाव्य चापलाई समेत पुर्वानुमान र विश्लेषण गरी यसको साङ्गठनिक संरचना (ढाँचा) प्रस्ताव गरिएको छ ।

संविधान र कानुन बमोजिम मुख्यत: गाउँकार्यपालिका, गाउँसभा, गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, न्यायिक समिति लगायत गाउँपालिकाको नीति, योजना, कार्यक्रम तथा निर्णयलाई कार्यान्वयन गर्न र गाउँपालिकाको दैनिक एवं समग्र प्रशासनिक तथा व्यवस्थापकीय कार्य सम्पादन गर्नका लागि प्रशासन सेवाको राजपत्रांकित तृतिय श्रेणी वा आठौँ तहका १ जना प्रमुख प्रशासकीय अधिकृतको मातहतमा विभिन्न ८ वटा शाखाहरु, १२ वटा उपशाखाहरु, २ वटा इकाइहरु, ७ वटा वडा कार्यालयहरु, ४ वटा स्वास्थ्य चौकीहरु, ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु , ३ वटा सामुदायिक स्वास्थ्य ईकाई १ वटा आयूर्वेद सेवा केन्द्र र ७ वटा कृषि तथा पशु सेवा केन्द्र र निकटमा सञ्चालनमा आउने आधारभुत अस्पताल समेत रहने गरी यस गाउँपालिकाको प्रस्तावित साङ्गठनिक संरचना (ढांचा) यसै प्रतिवेदनको **अनुसूची-१** मा प्रस्तुत गरिएको छ ।

यसरी कार्यबोझ एवं आवश्यकता समेतको विश्लेषण गरी प्रस्ताव गरिएका कालिमाटी गाउँपालिकाका सचिवालय, शाखा, उपशाखा, इकाइ, वडा कार्यालय, आधारभुत अस्पताल, स्वास्थ्य चौकी, स्वास्थ्य सेवा केन्द्र लगायतको **साङ्गठनिक संरचनात्मक विवरण** निम्नानुसार हुनेछ:

**१. गाउँपालिका अध्यक्ष:**

**२.गाउँपालिका उपाध्यक्ष:**

**३. प्रमुख प्रशासकीय अधिकृत**

**४. प्रशासन, योजना तथा अनुगमन शाखा:**

४.१. प्रशासन शाखा:

४.१.१. जिन्सी, खरिद, सवारीसाधन तथा सम्पत्ति व्यवस्थापन इकाइ

४.१.२. नागरिक सहायता, सोधपुछ तथा दर्ता चलानी इकाइ

४.१.३. वडा कार्यालयहरु-७

४.२. योजना तथा अनुगमन शाखा

४.३ राजश्व प्रशासन उपशाखा

४.४ कानुन उपशाखा

**५. आर्थिक प्रशासन शाखा**

**६. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा:**

६.१.सडक, सिंचाई तथा अन्य पूर्वाधार विकास उपशाखा

६.२.भवन, वस्ती विकास तथा नक्शापास उपशाखा

६.३.सरसफाई तथा विपद व्यवस्थापन उपशाखा

**७. स्वास्थ्य सेवा शाखा:**

७.१. स्वास्थ्य चौकी-४

७.२. आधारभूत स्वास्थ्य सेवाकेन्द्र-३

७.३. सामुदायिक स्वास्थ्य ईकाई -३

७.४. आयूर्वेद सेवा केन्द्र -१

७.५ आधारभुत अस्पताल - १

**८. सामाजिक तथा आर्थिक विकास शाखा:**

८.१.शिक्षा, संस्कृति, पर्यटन, युवा तथा खेलकूद विकास उपशाखा

८.२.महिला, बालबालिका, तथा सामिजक सुरक्षा र पञ्जिकरण उपशाखा

८.३. बन वातावरण, र उद्योग, व्यवसाय तथा सहकारी प्रबर्धन उपशाखा

८.४. श्रम तथा रोजगार प्रबर्धन उपशाखा

८.५. कृषि विकास उपशाखा (मातहतमा कृषिसेवा केन्द्र-७ समेत)

८.६. पशुपंक्षी विकास उपशाखा (मातहतमा पशुसेवा केन्द्र-७ समेत)

८.९ स्वास्थ्य शाखा (मातहतमा १० वटा स्वास्थ्य संस्था)

**१०. आन्तरिक लेखा परिक्षण शाखा:**

**११. सूचना प्रविधि तथा अभिलेख ब्यबस्थापन शाखा:**

यसप्रकार,कालिमाटी गाउँपालिकाको कार्यालयमा संगठनात्मक संरचना तर्फ गाउँपालिका अध्यक्ष र गाउँपालिका उपाध्यक्षको सचिवालय, शाखाहरु, उपशाखाहरु, इकाइहरु, वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु र सेवाकेन्द्रहरु रही सेवा प्रवाह गर्नेगरी संरचना र जनशक्ति विवरण तयार गरिएको छ। गाउँपालिकाको शाखागत, उपशाखागत, इकाइगत, वडागत र सेवाकेन्द्रगत सङ्गठन संरचना देहाय बमोजिम रहनेछ:

**क. शाखाहरु -८:**

१. प्रशासन तथा व्यवस्थापन शाखा,
२. आर्थिक प्रशासन शाखा,
३. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा,
४. स्वास्थ्य सेवा शाखा,
५. सामाजिक विकास शाखा,
६. आर्थिक विकास शाखा।
७.सूचना प्रविधि तथा अभिलेख ब्यबस्थापन शाखा
८.आन्तरिक लेखा परिक्षण शाखा

**ख. उपशाखाहरु -१२:**

१. प्रशासन तथा आन्तरिक व्यवस्थापन उपशाखा,
२.राजश्व प्रशासन उपशाखा,
३.कानुन उपशाखा,
४.सडक, सिंचाई तथा अन्य पूर्वाधार विकास उपशाखा,
५.भवन, वस्ती विकास तथा नक्शापास उपशाखा,
५.सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे, सरसफाई सम्बन्धी पदमा स्थायी पदपुर्ति गर्न पाइनेछैन। यी पदहरुमा प्रतिस्पर्धाको आधारमा सेवा करारवाट मात्रै लिइ काममा लगाउनुपर्नेछ।स्वीकृत दरबन्दीभित्रैको सीमामा रहेर मात्रै सेवाकरारमालिई काममालगाउन सकिनेछ। यसरी करारवाट नियुक्त कर्मचारीको पारिश्रमिक र सुविधा करार संझौताबमोजिम हुनेछ।

६.गाउँपालिकालाई कुनै विशेषज्ञताको विषयमा काम वा सेवा आवश्यक परेमा त्यस विषयको विज्ञलाई सेवा करारमा लिइ काममा लगाउंदा कार्यसम्पादनमा बढी उपयुक्त र प्रभावकारीता हुने संभावना देखिएमा सेवा करारवाट त्यस्तो कार्य गर्न गराउन सकिनेछ।

७.स्थायी सेवा, करार सेवा र विज्ञ सेवा बाहेक अस्थायी दरबन्दी सृजना गरी काममा लगाउन पाइनेछैन।

८.गाउँकार्यपालिकाको कार्यालय र गाउँसभाले स्थायी पद र करार सेवामा आवश्यक पर्ने कर्मचारीको लागि लाग्ने खर्चको स्रोतको वित्तीय विश्लेषण गरेर मात्रै दरबन्दी स्वीकृत गर्नुपर्नेछ।

९.गाउँपालिकाका स्थायी र करार सेवाका कर्मचारीहरुले गाउँपालिकाले लगाए बमोजिमको काम गर्नुपर्नेछ।

१०.आधारभुत अस्पतालको दरवन्दी पूर्णरुपमा सञ्चालनमा आएपछि मात्र कार्यान्वयनमा आउने छ।

११.आयूर्वेद सेवा केद्र आधारभुत अस्पताल सञ्चालनमा आए पछि सो मा नै गाभिने छ।

१२.हाल ८४ जना स्थायी र २२ जना करार र २९ जना अस्थायी दरबन्दीमा करार गरि १३५ जनाको दरबन्दी मात्र कार्यान्वयनमा आउने छ।

१३.आधारभुत स्वास्थ्य सेवा केन्द्र १२ जना, सामुदायिक स्वास्थ्य ईकाईका १२ जना, , रोजगार सहायक १ जना , एमआईएस अपरेटर १जना , फिल्ड सहायक १ जना , उद्दम विकास सहजकर्ता १ जना र मनोसामाजिक परामर्शदाता १ जना गरि जम्मा २९ जनाको पद कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ को दफा ७ को उपदफा १० बमोजिम करारमा प्रत्येक बर्ष पुनरावलोकन हुने गरि अस्थायी दरबन्दिको रुपमा प्रस्ताव गरिएको छ। यि पद तथा दरबन्दीहरु हरेक आर्थिक बर्षमा कार्यपालिकाबाट स्वीकृत गरेपश्चात मात्र कार्यान्वयनमा आउनेछ। यि पद तथा दरबन्दिहरु प्रदेश कर्मचारी अभिलेखालयमा दर्ता गरिने छैन।

# प्रस्तावित शाखा, उपशाखा,इकाइ, वडाकार्यालय,स्वास्थ्य चौकी तथा स्वास्थ्य सेवा केन्द्रहरुको कार्यविवरण

## १.अध्यक्ष एवं उपाध्यक्ष संग सम्बन्धित:

- अध्यक्ष एवं उपाध्यक्षको कार्यसूची व्यवस्थित गर्न कार्यहरुको टिपोट गर्ने, अभिलेख राख्ने, अध्यक्ष एवं उपाध्यक्षलाई जानकारी गराउने ।
- अध्यक्ष एवं उपाध्यक्षको निर्देशन बमोजिम जनसम्पर्कको कार्य गर्ने ।

➢ अध्यक्ष एवं उपाध्यक्षको निर्देशन बमोजिम सम्बन्धित शाखा, उपशाखा,इकाइ, स्वास्थ्य चौकी, स्वास्थ्य सेवाकेन्द्र वा अन्य सम्बन्धित निकाय वा व्यक्तिसंग सम्पर्क र समन्वयको कार्य गर्ने ।

➢ सचिवालयमा प्राप्त कागजातहरुको अभिलेखन तथा सम्बन्धित निकायमा सम्प्रेषण गर्ने ।

➢ कार्यपालिका तथा न्यायिक समितिको वैठकहरुको व्यवस्थापन, निर्णय प्रमाणीकरण, वैठकका निर्णय कार्यान्वयनका लागि समन्वय गर्ने ।

➢ अध्यक्ष एवं उपाध्यक्षका तर्फवाट गरिनुपर्ने कुनै सिफारिसका सम्बन्धमा सम्बन्धित शाखा उपशाखा वा निकायसंग सम्पर्क र समन्वय गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउने ।

➢ कार्यपालिकावाट सभामा प्रस्तुत प्रतिवेदन माथि कुनै छलफल सम्बन्धमा दिइएका निर्देशन सम्बन्धी कार्य गर्ने ।

➢ अध्यक्ष एवं उपाध्यक्षको कार्यसम्पादन सम्बन्धी विषयमा उहांहरुको सचिवालयको भुमिका गर्ने ।

➢ गाउँपालिका अध्यक्षको सचिवालयमा रहने कम्प्युटर अपरेटरले सचिवालयको कामका अलावा आवश्यकतानुसार गाउँसभा, कार्यपालिका, समितिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायतको कम्प्युटर टाइपको काम समेत गर्नुपर्ने ।

➢ गाउँपालिका उपाध्यक्षको सचिवालयमा रहने कम्प्युटर अपरेटरले सचिवालयको कामका अलावा न्यायिक समिति र कानुन उपशाखा समेत हेर्ने तथा आवश्यकतानुसार अन्य शाखा उपशाखाको कम्प्युटर टाइपको काम समेत गर्नुपर्ने ।

➢ गाउँपालिकाले गाउँपालिका बाहेक गाउँपालिका मातहतको कार्यालयमा तोकेको अवस्थामा सो कार्यालयको कम्प्युटर टाइप लगायत सुचना संचार प्रविधि सम्बन्धी कार्य गर्ने ।

## २.प्रमुख प्रशासकीय अधिकृत:

➢ गाउँपालिकाको प्रमुख प्रशासकको भुमिकामा रही गाउँपालिकाको कार्यालय र मातहतका निकायहरुको प्रशासन, व्यवस्थापन, संचालन, निरिक्षण, अनुगमन, मुल्यांकन, निर्देशन, नियन्त्रण, समन्वय, लगायतका आवश्यक कार्य गर्ने गराउने ।

➢ नेपालको संविधान (२०७२) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत प्रचलित संघीय, प्रादेशिक र स्थानीय कानुन बमोजिम गाउँपालिकाको समग्र कार्य सम्पादनमा अध्यक्ष प्रशासकीय अधिकारीका रुपमा अगुवाई, नेतृत्व र समन्वय गर्ने ।

➢ स्थानीय सरकार संचालन ऐन बमोजिम गाउँ गठन, वर्गीकरण तथा व्यवस्थापनका आधारहरु ध्यानमा राखी त्यस्ता आधारहरु कायम गर्न, थप सुधार तथा स्तरीयता कायम गर्न र हाल कायम नरहेका आधार सम्बन्धी आवश्यक कार्य गर्ने गराउने ।

➢ अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका, कार्यसम्पादन समितिहरु र प्रशासनिक संयन्त्रको बिचमा सम्पर्क र समन्वय(जनप्रतिनिधि र प्रशासन विचको सम्बन्ध)को व्यवस्था गर्ने गराउने ।

- संघ, प्रदेश र अन्य स्थानीय तहबीचको सम्पर्क र समन्वयको कार्य गर्ने गराउने ।
- गाउँ सभा तथा कार्यपालिकाको बैठकहरुको उपयुक्त व्यवस्थापन, निर्णय प्रमाणीकरण, बैठकका निर्णय कार्यान्वयनका लागि सम्बन्धित शाखा,उपशाखा तथा निकायहरुलाई जानकारी गराउने तथा निर्णय पुस्तिकाको सुरक्षा गर्न लगाउने ।
- आर्थिक तथा आन्तरिक नियन्त्रण गर्ने गराउने ।
- शाखा प्रमुख मार्फत सबै तहमा आवश्यक निर्देशन दिने, कर्मचारी व्यवस्थापन, कार्ययोजना, श्रोतसाधनको व्यवस्थापनतथा कर्मचारीको कार्यसम्पादन मुल्यांकन सम्बन्धी कार्य गर्ने गराउने ।
- आवश्यकतानुसार मासिक/त्रैमासिक/चौमासिक/बार्षिक समिक्षा गरी अध्यक्ष  तथा कार्यपालिका लगायत सम्बन्धित पदाधिकारी तथा निकायहरुमा प्रतिवेदन गर्ने ।

## ३.प्रशासन योजना तथा अनुगमन शाखा:

- प्रशासन सम्बन्धी कार्य गर्ने गराउने ।
- योजना अनुगमन तथा मुल्यांकन सम्बन्धी कार्य गर्ने गराउने ।
- सूचना प्रबिधि संचार तथा विद्युतीय अभिलेख सम्बन्धी कार्य गर्ने गराउने ।
- राजश्व प्रशासन सम्बन्धी कार्य गर्ने गराउने ।
- कानुन सम्बन्धी कार्य गर्ने गराउने ।
- गाउँपालिकाको प्रशासन, व्यवस्थापन, नीति, योजना, कार्यक्रम, बजेट, कानुन, अनुगमन, मुल्यांकन, सूचना, संचार, सूचना, प्रविधि, विद्युतीय अभिलेख, राजश्व, गाउँ सभा,कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था,सुरक्षा, समन्वय, सम्पर्क, आन्तरिक एवं वाह्य सम्बन्ध, सार्वजनिक खरिद, आर्थिक प्रशासन, अनुसाशन, आचरण, नियमितता लगायत गाउँपालिकाको समग्र प्रशासनिक तथा व्यवस्थापकीय कार्य गर्ने ।

## ३.१.प्रशासन तथा आन्तरिक व्यवस्थापन उपशाखा:

### क.प्रशासन, स्थानीय सेवा तथा जनशक्ति विकास सम्बन्धी कार्य:

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, योजना, मापदण्ड, सेवाशर्त, कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने ।
- संविधानको धारा ३०२ को उपधारा(२) बमोजिम समायोजित भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय गर्ने ।
- सिफारिस र सरुवा भई आउने कर्मचारीको व्यवस्थापन सम्बन्धी कार्य ।
- सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धी कार्य गर्ने ।
- गाउँपालिका र अन्तरगतका कर्मचारीहरुको कार्यविवरण तयार र आवश्यकतानुसार नियमित रुपमा परिमार्जन समेत गरी अद्यावधिक गर्ने ।
- स्थानीय कानुन बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण सम्बन्धी कार्ययोजना बनाउने ।
- कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने गाउँपालिका र अन्तरगत कार्यालयहरुमा कर्मचारीहरुको नियुक्ति, पदस्थापना, सरुवा, बढुवा र अनिवार्य अवकाश सम्बन्धी कार्य गर्ने । स्वीकृत दरबन्दी अनुसार नयां नियुक्ति, बढुवा, पदस्थापना, अवकाश सम्बन्धी अभिलेखहरु अद्यावधिक व्यवस्थित र सुरक्षित रुपमा राख्ने ।

- कर्मचारीको सुविधा सम्बन्धी निवृत्तिभरण, उपदान, औषधीउपचार, संचयकोष आदिको अभिलेख अद्यावधिक गर्ने कार्य गर्ने ।
- रिक्त पदको पदपुर्तिका लागि माग आकृति पठाउने कार्य गर्ने ।
- वडा कार्यालयहरुको कार्यसम्पादनको समग्र व्यवस्था मिलाउने ।
- उपशाखा अन्तरगत इकाइहरुको कार्यविवरण र कार्य सम्पादन सूचक तयारी गर्ने कार्य वातावरणको सृजना गर्ने, कार्य सम्पादनमा सहयोग, अनुगमन, निरिक्षण एवं मूल्यांकन गरी सुझाव एवं पृष्ठपोषण गर्ने ।
- उपशाखा तथा इकाइहरुवाट भए गरेका कामहरुको मासिक, त्रैमासिक, चौमासिक र बार्षिक रुपमा समिक्षा वैठक राखी छलफल गराउने र सो सम्बन्धी प्रतिवेदन कार्यान्वयनका लागि सम्बद्ध शाखा वा निकायमा लेखी पठाउने ।
- भगिनि सम्बन्ध सम्बन्धी काम गर्ने ।
- बिदेशि विशिष्ठ पाहुनाहरुको आतिथ्य तथा शिष्टाचार सम्बन्धी कार्य गर्ने ।
- कार्यालय र अन्तरगका इकाइहरुको सुरक्षा पालोपहरा सरसफाई व्यवस्था गर्ने ।
- विभिन्न उपशाखा वा इकाइको र वडा कार्यालयहरुको प्रशासकीय समन्वय, सहजिकरण र नियन्त्रण कायम राख्ने ।
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।
- गाउँपालिकाको सङ्गठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धी कार्य ।
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबर्धन र नियमनकार्य ।
- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा कार्य ।
- गाउँपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन कार्य ।
- स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु ।

**ख.पूर्बाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेखकार्य:**

- गाउँपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख राख्ने कार्य ।
- गाउँपालिकास्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गरी राख्ने कार्य ।

**ग.स्थानीय तह, प्रदेश र संघ सँगको सम्वन्ध र समन्वय तथा वडा सँगको समन्वय:**

- अन्य स्थानीय तह र संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्व गर्ने ।
- जिल्ला समन्वय समितिसँग समन्वय गर्ने कार्य ।
- वडाहरुसँग सम्पर्क र समन्वय गर्ने कार्य ।
- गाउँपालिकाको तर्फवाट औपचारिक रुपमा पत्राचार, सभा, समारोह, शिष्टाचार सम्बन्धी कार्य ।

**घ.सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा सम्बन्धी कार्य:**

- विपद् व्यवस्थापनमा सहयोग गर्ने कार्य ।
- अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग गर्ने कार्य ।
- फूटपाथ व्यवस्थापन सम्बन्धी कार्य ।
- निर्माण नियमन सम्बन्धी कार्य ।
- गुणस्तर नियन्त्रण सम्बन्धी कार्य ।
- गाउँप्रहरी सम्बन्धी अन्यकार्य ।
- गाउँ सभाको सुरक्षा प्रबन्ध मिलाउने ।

- गाउँ प्रहरीको नियन्त्रण र परिचालन गर्ने।
- सवारी उपकरण र औजारको स्याहार सम्भार गर्न लगाउने।

## ङ.बैठक तथा विधायन सम्बन्धी कार्य :

- गाउँकार्यपालिका तथा गाउँसभा एवं समिति उपसमितहरुको बैठक व्यवस्थापन सम्बन्धी कार्य।
- गाउँसभा वैठकहरुको कार्यसुची निर्धारण र सुचना सम्बन्धी कार्य।
- कार्यपालिका वैठकहरुको उपयुक्त व्यवस्थापन, निर्णय प्रमाणीकरण, वैठकका निर्णय कार्यान्वयनका लागि सम्बन्धित शाखा, उपशाखा,इकाइ वा निकायहरुलाई जानकारी गराउने तथा निर्णय पुस्तिकाको सुरक्षा गर्ने।
- निर्वाचित जनप्रतिनिधि तथा पदाधिकारीहरुको अभिलेख व्यवस्थित गर्ने।
- कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन (सूचना प्रविधि, संचार तथा विदुतीय अभिलेख शाखा संग समन्वय गरी) सम्बन्धी कार्य।
- कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मसौदामा कानुन शाखा संग समन्वय कार्य।
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन कार्य।
- नीति, कानुनको प्रमाणिक प्रतिको संरक्षण, प्रकाशनका लागि समन्वय कार्य।

## च. विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधि, विभुषण, आदिकार्य:

- स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, पर्व, उपाधी, विभुषण,उर्दी आदिको व्यवस्थापन गर्ने।
- उपाधी तथा विभुषण सम्वन्धी सिफारिश, अभिलेख व्यवस्थापन गर्ने।

## छ.योजना, अनुगमन तथा मूल्यांकन सम्बन्धि

- गाउँको दीर्घकालिन, आवधिक र बार्षिक योजना तर्जुमाको आधार तथा प्राथमिकता निर्धारण सम्बन्धी मसौदा तयार गर्ने।
- गाउँपालिकाको रणनीतिक योजना, बार्षिक योजना, कार्यक्रम, स्थानीय योजना, जग्गा विकास योजना तयार गर्ने।
- योजना तर्जुमा, कार्ययोजना तयारी, आयोजना, परियोजना, कार्यक्रम, बजेट नीति, रणनीति, कार्यनीति, उपभोक्ता समिति परिचालन सम्बन्धी कार्य गर्ने।
- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन कार्य गर्ने।
- स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जूमा, अनुगमन तथा मूल्यांकन कार्य गर्ने ।
- आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- योजना कार्यान्वयन सम्बन्धी रणनीतिक कार्ययोजना तयार गर्ने।
- कार्यक्रम तथा परियोजना(Projects)हरुको प्राथमिकता निर्धारण गर्ने।
- Project Bank खडा गर्ने र अध्यावधिक गर्ने।
- बार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन गर्ने।
- विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।
- विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन गर्ने ।

- उपभोक्ता समितिको विवरण, क्षमता विकास गर्ने ।
- विकासका प्राथमिकताप्राप्त क्षेत्र निर्धारण गर्ने ।
- संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने।
- विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य गर्ने ।
- विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा गर्ने ।
- विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण गर्ने ।
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन गर्ने।
- वडा तथा मातहतका निकायहरुलाई समयमै आवधिक र बार्षिक बजेट सीमा पठाउन विषयगत निकाय तथा अन्य सरोकारित निकायहरुसंग समन्वय गर्ने, तयार गर्ने र उपलब्ध गराउने।
- संचालन हुने तथा संचालित कार्यक्रम र आयोजनाको अध्यावधिक अभिलेख राख्ने, विवरण पुस्तिका (Project Document) तयार गराई सो को आधारमा बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने।
- विषयगत संरचना तथा निकायको आवधिक योजना निर्माणमा सहयोग र समन्वय गर्ने र बार्षिक योजना तयार गर्दा अध्यावधिक योजनासंग मिलान हुनेगरी तयार गर्न आवश्यक सहयोग गर्ने।
- गाउँ कार्यपालिका र गाउँ सभाले विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासन कायम राख्नको लागि गाउँपालिकालाई दिएका निर्देशन कार्यान्वयन सम्बन्धी कार्य गर्ने।
- अनुगमन तथा मुल्यांकनका सूचकहरुको आधारमा आयोजनाहरुको नियमित अनुगमन र मुल्यांकनको व्यवस्था गर्ने ।
- कार्यक्रम तथा आयोजनाको कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सहयोग र समन्वय गर्ने माथिल्लो तह वा निकाय वा पदाधिकारीसमक्ष पेश गर्ने र निर्णय कार्यान्वयन गर्ने।
- बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा रउपभोक्ता हित संरक्षण गर्ने ।
- स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यबस्थापन तथा बजार तथा हाटबजार व्यवस्थापन गर्ने ।
- बजार तथा हाटबजार व्यवस्थापन गर्ने ।
- उपभोक्ता अधिकार तथा हितसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन गर्ने ।
- स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन गर्ने।
- स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण गर्ने ।
- स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने ।
- उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने ।
- खाद्यपदार्थको गुणस्तर नियन्त्रण गर्ने ।
- खानेपानीको गुणस्तर नियन्त्रण गर्ने ।
- स्थानीय व्यापार प्रबर्धन, सहजीकरण र नियमन गर्ने ।

### ज. समग्र काम तथा अन्य कार्य:

- गाउँकार्यपालिकाको कार्यालयकोकर्मचारी प्रशासन, मानव संशाधन व्यवस्थापन,जनशक्ति योजना,कार्यविवरण, कामको बांडफांड, आन्तरिक लेखा परिक्षण, अन्तिम लेखा परिक्षण, जिन्सी, खरिद, सवारीसाधन तथा सम्पत्ति व्यवस्थापन, नागरिक सहायता, सोधपुछ तथा दर्ता चलानी, गाउँ सुरक्षार वडा कार्यालय सम्बन्धी कार्य।

- गाउँपालिकाको समग्र प्रशासनिक एवं व्यवस्थापकिय कार्य।
- अन्य शाखा, उपशाखा,इकाइ वा वडा कार्यालयमा नतोकिएको वा नपरेको कार्य।
- स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले सम्पादन गर्नुपर्ने अरुलाई तोकिएका बाहेकका तथा भैपरिआउने अन्य कार्यहरु।

### ३.१.१जिन्सी, खरिद, सवारीसाधन तथा सम्पत्ति व्यवस्थापन इकाइ:

- गाउँपालिकाको लागि जिन्सी मालसामान व्यवस्थापन, खरिद व्यवस्थापन, सवारीसाधनको व्यवस्थापन र पालिकाको सम्पत्तीको व्यवस्थापनसंग सम्बन्धित कार्य।
- गाउँपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषय।
- गाउँपालिका भित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय सम्बन्धीको अभिलेखको विषय।
- गाउँपालिकास्थित सरकारी सम्पत्तिको एकीकृत विवरणतयार गरी राख्ने।
- गाउँपालिकाको स्वामित्वमा रहेको स्थायी सम्पत्तिको अद्यावधिक अभिलेख।
- सवारी उपकरण र औजारको स्याहार सम्भार गर्न लगाउने।
- मालसामाननिर्माण कार्य वा सेवा खरिद गर्नु अघी त्यससम्बन्धी स्पेशिफिकेसन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्ने।
- मालसामान निर्माण कार्य वा सेवाको सम्बद्ध वस्तुगत प्राविधिक तथा गुणस्तरजन्य विशेषता र कामको आधारमा तयार गर्ने।
- भण्डार संचालन कार्य व्यवस्था मिलाउने।
- जिन्सी अभिलेखहरु राख्ने, जिन्सी सम्बन्धी आम्दानी, खर्चको समेत अभिलेख राख्ने।
- गाउँपालिका कार्यालय संचालनका लागि आवश्यक सामानहरु खरिद सम्बन्धी कार्य गर्ने।
- सामानहरुको प्राप्ती, अभिलेख, वितरण, खर्च, सुरक्षा सम्बन्धी कार्य गर्ने।
- कार्यालयमा रहेका सवारी साधनहरुको इजाजत नविकरण सम्बन्धी कार्य गर्ने।

### ३.१.२नागरिक सहायता, सोधपुछ तथा दर्ता चलानी इकाइ:

- नागरिक सहायता, सोधपुछ, हेल्पडेस्क र गाउँपालिका कार्यालयको चिठिपत्र लगायतका फाइल कागजातहरुको दर्ता एवं चलानी सम्बन्धी कार्य।
- कार्यालयमा आउने सेवाग्राहीलाई माग भएको सेवा सम्बन्धी सूचना दिने तथा सहजिकरण गर्ने।
- कार्यालयमा प्राप्त हुने र कार्यालयबाट पठाइने चिठ्ठीपत्र, दस्तावेज, कुरियर आदिको अभिलेख सम्बन्धी कार्य गर्ने।
- कार्यालयमा शुरुमा आउने नागरिकहरुलाई सेवा प्राप्तीको जानकारी सम्बन्धमा आवश्यक सहायता उपलब्ध गराउने।
- विभिन्न फारामहरु र सूचना वितरण सम्बन्धी कार्य गर्ने।
- अन्य कार्यालयवाट आएको सूचना टांस गर्ने र मुचुल्का तयार गरी पठाउने।
- कार्यालयका पत्रहरु चलानी गरी सम्बन्धित निकायमा पठाउने सम्बन्धी कार्य गर्ने।
- कार्यालयमा आएका पत्रहरु दर्ता गर्ने र प्रमुख प्रशासकीय अधिकृतको सचिवालयमा बुझाउने।

- गाउँपालिकामा आएका पत्रहरु दर्ता गर्ने र यदि अध्यक्ष वा उपाध्यक्ष संग पेश गर्ने प्रकृतिका पत्र भए सम्बन्धित सचिवालयमा बुझाउने ।

### ३.१.४ वडा कार्यालयहरु:

#### क.वडास्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने कार्य:

- आफ्नो वडाभित्रको बस्तुगत विवरण (नदीनाला, जैविक विविधता, खनिज पदार्थ, जनसंख्याको बनोट, आर्थिकअवस्था, उद्योगधन्दा, शिक्षा तथा स्वास्थ्य सम्बन्धी विवरण आदि) तयार गर्ने, अद्यावधिक गर्दै लैजाने ।
- निजी घर तथा घर परिवारको लगत राख्ने ।
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने ।
- खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्वा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पाश्र्वचित्र तयार तथा अद्यावधिक गर्ने ।

#### ख.वडाका विकास निर्माणका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा आवधिक प्रगति समीक्षा गर्ने कार्य:

- सहभागीतामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्तीतथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने ।
- टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिकोगठन तथा सोको अनुगमन गर्ने ।
- वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने ।

#### ग.वडाका विकास निर्माणका काम गर्ने कार्य:

- बालउद्यानको व्यवस्था गर्ने ।
- अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने ।
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने ।
- वडा तहको स्वास्थ्यकेन्द्र तथा उपकेन्द्रको व्यवस्थापन गर्ने ।
- बालबालिकाहरूलाई बि.सि.जि.,पोलियो, भिटामिन "ए" को व्यवस्था गर्ने ।
- पोषण कार्यक्रमको सञ्चालन गर्ने ।
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने ।
- शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने ।
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र ब्यवस्थापन गर्ने, गराउने ।
- वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने ।
- घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने ।

- कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रबर्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने।
- कृषि मलको माग सङ्कलन गर्ने।
- कृषिमा लाग्ने रोगहरूको विवरण तयार गर्ने।
- पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन।
- वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने।
- स्थानीयसमुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने।
- स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रबर्धन गर्ने।
- वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने।
- अन्तर विद्यालय तथा वालक्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने।
- वडा क्षेत्रभित्रको वाटोघाटो चालू अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने।
- वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने।
- बाटोघाटोको बाढी, पहिरो पन्छाउने।
- घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने।
- वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने।
- प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक र सोको अभिलेख संरक्षण गर्ने।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने।
- वडालाई बालमैत्री बनाउने।
- वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने।
- विभिन्न समुदायका बीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने।
- बालविवाह, महिला विरुद्धको हिँसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने, गराउने।
- प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी पालिकामा प्रतिवेदन सहित रकम बुझाउने।
- असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्याई औषधोपचार गराउने।
- असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने।
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने, गराउने।
- वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,
- वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने,।
- वडालाई वातावरणमैत्री बनाउने।

- प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्रीशासन जस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने ।

### घ. कानून बमोजिमका नियमन गर्ने कार्य:

- वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको नियमन गर्ने।
- घर निर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने।
- खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने।
- वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रबर्धन गरी लगत राख्ने.
- हाट बजारको व्यवस्थापन गर्ने, गराउने.
- विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने।
- नाता, नागरिकता आदिको सिफारिस तथा प्रमाणित गर्ने।
- आफ्नो भौगोलिक क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा, तथामहशूलको स्थानीय दररेट तोक्ने।
- आफ्नो वडाभित्रका उपभोक्ता समिति, सहकारी संस्था, निजी क्षेत्र लगायतका सबै विकास साझेदारहरुसँग विकासनिर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय गर्ने।
- समय समयमा सम्बद्ध कानूनले तोकेबमोजिम अन्य काम गर्ने।

### ङ. अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्नेकार्य :

- पञ्जिकरण, नागरिकता तथा अभिलेख व्यवस्थापन।
- व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन।
- सम्बद्ध कानून र मापदण्ड बमोजिम व्यक्तिगत घटना (जन्म, मृत्यु, विबाह, बसाइ सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता।
- आधुनिक प्रविधि अपनाई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन।
- नेपाली नागरिकताको प्रमाणपत्रका लागि सिफारिस लगायतका महत्वपूर्ण अभिलेखको व्यवस्थापन।
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन।
- स्थानीय स्तरको अभिलेख व्यबस्थापन ।
- नाता प्रमाणित गर्ने।
- नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने।
- बहाल करको लेखाजोखा सिफारिस गर्ने।
- मोही लगत कट्टाको सिफारिस गर्ने।
- घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने।
- जन्म मिति प्रमाणित गर्ने।
- व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने।
- मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने।
- विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने।

- निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने।
- अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने।
- घर पाताल प्रमाणित गर्ने।
- व्यक्तिगत विवरण प्रमाणित गर्ने,
- पुर्जामा घर कायम गर्ने सिफारिस गर्ने।
- फरक, फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारीश गर्ने।
- नाम, थर,जन्म मिति संशोधनको सिफारिस गर्ने।
- जग्गा धनीपूर्जा हराएको सिफारिस गर्ने।
- कागज र मन्जुरीनामा प्रमाणित गर्ने।
- कित्ताकाट गर्न सिफारिस गर्ने।
- संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने।
- जीवितसँगको नाता प्रमाणित गर्ने। जीवित रहेको सिफारिस गर्ने।
- हकवाला वा हकदार प्रमाणित गर्ने।
- नामसारी गर्न सिफारिस गर्ने।
- जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने।
- मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने
- उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने।
- पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस र अनुमति दिने।
- जग्गा मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने।
- विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने।
- पालनपोषणको लागि सिफारिस गर्ने।
- वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस गर्ने।
- आर्थिक अवस्था कमजोर वा बिपन्नता प्रमाणित गर्न वा आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित गर्ने।
- विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने।
- धारातथा विद्युत जडानको लागि सिफारिस गर्ने।
- प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने।

**योजना, अनुगमन तथा मूल्यांकन सम्बन्धि**

- गाउँको दीर्घकालिन, आवधिक र बार्षिक योजना तर्जुमाको आधार तथा प्राथमिकता निर्धारण सम्बन्धी मसौदा तयार गर्ने।
- गाउँपालिकाको रणनीतिक योजना, बार्षिक योजना, कार्यक्रम, स्थानीय योजना, जग्गा विकास योजना तयार गर्ने।
- योजना तर्जुमा, कार्ययोजना तयारी, आयोजना, परियोजना, कार्यक्रम, बजेट नीति, रणनीति, कार्यनीति, उपभोक्ता समिति परिचालन सम्बन्धी कार्य गर्ने।
- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन कार्य गर्ने।
- स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जूमा, अनुगमन तथा मूल्यांकन कार्य गर्ने ।

- आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- योजना कार्यान्वयन सम्बन्धी रणनीतिक कार्ययोजना तयार गर्ने।
- कार्यक्रम तथा परियोजना(Projects)हरुको प्राथमिकता निर्धारण गर्ने।
- Project Bank खडा गर्ने र अध्यावधिक गर्ने।
- बार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन गर्ने।
- विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।
- विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन गर्ने ।
- उपभोक्ता समितिको विवरण, क्षमता विकास गर्ने ।
- विकासका प्राथमिकताप्राप्त क्षेत्र निर्धारण गर्ने ।
- संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने।
- विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य गर्ने ।
- विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा गर्ने ।
- विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण गर्ने ।
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन गर्ने।
- वडा तथा मातहतका निकायहरुलाई समयमै आवधिक र बार्षिक बजेट सीमा पठाउन विषयगत निकाय तथा अन्य सरोकारित निकायहरुसंग समन्वय गर्ने, तयार गर्ने र उपलब्ध गराउने।
- संचालन हुने तथा संचालित कार्यक्रम र आयोजनाको अध्यावधिक अभिलेख राख्ने, विवरण पुस्तिका (Project Document) तयार गराई सो को आधारमा बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने।
- विषयगत संरचना तथा निकायको आवधिक योजना निर्माणमा सहयोग र समन्वय गर्ने र बार्षिक योजना तयार गर्दा अध्यावधिक योजनासंग मिलान हुनेगरी तयार गर्न आवश्यक सहयोग गर्ने।
- गाउँ कार्यपालिका र गाउँ सभाले विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासन कायम राख्नको लागि गाउँपालिकालाई दिएका निर्देशन कार्यान्वयन सम्बन्धी कार्य गर्ने।
- अनुगमन तथा मुल्यांकनका सूचकहरुको आधारमा आयोजनाहरुको नियमित अनुगमन र मुल्यांकनको व्यवस्था गर्ने ।
- कार्यक्रम तथा आयोजनाको कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सहयोग र समन्वय गर्ने माथिल्लो तह वा निकाय वा पदाधिकारीसमक्ष पेश गर्ने र निर्णय कार्यान्वयन गर्ने।
- बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा रउपभोक्ता हित संरक्षण गर्ने ।
- स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यबस्थापन तथा बजार तथा हाटबजार व्यवस्थापन गर्ने ।
- बजार तथा हाटबजार व्यवस्थापन गर्ने ।
- उपभोक्ता अधिकार तथा हितसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन गर्ने ।
- स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन गर्ने।
- स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण गर्ने ।
- स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने ।
- उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने ।

- खाद्यपदार्थको गुणस्तर नियन्त्रण गर्ने ।
- खानेपानीको गुणस्तर नियन्त्रण गर्ने ।
- स्थानीय व्यापार प्रबर्धन, सहजीकरण र नियमन गर्ने ।

### ३.३.राजश्व प्रशासन उपशाखा:

- राजश्व नीति तथा राजश्व प्रशासन सम्बन्धी कार्य गर्ने।
- राजश्व परिचालन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन अध्ययन, अनुसन्धान तथा विश्लेषण कार्य गर्ने गराउने।
- राजश्व सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन र नियमन (राजस्व चुहावट नियन्त्रण समेत)।
- आफ्नो क्षेत्रभित्र राजस्वका दर, अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन, समन्वय र नियमन गर्ने।
- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुरको नीति, कानुन, मापदण्ड, नियमन, शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन कार्य गर्ने।
- सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन, अन्य आय व्यवस्थापन गर्ने।
- सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँड गर्ने।
- सम्भाव्य प्राकृतिक स्रोत साधन तथा अन्य आन्तरिक स्रोत साधनको पहिचान परिचालन समन्वय र आर्थिक एवं प्रशासनिक अनुशासन सम्बन्धी कार्य गर्ने।
- गाउँको राजश्वको लगत, वितरण, अभिलेख, व्यवस्थापन तथा लेखापरिक्षण गर्ने।
- प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी, खनिज पदार्थको उत्खनन र सो सम्बन्धी रोयल्टी, सामुदायिक वनको संचालन र व्यवस्थापन, स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नविकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमन आदिबाट प्राप्त हुने रोयल्टी, सेवाशुल्क, दस्तुर, दण्ड, जरिवाना आदिको संकलन, समन्वय र नियमन सम्बन्धी कार्य गर्ने।
- राजश्व परिचालनमा भएका विवाद समाधानका लागि समन्वय र प्रयाश गर्ने।
- स्थानीय करको अनुगमन, मुल्यांकन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने।
- करदाताको सर्वेक्षण सम्बन्धी कार्य गर्ने।
- करयोग्य करदाताहरुलाई करको दायराभित्र ल्याउनको लागि आवश्यक कार्यहरु गर्ने।
- करदाताले तिर्नुपर्ने कर, शुल्क, दस्तुर, जरिवाना आदि तय गरी असुल गर्ने।
- राजश्व संकलनको अध्यावधिक अभिलेख तयार गरी राख्ने र दैनिक कर असुली विवरण तयारी गर्ने।
- राजश्व सम्बन्धी प्रचारप्रसार तथा गोष्ठी संचालन सम्बन्धी कार्य गर्ने।
- कर चुक्ता सिफारिस सम्बन्धी कार्य गर्ने।
- राजश्व परामर्श समितिको कामकारवाहीमा सहयोग गर्ने।
- गाउँपालिकाको राजश्व ठेक्कापट्टा सम्बन्धी कार्य गर्ने।

- बार्षिक तथा पटके सवारी कर सम्बन्धी लगत अध्यावधिक गर्ने।
- घरभाडा, व्यवसाय कर, सवारी कर, पटके व्यवसाय, बहालविटौरी कर असूली तथा अध्यावधिक अभिलेख राख्ने।
- संकलित कर रकमको फांटवारी, दैनिक असुली, बैंक दाखिला, बैंक क्यास बुक पोष्टिङ लगायत असुली तालिका तयार गरी लागु गराउने, बित्तिय विवरण तयार गर्ने।
- करदातालाई उत्प्रेरित गर्ने खालका पारदर्शी र चेतनामूलक कार्यक्रम संचालन गर्न।
- राजश्वसंग सम्बन्धीत सिफारिसहरु तयार गर्ने।
- मालपोत संकलन गर्ने ।
- कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन।
- ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्लायर, र्याफ्टिङ्ग शुल्क संकलन।
- सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन।
- पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन।
- प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना।
- प्रचलित कानुन बमोजिम दण्ड जरिवाना।
- बाँकी बक्यौता रकमको लगत र असुल उपर।
- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक।
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन।
- राजश्व परामर्श समिति सम्बन्धी विषय।
- स्थानीय राजस्व प्रबर्धनका लागि प्रोत्साहन।
- राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान।
- संघीय तथा प्रदेश कानून बमोजिम बजेट घाटापूर्तिको स्रोत व्यवस्था।
- गाउँपालिकाको खर्चको आवश्यकता र राजश्वको क्षमताको अध्ययन विश्लेषण तथा वित्तीय अन्तर (Fiscal Gap)निर्धारण सम्बन्धी कार्य।
- गाउँपालिकाको आन्तरिक राजश्वको संभाव्यता अध्ययन, खोजी, परिचालन, संकलन र बढोत्तरी गर्ने कार्य।

### ३.४.कानुन उपशाखाः

- गाउँपालिकाका लागि आवश्यक कानुनी राय, परामर्श उपलब्ध गराउने सम्वन्धी कार्य गर्ने।
- परेका रिट निवेदन र पुनरावेदन सम्बन्धी कार्य गर्ने गाउँपालिकाको तर्फवाट मुद्धामा वहश पैरवी गर्ने।
- विभिन्न तहका अदालतहरुमा विचाराधिन रहेका मुद्धा र उजुरीहरुको लगत राखी अध्यावधिक अवस्थावारे गाउँपालिका अध्यक्ष,गाउँपालिका उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने।
- मुद्धाहरुको पुर्पक्ष सम्बन्धी कारवाही समयमै गर्ने गराउने व्यवस्था मिलाउने।
- चालु मुद्धामामिलाहरुको रजिष्टर दर्ता गरी कागजातहरु सुरक्षितसाथ राख्ने र चल्ती मिसिलहरुको नक्कल सरोकारवाला व्यक्तिले लिन आएमा कानुनी प्रकृया पुर्याई नक्कल दिने व्यवस्था गर्ने।
- अदालत वा अन्य निकायहरुवाट प्रमाणको लागि मिसिल माग भइआएमा पंजिका र नक्कल बनाई सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्ने।

- गाउँपालिकासंग सम्बन्धित ऐन नियम र मुलुकी अपराध संहिता ऐन मुलुकी देवानी संहिता ऐन नेपाल सरकारका राजपत्र तथा प्रदेश सरकारका राजपत्र आदि सुरक्षित राख्ने व्यवस्था मिलाउने।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ मा व्यवस्था भएको गाउँपालिकाको न्यायिक अधिकार सम्बन्धी कार्यहरुको कार्यान्वयनको लागि न्यायिक समितिको सचिवालयवाट माग भएको कानुनी सहयोग गर्ने।
- गाउँपालिकाका लागि अड्डा अदालतमा प्रतिरक्षा गर्नको लागि आवश्यकप्रतिउत्तर जवाफ लगायतको कानुनी कार्य गर्ने ।
- गाउँपालिकाका लागि आवश्यक ऐन, नियम, निर्देशिका,कार्यविधि, मापदण्ड लगायतका कानुनी दस्तावेजहरुको मस्यौदा लेखन तथा तयारी सम्बन्धी कार्य गर्ने।
- सम्बन्धित ऐन, नियमको मस्यौदा तथा ऐन, नियममा सुधार गर्नुपर्ने विषयमा तथा नयांविधेयक तर्जुमा सम्बन्धी काममा आवश्यक कार्य गर्ने।
- कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मसौदामा संयोजन (प्रशासनतथा व्यवस्थापन शाखा एवं प्रशासनउपशाखासंग समन्वय गरी)सम्बन्धी कार्य गर्ने ।
- विधायन सम्वन्धी अन्य कार्य गर्ने ।
- न्यायिक समितिको काम कारवाहीमा आवश्यक सहयोग गर्ने।
- न्यायिक समितिलाई आवश्यक कानुनी परामर्श, राय, सुझाव लगायत सम्बन्धी अन्य सरोकारित कानुनी कार्य गर्ने ।
- न्यायिक समितिको विषय, प्रस्ताव, कार्यक्रम, निर्णय तथा फैसला कार्यान्वयन सम्बन्धी कार्य गर्ने ।
- न्यायिक समितिमा आवश्यक सहयोग समन्वय र सहजिकरण सम्वन्धी कार्य गर्ने।
- न्याय तथा कानूनी राज्यको परिपालना सम्बन्धी कार्य गर्ने ।
- मानव अधिकारको संरक्षण तथा प्रबर्धन सम्बन्धी कार्य गर्ने ।
- व्यक्ति र समुदाय बीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन तथा सहजिकरण सम्बन्धी कार्य गर्ने ।
- न्यायिक समिति र अन्य न्यायिक निकायवाट भएका निर्णय तथा फैसला कार्यान्वयन सम्बन्धी कार्य गर्ने ।
- न्यायिक समितिमासहयोग र सहजिकरण सम्बन्धी कार्य गर्ने ।
- स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्य गर्ने।
- मेलमिलाप र मध्यस्थताको व्यवस्थापनमा सहयोग गर्ने सम्बन्धी कार्य गर्ने।
- न्यायिक समितिको सचिवालयलाई सहयोग गर्ने सम्बन्धी कार्य गर्ने।
- मेलमिलाप र मध्यस्थता निर्णय तथा फैसला कार्यान्वयनको कार्य गर्ने।
- मेलमिलाप केन्द्र इजलाश कक्षको संचालन र व्यवस्थापन गर्ने कार्य।
- गाउँपालिका र वडा कार्यालयहरुलाई आवश्यकतानुसार कानुनी राय परापर्श उपलब्ध गराउने कार्य।

## ४.आर्थिक प्रशासन शाखा:

- गाउँपालिकाको आर्थिक (कार्यविधि) नीति, आर्थिक कार्यप्रणाली, कानुन, मापदण्ड, तयारी तथाकार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- बजेट सीमा निर्धारण, बजेट तर्जुमा, कार्यान्वयन र नियमन कार्य गर्ने।
- प्रशासन तथा व्यवस्थापन शाखा, प्रशासन तथा आन्तरिक व्यवस्थापन उपशाखार योजना अनुगमन तथा मुल्यांकन उपशाखासंग समन्वय गरी गाउँपालिकाको बार्षिक बजेट तयार गर्ने कार्य गर्ने।

- बार्षिक बजेट तर्जुमा (साधारण), निकासा एवं खर्चको प्रबन्ध सम्बन्धी कार्य, आयव्यय विवरण सार्वजनिक गर्न सूचना संयन्त्रमा विवरण उपलब्ध गराउने कार्य गर्ने।
- खर्च गर्ने शाखा, उपशाखा,इकाइ तथा निकायलाई अख्तियारी सम्बन्धी कार्य गर्ने।
- गाउँपालिकाका वार्षिक आर्थिक विवरण तयार गर्ने कार्य।
- आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने कार्य ।
- कार्यालयको तर्फवाट तिर्नुपर्ने महशुलहरु समयमै बुझाउन लगाउने।
- नगद तथा अभिलेखहरुको सुरक्षा सम्बन्धी कार्य गर्ने।
- धरौटी अभिलेख राख्ने र फिर्ता दिने कार्य व्यवस्थित गर्ने।
- आम्दानी जम्मा गर्ने तथा भुक्तानी र अभिलेख राख्ने सम्बन्धी कार्यलाई व्यवस्थित बनाउने।
- आर्थिक प्रशासन सम्बन्धी विषयमा सुझाव दिने, ऐन नियममा भएको विषयमा स्पष्ट गर्ने।
- बेरुजुको लगत राख्ने, फछ्यौट गर्ने गराउने कार्य।
- बजेट थप, श्रोत परिवर्तन, रकमान्तर, खर्च सम्बन्धी कार्य गर्ने कार्य।
- प्रचलित आर्थिक ऐन नियमको प्रकृया पुरा गरी तलब भत्ताको प्रकृया तथा भुक्तानी लगायत कार्यालयको सरकारी खर्चको व्यवस्थापन एवं आर्थिक विवरण तयार गर्ने कार्य ।
- गाउँपालिकाको विभिन्न शाखा, उपशाखा र इकाइहरुको सेवाबाट तथा अन्य आम्दानीबाट प्राप्त हुने राजश्व संकलन एवं दैनिक रुपमा दाखिला र अभिलेख राख्ने कार्य ।
- गाउँपालिकाको विभिन्न कोषहरुको व्यवस्थापन कार्य ।
- कर्मचारीहरुको उपदानकोष लगायत विभिन्न कोषहरुको व्यवस्थापन कार्य ।
- गाउँपालिकामा समय समयमा दातृ निकाय वा दातृ पक्षहरुबाट प्राप्त अनुदानहरुको दाखिला गरी उचित व्यवस्थापन गर्ने कार्य ।
- गाउँपालिकाको आम्दानीका श्रोतको खोजी गर्ने कार्य।
- नियमानुसार विमा गर्ने कार्य।
- गाउँपालिकाबाट दिईने सेवा सुबिधाबाट राजश्व निर्धारण गरी आन्तरिक आयश्रोत बढाउने कार्य।
- कर्मचारीको तलब भुक्तानी सम्बन्धी कार्य।
- कर्मचारीको दैनिक भ्रमण भत्ता, जिन्सी खरिद सम्बन्धी विल बमोजिमको भुक्तानी कार्य ।खर्च तथा आम्दानीको फाँटवारी तयारी कार्य।
- भैपरी खर्च, औषधि उपचार खर्च सम्बन्धी कार्य।
- आन्तरिक लेखा परिक्षण र अन्तिम लेखापरिक्षण गराउने काममा सहयोग गर्ने कार्य।
- बेरुजू फछ्यौटको लागि पत्राचार एवं बेरुजू फछ्यौंट सम्बन्धी कार्य।
- सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन कार्य।
- लगानी र लाभांशको व्यबस्थापन कार्य।
- लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्यसंचालन कोष तथा अन्य सरकारी कोष तथा संपत्तिको एकीकृत विवरणको कार्य।
- गाउँको समष्टिगत आर्थिक तथा वित्तीय अवस्थाको विश्लेषण अनुगमन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।
- ऋण तथा अनुदानको व्यवस्थापन र नियमन कार्य।

- लगानी प्रक्षेपण (सहकारी, सहकारी तथा निजी) र वित्तीय व्यवस्थापन कार्य ।
- कारोबारको लेखांकन, नियन्त्रण तथा व्यवस्थापन कार्य ।
- राजश्व तथा व्ययको अनुमान कार्य ।
- बेरुजू फछ्र्यौट कार्य ।
- आर्थिक प्रशासन र व्यबस्थापन सम्बन्धी अन्य विविध कार्य गर्ने ।
- गाउँपालिकाले गाउँपालिका बाहेक गाउँपालिका मातहतको कार्यालयमा तोकेको अवस्थामा सो कार्यालयको आर्थिक प्रशासन तथा व्यवस्थाप सम्बन्धी कार्य गर्ने ।

## ५.पूर्वाधार विकास तथा वतावरण व्यवस्थापन शाखा:

- सडक, सिंचाई तथा अन्य पूर्वाधार विकास सम्बन्धी कार्य गर्ने गराउने ।
- भवन, वस्ती विकास तथा नक्शापास सम्बन्धी कार्य गर्ने गराउने ।
- वन, वातावरण, सरसफाई तथा विपद व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने ।

### ५.१.सडक, सिंचाई तथा अन्य पूर्वाधार विकास उपशाखा:

- सडक, सिंचाई, जलविद्युत, उर्जा, सडक वत्ती र यातायात व्यवस्था सम्बन्धी कार्य ।
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमनगर्ने ।
- गाउँपालिका भित्र निर्माण गर्नुपर्ने भौतिक संरचना (शहरी विकास, वसपार्क, वसस्टप, शौचालय, ओभरहेड पुल, विभिन्न प्रकारका मल्टिस्टोरी संरचना, यातायात नियमन आदि)को सर्भे अध्ययन डिजायन विश्लेषण गरी बार्षिक कार्यतालिका सहित श्रोतसाधन जनशक्तिको आंकलन गरी गाउँपालिका कार्यपालिकावाट स्वीकृत भएपछि गाउँसभावाट पारित गर्न प्रस्ताव तयार गर्ने ।
- शहरी विकास नीतिको आधारमा आवास क्षेत्र, व्यापारिक क्षेत्र, खुलापार्क, खेलमैदान नीति, भित्री शहरी सडक, ठूला मार्गको मर्मतसंभार गर्ने गराउने र यस सम्बन्धमा अन्तर गाउँपालिका तथा सम्बद्ध अन्य निकाय (प्रदेश वा संघीय) संग समन्वय गरि व्यवस्था स्वीकृत नीति बनाइ कार्यान्वयन गर्ने गराउने ।
- शुद्ध खानेपानी उत्पादन, वितरण, सुधारसम्भार र व्यवस्थापनमा समन्वय, सहकार्य समेत गरी भरपर्दो रुपमा पानी उपलब्ध गराउने गर्न लगाउने, ढल निर्माण व्यवस्थापन संरक्षण गर्ने गराउने, साथै, नदी र जलस्रोत फोहोररहित सफा स्वच्छ बनाउने बनाउन लगाउने ।
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा गर्ने ।
- कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार ।
- यातायात सुरक्षा व्यवस्थापन र नियमन ।
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमन ।
- ट्याक्सी सेवा अनुमती, व्यबस्थापन र नियमन ।
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रबर्धन ।
- आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसंग समन्वय ।
- यातायात क्षेत्रमा लगानी अभिबृद्धि ।
- यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच ।
- यातायात क्षेत्रमा वाताबरणमैत्री प्रविधिलाई प्रोत्साहन ।

- निजी यातायात नियमन र व्यवस्थापन।
- आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन।
- सिंचाई, जलविद्युत, उर्जा, सडक वत्ती, साना जलविद्युतआयोजना, उर्जा, सडक वत्ती,नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्वन्धी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन।
- वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धितथा प्रबर्धन।
- विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन।
- जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन।
- स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन।
- सडक वत्तीको व्यवस्था।
- सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण।
- सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण र नियमन।
- सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन।
- स्थानीय साना, सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन।
- जलउत्पन्न प्रकोप नियन्त्रण सम्वन्धी स्थानीय तटबन्ध, नदी नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन।
- साना जल उपयोग सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन ।
- सार्वजनिक निजी साझेदारी सम्बन्धी कार्य।
- स्थानीय सार्वजनिक-निजी साझेदारी सम्वन्धी स्थानीय नीति, योजना निर्माण।
- स्थानीय सार्वजनिक-निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयन।
- स्थानीय विकासमा निजी क्षेत्रको प्रर्बधन।

### ५.२. भवन, वस्ती विकास तथा नक्शापास उपशाखा:

- भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत) सम्बन्धी कार्य।
- भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन।
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन।
- भवन निर्माण इजाजत, भवन संहिता कार्यान्वयन।
- भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमनसम्बन्धी कार्य।
- पुरातत्व, प्राचीन स्मारक र संग्राहलय संरक्षण, सम्बर्धन र पुनःनिर्माण सम्बन्धी कार्य।
- सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत संभार।
- जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा, भू—उपयोग तथा वस्ती विकास सम्बन्धी कार्य।
- प्रादेशिक मापदण्ड बमोजिम घरजग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन।
- भूमिको वर्गीकरण अनुसारको लगत सम्बन्धी कार्य।

- जग्गाको कित्ताकाट र भूमीको लगत (नक्शा, स्रेस्ता) निर्माण र संरक्षण सम्बन्धी कार्य।
- सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण।
- जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता।
- विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्व लगायत वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगतको कार्य।
- बस्ती विकास, शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन।
- आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन।
- गाउँपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन।
- आधारभूत बसोवास सम्बन्धमा प्रदेश सरकारसँग समन्वय।
- योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन।
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकिकरण तथा जग्गा विकास र व्यबस्थापन।
- सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही आफ्नो क्षेत्रको भूउपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन।
- सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन।
- संघीय र प्रदेश कानुन बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्था।
- स्थानीयस्तरमा सुकुम्वासी सम्वन्धी जीविकोपार्जन र वसोवास व्यवस्था।
- एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन।
- गाउँआवास योजना (ल्याण्ड हाउस पुलिङ आदि समेत) शहरी विकास र खानेपानी तथा ढल व्यवस्था संयन्त्रसंग समन्वय गरी कार्यान्वयन गर्ने।
- आवास भवन निर्माणको मापदण्ड, बहुतला भवनका मापदण्ड, मानक, भौगर्भिक अवस्था, क्षेत्र (लोकेशन) र जग तथा उचाई आदिको नक्शा डिजाइन विश्लेषण गरी स्वीकृती आधार तयार गर्ने र कार्यान्वयन गर्ने गराउने।
- आवास भवन, व्यापारिक भवन, कार्यालय भवन, सरकारी वा वैदेशिक संस्थाका ठुला भवन, कम्पाउण्ड पर्खाल, पार्क, पार्किङस्थल, ढल फोहोर व्यवस्थापन आदिका आधारमा निर्माण स्विकृति नीति बनाउने लागु गर्ने गराउने।
- स्वीकृत नक्शा र मापदण्ड अनुसार काम भए नभएको अनुगमन गर्ने, निर्देशन नियमन गर्ने।
- भवन निर्माणको आचारसंहिता पालना गराउने र पालना भए नभएको अनुगमन गर्न तथा नियमन र निर्देशन गर्ने।
- सम्पदाको ऐतिहासिक र पुरातात्विक क्षेत्र वा वस्तुको राष्ट्रिय अन्तराष्ट्रिय महत्वको आधारमा वर्गिकरण अनुसार अभिलेख सुची तयार गर्ने। तिनीहरुको अवस्था जनआस्था र चासो आम्दानीका स्रोतवारे जानकारी हुने वैज्ञानिक अभिलेख बनाउने, संरक्षण पुनरुद्धार गर्ने योजना बनाइ कार्यान्वयन गर्ने गराउने।
- सम्पदा सूचीमा परेका स्थान, क्षेत्र, मठमन्दिरलाई राम्रो संभार गरी वृत्तचिब बनाउने वा बनाउन प्रोत्साहन गरी बजारमा प्रचारप्रसार गर्ने गराउने कार्य गर्ने।

## ५.३. सरसफाई तथा विपद व्यवस्थापन उपशाखा:

- गाउँ सरसफाई सम्बन्धी कार्य गर्ने ।
- गाउँको सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने।
- गाउँभित्रको फोहोर वर्गिकरण, संकलन र व्यवस्थापन व्यवस्थित रुपमा गर्ने गराउने।

- फोहोरमैलालाई वर्गिकरण गरी व्यवस्थापन गर्ने गराउने ।
- टोल विकास संस्था, स्वयंसेवी संस्था, निजी क्षेत्र समेतको सहकार्यमा फोहोर व्यवस्थापन गर्ने गराउने ।
- सरसफाई सम्बन्धी सवारी उपकरण र औजारको स्याहार संभार गर्ने ।
- सरसफाई सचेतनाको अभिवृद्धि ।
- प्रदुषणमुक्त गाउँ बनाउन आवश्यक नीति, कार्यदिशा निर्धारण गर्ने र अध्ययन अनुसन्धान गर्ने ।
- फोहोरमैला व्यवस्थापन र सरसफाई सम्बन्धी कार्य र सोको सूचना प्रणालीको व्यवस्थापन ।
- विपद् व्यवस्थापन, बारुणयन्त्र, एम्वुलेन्स सम्बन्धी कार्य ।
- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा गाउँस्तरका आयोजनाको कार्यान्वयन र नियमन गर्ने ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्ययोजना, पुर्व सूचना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय सम्बन्धी कार्य गर्ने ।
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरणव्यवस्था सम्बन्धि कार्य गर्ने ।
- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य ।
- विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गर्ने ।
- विपद जोखिम न्युनिकरण सम्बन्धी गाउँस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन र अनुगमनमा सहयोग गर्ने ।
- विपद् पश्चात् स्थानीयस्तरको पुनस्थापना र पुनर्निर्माण गर्ने ।
- विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन, अनुसन्धान गर्ने ।
- प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी गर्ने ।
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने ।
- बारुणयन्त्र तथा एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली सम्बन्धी काय गर्ने ।
- उद्यान, पार्क, खुला मैदान आदिको संभाव्य क्षेत्रको पहिचान र संरक्षण सम्बर्धन गर्ने ।
- वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्य गर्ने ।

### ६.स्वास्थ्य सेवा शाखा:

- आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी कार्यगर्ने ।
- आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, रणनीति, योजना,कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन कार्य गर्ने ।
- राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण ।
- राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन ।
- आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रबर्धन ।
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन ।
- सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम ।
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन ।
- सरसफाई सचेतनाको अभिवृद्धिर स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन गर्ने ।
- रक्तसञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा ।

- औषधि पसल सञ्चालन अनुमति, अनुगमन र नियमन।
- औषधिजन्य वनस्पति, जटीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण।
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन।
- औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन।
- औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण।
- औषधि र स्वास्थ्य उपकरणको खरीद, भण्डारण र वितरण।
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन।
- जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)।
- प्रबर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन।
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योगअभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रबर्धन।
- जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन।
- सुर्ति, मदिरा र लागूपदार्थजन्य वस्तुको प्रयोग, नियन्त्रण तथा सचेतना अभिवृद्धि।
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाकोव्यवस्थापन।
- जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण, योजना र कार्यान्वयन।
- आकस्मिक स्वास्थ्य सेवा प्रवाहगर्ने।
- गाउँ अस्पताल,आधारभूत स्वास्थ्य चौकीहरु र आधारभूत शहरी स्वास्थ्य सेवा केन्द्रहरुको व्यवस्थापन गर्ने गराउने।
- गाउँपालिकाले गाउँपालिका बाहेक गाउँपालिका मातहतको कार्यालयमा तोकेको अवस्थामा सो कार्यालयको स्वास्थ्य सेवा सम्बन्धी कार्य गर्ने।

## ६.२.स्वास्थ्य चौकीहरु :

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी स्थानीय नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने।
- आकस्मिक प्राथमिक उपचार सेवा उपलब्ध गराउने।
- बि.सि.जी., डि.पि.टी., हेपाटाइटिस बी./HIV/CPV, OPV/FIPV, दादुरा, रुबेला, टि.डि. र जे.ई. जस्ता खोप कार्यक्रम संचालन गर्ने।
- पोषण कार्यक्रम जस्तै पांच वर्ष मुनिका बच्चाका तौल अनुगमन, भिटामिन ए वितरण र उपचार परजिवी(जुका)को रोकथाम तथा उपचार, रक्त अल्पताको रोकथाम तथा उपचार, पोषण शिक्षा, कुपोषित बालवालिका तथा गर्भवती आमाहरुको पोषण स्थिती निदान तथा उपचार गर्ने।
- स्वासप्रश्वास रोग (एकिकृत वालरोग व्यवस्थापन) जस्तै स्वास, प्रश्वास रोगको निदान उपचार, स्वास्थ्य शिक्षा तथा प्रेषण सेवा प्रदानको कार्य गर्ने।
- झाडापखाला रोग (एकिकृत वालरोग व्यवस्थापन) जस्तै झाडा पखाला रोगको निदान उपचार, पुनर्जलीय झोल र जिंक चक्की वितरण, स्वास्थ्य शिक्षा तथा प्रेषण सेवा प्रदानको कार्य गर्ने।
- परिवार नियोजन सम्बन्धी परामर्श सेवा प्रदानको कार्य गर्ने।
- सुरक्षित मातृत्व कार्यक्रम (मातृ तथा नवजात शिशु स्याहार) जस्तै पुर्वप्रसुति (गर्भवती) सेवा, प्रसुती (डेलिभरी) सेवा, वर्थिङ सेन्टर सन्चालन भएका स्वास्थ्य संस्थाहरु, उत्तरप्रसुती (सुत्केरी) सेवा, परामर्श तथा प्रेषण सेवा,

सुत्केरीलाई भिटामिन "ए" क्याप्सुल खुवाउने, नवजात शिशुलाई एक घण्टाभित्र स्तनपान गराउने परामर्श तथा प्रेषण सेवा कार्य गर्ने ।

- रोग नियन्त्रण कार्यक्रम जस्तै क्षयरोग नियन्त्रण कार्यक्रम, खकार संकलन परिक्षण तथा औषधी वितरण, कुष्ठ रोगको नियन्त्रण कार्यक्रम र औषधी वितरण, औलो रोगको नियन्त्रण कार्यक्रम, रगत संकलन र परिक्षण, उपचार र स्वास्थ्य शिक्षा परामर्श तथा प्रेषण सेवा प्रदान गर्ने ।
- स्वास्थ्य शिक्षा (सुचना तथा संचार) कार्यक्रम, सम्बन्धी छलफल, समुहमा जनचेतना कार्यक्रम संचालन गर्ने ।
- स्वास्थ्य केन्द्रको स्तर अनुरुप विरामीको स्वास्थ्य जांच, उपचार, औषधी वितरण, प्रेषण र आकस्मिक उपचार सेवा प्रदान गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम जस्तै सुरक्षित मातृत्व / परिवार नियोजन सम्बन्धी परामर्श, एकिकृत वालरोग व्यवस्थापन, मातृ तथा नवशिशु स्वास्थ्य शिक्षा र सेवा, आमा समूहको मासिक वैठक संचालन, राष्ट्रिय कार्यक्रम संचालन र सहयोग संचालन गर्ने ।
- यौनरोग तथा एच आई भि एड्स कार्यक्रम जस्तै रक्त जांच, यौनरोग सम्बन्धी परामर्शको कार्य गर्ने ।
- महामारी सम्बन्धी सुचना संकलन तथा महामारी नियन्त्रण कार्यक्रम संचालन तथा सहयोग र समन्वयको कार्य गर्ने ।
- गाउंघर क्लिनिक सेवा जस्तै गर्भवती सेवा सुत्केरी सेवा, परिवार नियोजनको अस्थायी साधन वितरण, परामर्श सेवा र स्वास्थ्य शिक्षा कार्यक्रम संचालन, पांच वर्षमुनिका वालवालिकाको बृद्ध अनुगमन, श्वास प्रश्वास र झाडा पखालाको उपचार, यौन रोग तथा एच आई भि एड्स परामर्श सेवा, सामान्य प्राथमिक उपचार तथा प्रेषण सेवा प्रदान गर्ने ।
- स्वास्थ्य सेवा शाखाको निर्देशन अनुसार स्वास्थ्य सम्बन्धी सेवाहरु र संचालित स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुमा सहयोग एवं समन्वय गर्ने ।

### ६.३.आधारभूतस्वास्थ्य सेवा केन्द्रहरु :

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी स्थानीय नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा सहयोग तथा समन्वय गर्ने ।
- आकस्मिक प्राथमिक उपचार सेवा उपलब्ध गराउने ।
- स्थानीयस्तरमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५ मा उल्लेखित आधारभूत खोप, पोषण, परिवार नियोजन, स्वास्थ्य प्रबर्धन सम्बन्धी सेवाको कार्य गर्ने ।
- स्वास्थ्य सेवा शाखाको निर्देशन अनुसार स्वास्थ्य सम्बन्धी सेवाहरु र संचालित स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुमा सहयोग एवं समन्वय गर्ने ।
- आधारभूत स्वास्थ्य सेवा प्रवाह सम्बन्धी अन्य कार्य गर्ने ।

### ६.४.सामुदायिक स्वास्थ्य ईकाईहरु :

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी स्थानीय नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा सहयोग तथा समन्वय गर्ने ।
- आकस्मिक प्राथमिक उपचार सेवा उपलब्ध गराउने ।
- स्थानीयस्तरमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५ मा उल्लेखित आधारभूत खोप, पोषण, परिवार नियोजन, स्वास्थ्य प्रबर्धन सम्बन्धी सेवाको कार्य गर्ने ।

- स्वास्थ्य सेवा शाखाको निर्देशन अनुसार स्वास्थ्य सम्बन्धी सेवाहरु र संचालित स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुमा सहयोग एवं समन्वय गर्ने।
- आधारभूत स्वास्थ्य सेवा प्रवाह सम्बन्धी अन्य कार्य गर्ने।

## ७.सामाजिक विकास शाखा:

- शिक्षा, संस्कृति, युवा, पर्यटन तथा खेलकूद विकाससम्बन्धी कार्य गर्ने गराउने।
- महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण सम्बन्धी कार्य गर्ने गराउने।
- सामाजिक सुरक्षा तथा पंजीकरण सम्बन्धी कार्य गर्ने गराउने।

### ७.१.शिक्षा, संस्कृति, युवा, पर्यटन तथा खेलकूद विकास उपशाखा:

- आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि कार्य गर्ने।
- आधारभूत शिक्षा सम्बन्धी स्थानीय कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने।
- प्रारम्भिक बालशिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि)कोनिरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने ।
- सामुदायिक, संस्थागत, गुठी, मदरसा र सहकारी विद्यालय स्थापना, अनुगमन, संचालन, व्यवस्थापन तथा नियमन गर्ने।
- प्राविधिक शिक्षा, व्यावसायिक तालिम, मातृभाषामा शिक्षा, गाउँ शिक्षासमिति, विद्यालय व्यवस्थापन, विद्यालयको गुणस्तर अभिबृद्धि, पाठ्यसामाग्री, सामुदायिक विद्यालयको पुर्वाधार, आधारभूत तथा माध्यमिक तहको परिक्षा, सामुदायिक विद्यालय अनुदान, शिक्षण सिकाइ, निशुल्क शिक्षा, छात्रवृत्ति, स्थानीय पुस्तकालय, स्थानीय भाषा, संस्कृती, साहित्य, पुरातत्व, असल व्यवहार लगायतका शैक्षिक उन्नयनका विषयमा आवश्यक कार्य गर्ने।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन।
- पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन।
- विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन।
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन।
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार।
- आधारभूत तहको परीक्षा व्यवस्थापन।
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन।
- विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन।
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन।
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रबर्धन र स्तरीकरण।
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन।
- पुस्तकालय एवं पत्रपत्रिका, स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन।
- खेलकुद तथा अतिरिक्त क्रियाकलापसम्बन्धी कार्य।
- स्थानीयस्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय।

- खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास।
- खेलकूदको विकास र प्रबर्धन।
- खेलकूद प्रतियोगीता आयोजना र सहभागीता
- अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय ।
- युवा सम्बन्धी कार्य।
- युवा जागरण, सशक्तिकरण र परिचालन।
- युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास।
- संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबर्धन सम्बन्धी कार्य।
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन।
- पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्राहलयको संरक्षण, सम्भार, प्रबर्धन र विकास।
- परम्परागत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन।
- स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यबस्थापन।
- पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रबर्धन।
- पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन।
- पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण तथा सम्बर्धन।
- भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रबर्धन र विकास ।

### ७.२.महिला, बालबालिका, तथा सामाजिक सुरक्षा र पञ्जिकरण उपशाखा:

- लैंगिक समानता, सामाजिक समावेशिकरण तथा सामाजिक सुरक्षा सम्बन्धी कार्य गर्ने।
- महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन सम्बन्धी कार्य गर्ने।
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास।
- लैंगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रबर्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना।
- लैंगिक उत्तरदायी बजेट तयारी र कार्यान्वयन।
- बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन।
- बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल।
- बालबालिकाको हकहित संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य।
- सडक वालवालिकाको व्यवस्थापन तथा वालमैत्री शुसासन सम्बन्धी कार्य गर्ने।
- बृद्धबृबद्धा असहाय अपांगको सुव्यवस्था गर्ने । उनीहरुलाई आश्रम बृद्धाश्रम विश्रामस्थल आदि बनाउने र संचालित आश्रमहरुको सुव्यवस्था गर्ने।
- बालबालिका परिवार सहयोग गर्ने।
- बैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन।
- बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन।
- असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन।
- बाल न्याय र बाल हिंसा नियन्त्रण।
- बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमती र नियमन।
- आपत्कालीन बालउद्धार कोष स्थापना र व्यवस्थापन।

- जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य।
- जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन।
- अपांगता भएका व्यक्ति र एकल महिला संरक्षण तथा व्यवस्थापन।
- सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन।
- अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण।
- अपाँगता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन।
- अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य ।
- एकल महिला सम्वन्धी कार्य।
- गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन।
- स्थानीयस्तरमा समाज कल्याण सम्वन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था)को दर्ता, नवीकरण तथा नियमन।
- गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन।
- निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य।
- निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य।
- सम्बद्ध विषयमा समन्वय र परिचालन तथा सामाजिक संघसंस्था सम्बन्धी अन्य विषय।

**सामाजिक सुरक्षा तथा पंजीकरण सम्बन्धि**

- सामाजिक सुरक्षा र पंजीकरण सम्बन्धी कार्य गर्ने।
- वडा कार्यालयवाट व्यक्तिगत घटना जन्म, मृत्यु, बहुविवाह, वसाइसराई, सम्बन्ध विच्छेद, धर्मपुत्र, धर्मपुत्री दर्ता जस्ता कार्यहरुको व्यवस्था गर्ने अनुगमन गर्ने र नियमन गर्ने।
- व्यक्तिगत घटनाको स्थानीय तथ्यांक सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको कार्यान्वयन र नियमन गर्ने।
- वडा कार्यालयवाट दर्ता भएका व्यक्तिगत घटनाका विवरणहरु नियमित रुपमा प्राप्त गरी अभिलेख राख्ने र अध्यावधिक गर्ने।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिलेख अध्यावधिक गर्ने।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी आवश्यक सूचना फारामहरुको व्यवस्था गर्ने।
- व्यक्तिगत घटना दर्ता र परिवार लगत सम्बन्धी ऐन, नियम, नीति, निर्देशिका अनुसार आवश्यक कार्ययोजना तयार गर्ने।
- मासिक रुपमा घटना दर्ता विवरण, घटना दर्ता फाराम र राजश्वको विवरण बुझिलिई सुरक्षितसंग राख्ने र सम्बन्धित निकायमा पठाउनुपर्ने विवरण समयमै पठाउने।
- व्यक्तिगत घटना दर्ता कार्यक्रम संचालन गर्ने र सोको प्रतिवेदन गर्ने।
- व्यक्तिगत घटना दर्ताको महत्व र अनिवार्यताको वारेमा प्रचारप्रसार गर्ने व्यवस्था मिलाउने।
- व्यक्तिगत घटना दर्तासंग सम्बन्धित आवश्यक तालिम, गोष्ठी, अनुशिक्षण आदि कार्यक्रम संचालन गर्न प्रशासन तथा व्यवस्थापन शाखा र प्रशासन/योजना उपशाखासंग समन्वय गर्ने।
- व्यक्तिगत घटना सम्बन्धी तथ्यांकहरु योजना तर्जुमाका चरणहरुमा प्रयोगमा ल्याउन सहयोग गर्ने।
- असहाय, बृद्ध, एकल महिला, अपांगहरुको अभिलेख नियमित रुपमा अध्यावधिक गर्ने।
- बार्षिक योजनामुताविक सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने।

- सामाजिक सुरक्षा कार्यक्रमको भत्ता समयमा नै वितरण गर्ने कार्यमा आवश्यक कार्य गर्ने ।
- तोकिएको समयमा प्रत्येक आ.ब.मा थप हुने बृद्ध, असहाय, अपांग लगायतको विवरण संकलन गर्ने र परिचयपत्र वितरणको लागि सामाजिक सुरक्षा समितिमा पेश गर्न सहयोग कार्य गर्ने ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक, एकल महिला, अपांग अन्य तोकिएका जाति, समुदायको छुट्टाछुट्टै विवरण तयार गरी वार्षिक रुपमा संख्यात्मक विवरण तयार गरी प्रकाशित गर्ने व्यवस्था मिलाउने ।

## ८.आर्थिक विकास शाखा:

- उद्योग, व्यवसाय तथा सहकारी प्रबर्धन सम्बन्धी कार्य गर्ने गराउने ।
- श्रम तथा रोजगार प्रबर्धन सम्बन्धी कार्य गर्ने गराउने ।
- कृषि विकास सम्बन्धी कार्य गर्ने गराउने ।
- पशुपंक्षी विकास सम्बन्धी कार्य गर्ने गराउने ।

## ८.१. वन वातावरण र उद्योग, व्यवसाय तथा सहकारी प्रबर्धन उपशाखा:

- वन, वातावरण, भू—संरक्षण, वन्यजन्तु, जलाधार, जडिबुटी तथा जैविक विविधतासम्बन्धी कार्य ।
- वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन कार्य ।
- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती वनको संरक्षण, संबर्धन, उपयोग र नियमन सम्बन्धी कार्य ।
- वन उपभोक्ता समूहको व्यवस्थापन सम्बन्धी कार्य ।
- मध्यवर्तीक्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन सम्बन्धी कार्य ।
- नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन कार्य ।
- निजी तथा व्यवसायिक वनको प्रबर्धन र नियमन सम्बन्धी कार्य ।
- सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन कार्य ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वनपैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रबर्धन, प्रशोधनर बजार व्यवस्थापन सम्बन्धी कार्य ।
- वनबीऊ बगैँचा स्थापना, व्यवस्थापन र प्रबर्धन सम्बन्धी कार्य ।
- नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, वृक्षारोपण र प्रबर्धन सम्बन्धी कार्य ।
- वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन कार्य ।
- वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम रव्यवस्थापन कार्य ।
- स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन कार्य ।
- स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन सम्बन्धी कार्य ।
- स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन सम्बन्धी कार्य ।
- वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान सम्बन्धी कार्य ।
- रैथाने प्रजातिको संरक्षण र प्रबर्द्धन सम्बन्धी कार्य ।
- मिचाहा प्रजातिको नियन्त्रण सम्बन्धी कार्य ।
- उद्योग तथा उद्यमशिलता विकास र खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी कार्य गर्ने ।
- लघु, घरेलु तथा साना उद्योगको नियमानुसार दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी कार्य गर्ने ।
- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रबर्धन गर्ने ।

- स्थानीय उद्यमशिलता प्रबर्धन गर्ने ।
- व्यापारिक फर्म तथा पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन गर्ने।
- सीप विकास सम्बन्धी कार्यको प्रबर्धन गर्ने ।
- खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन गर्ने ।
- ढुङ्गा, गिटी, बालुवा, माटो, नुन, स्लेट, खरीढुङ्गा, फायरक्ले तथा स्लेट जस्ता खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण, उत्खनन गर्ने ।
- ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास गर्ने ।
- खानी तथा खनिज पदार्थको उत्खनन र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्ने ।
- उद्योग, व्यवसाय, व्यापार, खानी तथा खनिज पदार्थ सम्बन्धी लगत तयार गर्ने, सो सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन गर्ने।
- उद्योग, व्यवसाय, व्यापार, निर्माण व्यवसायको अनुगमन, नियमन गर्ने।
- उद्योग व्यवसायको प्रबर्धन, स्थान, मापदण्ड निर्धारण गर्न संघ, प्रदेश र अन्य स्थानीय तह वा निकायमा समन्वय र सहकार्य गर्ने।
- उद्योगको प्रकार, स्थान, आकार र भार (क्वालिटी) आदिको नीति बनाई प्रविधियुक्त उद्योग व्यवसायलाई आह्वान, प्रोत्साहन, प्रबर्धन गरी कर र सुविधावारे पनि नीति बनाई कार्यान्वयन गर्ने गराउने।
- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गर्ने ।
- स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन गर्ने ।
- सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन।
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य गर्ने ।
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने ।
- स्थानीय सहकारीको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीय सहकारी क्षेत्रको प्रबर्धन, विकास र परिचालन गर्ने ।
- संचालित सहकारी र गैरसरकारी संस्थाको सम्पुर्ण विवरण, तथ्यांक, अवस्था आदि सम्बन्धीत निकायवाट प्राप्त गरी व्यवस्थित अभिलेख राख्ने र राख्न लगाउने।
- सहकारी ऐन, २०७४ अनुसार दर्ता, सहजिकरण, निर्देशन आदि कार्य गर्ने गराउने।
- गैससको उद्धेश्य र कार्यक्षेत्र प्रस्ट हुनेगरी विवरण पेश गर्न लगाई अभिलेख राख्ने र राख्न लगाउने।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२)(ख) अनुसारका कार्य गर्ने गराउने।
- सार्वजनिक निजी सार्वजनिक साझेदारी सम्बन्धि नीति, कार्यविधि, मापदण्ड, कार्यक्रम पहिचान र कार्यान्वयन गर्ने, निजी क्षेत्रसंग समन्वय र सहकार्य गर्ने गराउने।
- समुदायमा सिपमुलक, आयआर्जन तथा आर्थिक उपार्जनका विभिन्न कार्यक्रमहरु संचालन गर्ने, तथा वित्तीय कारोवारमा सहजिकरण गरिदिन वित्तीय संस्थाहरुसंग समन्वय राख्ने।

### ८.२.श्रम तथा रोजगार प्रबर्धन उपशाखाः

- श्रम एवं रोजगार प्रबर्धन तथा गरिबी न्यूनीकरणसम्बन्धी कार्य गर्ने।

- श्रम एवं रोजगार प्रबर्धन तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान गर्ने ।
- श्रम एवं रोजगार प्रबर्धन तथा गरिबी निवारणको स्थानीय रणनीति तर्जूमा गर्ने ।
- गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने ।
- श्रम एवं रोजगार प्रबर्धन तथा गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गर्ने ।
- रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गर्ने ।
- स्थानीयस्तरमा रहेका विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन गर्ने ।
- पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन गर्ने ।
- संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन गर्ने ।
- सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।
- बेरोजगार युवाजनशक्तिको तथ्यांक लिने र रोजगारी अभिबृद्धि कार्यक्रममा सहभागी कृयाशिल गराउने अभियान संचालन गर्ने गराउने ।
- रोजगारीका अवसर पहिचान गरी त्यसवारे तालिम अभिमुखिकरण आदि गर्ने गराउने ।३

## ८.३.कृषि विकास उपशाखा:

- कृषि विकास, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी गाउँस्तरीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन कार्य गर्ने ।
- कृषि उत्पादन बजारसम्म पहुंचका लागि हाटबजारको विकास र विस्तारका लागि पुर्वाधार निर्माण, प्राविधिक सेवा तथा प्रविधिको प्रसार, कृषि सामाग्रीको आपुर्ति लगायत कृषक क्षमता विकासका लागि अभिमुखिकरण तालिम संचालन गर्ने ।
- स्थानीय संभावनाका आधारमा कृषिको व्यवसायीकरण र बिविधिकरण गर्न किसानलाई प्रोत्साहन कार्यक्रम तर्जुमा, साना सिंचाई आयोजना संचालन गर्ने ।
- कृषिबजार सूचना, कृषिबजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार सम्बन्धी कार्य गर्ने ।
- प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन गर्ने ।
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण सम्बन्धी कार्य गर्ने ।
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रबर्धन सम्बन्धी कार्य गर्ने ।
- कृषिप्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन सम्बन्धी कार्य गर्ने ।
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रबर्धन, विकास तथा बजारीकरण सम्बन्धी कार्य गर्ने ।
- कृषिसम्वन्धी वीमा र कर्जा सहजीकरण सम्बन्धी कार्य गर्ने ।
- शीत भण्डारणको व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण सम्बन्धी कार्य गर्ने ।
- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन सम्बन्धी कार्य गर्ने ।
- कृषक समूह, कृषि सहकारी गठन र संचालनमा प्रोत्साहन गर्ने तथा कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन सम्बन्धी कार्य गर्ने ।

- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण सम्बन्धी कार्य गर्ने ।
- कृषि तथ्याङ्कको व्यवस्थापन र कृषि सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार सम्बन्धी कार्य गर्ने ।
- कृषकहरुलाई आयमुलक रोजगारीको अवसर सिर्जना गर्ने खालका कृषि योजना तथा कार्यक्रम तर्जुमा गरी सो को कार्यान्वयन गर्ने ।
- कृषि सेवा केन्द्रहरुको व्यवस्थापन गर्ने गराउने ।
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- गाउँपालिकाले गाउँपालिका बाहेक गाउँपालिका मातहतको कार्यालयमा तोकेको अवस्थामा सो कार्यालयको कृषि सेवा सम्बन्धी कार्य गर्ने ।

### ८.४.पशुपंक्षी विकास उपशाखा:

- पशु तथा पंक्षी पालन र पशु तथा पंक्षी स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने ।
- पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन सम्बन्धी कार्य गर्ने ।
- पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण सम्बन्धी कार्य गर्ने ।
- पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- पशुनश्ल सुधार पद्धति विकास र व्यबस्थापन सम्बन्धी कार्य गर्ने ।
- पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण सम्बन्धी कार्य गर्ने ।
- स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- पशु आहारको गुणस्तर नियमन सम्बन्धी कार्य गर्ने ।
- स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली व्यवस्थापन गर्ने ।
- पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन सम्बन्धी कार्य गर्ने ।
- पशुपंक्षीमा लाग्ने रोग वर्डफ्लू खोरेत आदि लाई प्रिभेन्सन तथा निवारण गर्नमा सम्बद्ध विज्ञ संस्था निकाय संग समन्वय सहकार्य गर्ने गराउने ।
- माछा मासु वा अन्य खाद्यपदार्थको गुणस्तर परीक्षण विषयगत जांचको लागि सरकारी वा निजीस्तरमा स्थापित प्रयोगशालामा पनि समन्वय सहकार्य गर्ने गराउने ।
- पशुसेवा केन्द्रहरुको व्यवस्थापन गर्ने गराउने ।
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।
- गाउँपालिकाले गाउँपालिका बाहेक गाउँपालिका मातहतको कार्यालयमा तोकेको अवस्थामा सो कार्यालयको पशुसेवा सम्बन्धी कार्य गर्ने ।

## ९. आन्तरिक लेखा परिक्षण शाखा:

- आन्तरिक लेखापरिक्षण सम्बन्धी कार्यगर्ने ।
- आन्तरिक तथा पूर्व लेखापरीक्षण सम्बन्धी कार्य ।
- लेखापरीक्षण विवरण (बेरुजु लगत समेत) को अभिलेख व्यवस्थापन ।
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण ।
- लेखापालन सम्बन्धी क्षमता विकास कार्य ।

- शाखा, उपशाखाहरु तथा अन्तरगत बीच समन्वय र सम्पर्कका लागि आन्तरिक कार्य प्रणाली, कार्यविधि कार्यान्वयन निर्देशिका सम्बन्धी कार्य गर्ने ।
- बेरुजुहरु माथि नियन्त्रण र पुर्वबेरुजुको आकारमा अध्ययन, विश्लेषण गर्ने ।
- वित्तीय अनुशासनका जोखिम क्षेत्रहरुको पहिचान र नियन्त्रण सम्बन्धी कार्य गर्ने ।
- आर्थिक कारोवार सम्बन्धी ऐन नियम अनुसार खर्च भए नभएको जांच गर्ने ।
- मासिक वा त्रैमासिक रुपमा आम्दानी तथा खर्चको सम्बन्धित खाताहरुको परिक्षण गरी त्रुटी देखिएमा लिखित प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- ऐन नियमले तोके बमोजिम पेश्की वा भुक्तानी दिंदा रित पुगे नपुगेको सम्बन्धमा पुर्व आन्तरिक लेखा परिक्षण गर्ने ।
- आ.ले.प.वाट देखिएका बेरुजुहरुको किताव खडा गरी आर्थिक प्रशासन शाखालाई उपलब्ध गराउने ।
- वडा समितिको कार्यालयवाट भएगरेका आर्थिक कारोवारहरुको बार्षिक आ.ले.प.गर्ने ।
- अन्तिम लेखापरिक्षण गराउन लेखापरिक्षकको छनौटमा राय सुझाव दिई सहयोग गर्ने ।
- अन्तिम लेखापरिक्षण गराउन आवश्यक कागजपत्र तथा सूचना जुटाई सहयोग गर्ने ।
- अन्तिम लेखापरिक्षणवाट प्राप्त बेरुजुहरु नियमित गर्न असूल गर्न र आवश्यकतानुसारको कारवाही गर्न सो प्रतिवेदन सम्बन्धित शाखा उपशाखामा दिने ।
- गाउँ सभाको वैठकमा लेखापरिक्षणको प्रतिवेदन पेश गर्ने तथा जिज्ञाशा समाधान गर्न सहयोग गर्ने ।

## १०. सूचना प्रविधि, संचार तथा विद्युतीय अभिलेख शाखा:

- सूचना तथा तथ्यांक संकलन, प्रशोधन, संग्रह, अभिलेखन र अध्यावधिक तथा व्यवस्थापन गर्ने ।
- सूचना प्रकाशन, वुलेटिन, ब्रोसर तथा अन्य सूचना तथा जानकारीमुलक सुचनाहरु प्रकाशन गर्ने ।
- पुस्तक तथा पत्रपत्रिकाको संरक्षण सम्बर्धन गरी यथास्थितिमा राख्न लगाउने ।
- कार्यालयवाट गरिने निर्णय, नीति तथा कार्यक्रम, योजना, तथ्यांक, कार्यप्रगति विवरण, बुलेटिन, ब्रोशर, नागरिक बडापत्र तथा अन्य त्यस्ता जानकारी दिनुका साथै सूचनामुलक प्रकाशनहरु गर्ने ।
- सरोकारवालाहरुको आर्थिक तथा प्राविधिक सहयोगमा प्राथमिक तथ्यांक संकलन गरी प्रशोधन गर्ने र विभिन्न विषयगत कार्यालय सरकारी तथा गैरसरकारी संघसंस्थावाट प्राप्त हुने तथ्यांकलाई समेत व्यवस्थित गरी प्रयोगमा ल्याउने ।
- गाउँको वस्तुगत विवरण, क्षेत्रगत विश्लेषण प्रतिवेदन,वित्तीय विश्लेषण, संस्थागत प्रतिवेदन, विकास वुलेटिन, गाउँ समाचार, ब्रोसरहरुको प्रकाशन लगायत सोको अध्यावधिक गर्ने र सरोकारवालाहरुलाई उपलब्ध गराउने ।
- सुचना व्यवस्थापन, अनसुन्धान, प्रकाशन र वितरण सम्बन्धी कार्य ।
- कार्यालयको सुचना प्रवाह गर्न सुचना अधिकारी सम्बन्धी कार्य गर्ने ।
- भौगोलिक सुचना प्रणाली संबन्धी कार्य गर्ने ।
- सूचना प्रविधि, संचार तथा विद्युतीय अभिलेख व्यवस्थापन ।
- सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार र एफ.एम. सञ्चालन ।
- आफ्नो क्षेत्रभित्र इन्टरनेटसेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन ।
- एकसय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन ।
- आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन ।
- अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग ।

- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन।
- बैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी सम्बन्धी कार्य।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन कार्य गर्ने।
- Website Lease Line / Internet / Online Portal लगायत वेबसाइट व्यवस्थापन सम्बन्धी कार्य गर्ने l

पुनश्च: कुनै सम्बन्धित शाखा, उपशाखा,इकाइ, वडा कार्यालय,स्वास्थ्य चौकी,आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा शहरी स्वास्थ्य सेवाकेन्द्रमा छुट हुन गएका कुनै काम कारवाहीहरु भए स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सम्बद्ध संयन्त्र एवं संरचनावाटकार्यसम्पादन हुनेछ। यसरी सबद्ध संयन्त्र एवं संरचनावाट पनि कार्यसम्पादन हुन नसकेमा त्यस्ता कार्यहरु गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको मार्गदर्शनमा प्रशासन तथा व्यवस्थापन शाखाको अगुवाई, समन्वय र सहजिकरणमा कार्यसम्पादन गरी कार्य फछर्यौट गर्नुपर्नेछ।

अनुसूची -४

## प्रस्तावित पदहरुको कार्यविवरण

(यस कालिमाटी गाउँपालिकाका निम्ति आवश्यक पर्ने जनशक्तिका लागि प्रत्येक दरबन्दीको पदनाम र तह/श्रेणीका साथसाथ कर्मचारीले गर्नुपर्ने काम, कर्तव्य र उक्त पदको लागि आवश्यक न्युनतम योग्यतासहितको स्पष्ट कार्यविवरण बुंदागत रुपमा देहायबमोजिम प्रस्तुत गरिएको छ ।)

### १.प्रमुख प्रशासकीय अधिकृत, रा.प.तृतिय श्रेणी/अधिकृत आठौँ ,(प्रशासन), पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):

१.गाउँपालिका कार्यालयको प्रशासकीय प्रमुख भई प्रचलित कानुनको अधिनमा रही गाउँपालिका अध्यक्षको प्रत्यक्ष सुपरिवेक्षण, मार्गदर्शन र निर्देशनमा रही गाउँपालिकाको कार्यपालिका वैठक, गाउँ सभा वैठक, विभिन्न समिति उपसमिति सम्बन्धी कार्य, न्यायिक समिति, कर्मचारी प्रशासन, आन्तरिक प्रशासन, योजना, बजेट, कार्यक्रम, आयोजना, नागरिक सहायता, पुर्वाधार विकास, वातावरण, सरसफाई तथा विपद व्यवस्थापन, स्वास्थ्य सेवा, आधारभूत स्वास्थ्य सेवा,शहरी स्वास्थ्य सेवा,सामाजिक विकास, आथिक विकास, सूचना तथा संचार, सूचना प्रविधी, राजश्व प्रशासन, नीति, कानुन, बाह्य सम्बन्ध, यातायात, सुरक्षा, सम्पर्क, समन्वय, आर्थिक प्रशासन, आन्तरिक लेखापरिक्षण, विपद व्यवस्थापन, वडा कार्यालय व्यवस्थापन एवं सहजिकरण, गाउँसुरक्षा, फोहोरमैला व्यवस्थापन, अभिलेख, सामाजिक सुरक्षा,पंजिकरण, गाउँकार्यपालिकाको निर्णय कार्यान्वयन, गाउँसभाको निर्णय कार्यान्वयन लगायत समग्र प्रशासकीय एवं व्यवस्थापकीय कार्यसम्पादन गर्ने गराउने ।

२.प्रशासकीय कार्य, मानव संशाधन व्यवस्थापन, जनशक्ति विकास योजना, कर्मचारी वृत्ति विकास, कर्मचारीहरुको प्रशासकीय नियन्त्रण, कार्यजिम्मेवारी, कार्यविवरण, कामको बांडफांड, कार्यसम्पादन मुल्यांकन, आन्तरिक स्रोत परिचालन र नियन्त्रण, गाउँ विकास योजना, आवधिक योजना, सार्वजनिक सुनुवाई, निरिक्षण, सुपरिवेक्षण, अनुगमन, मुल्यांकन, प्रतिवेदन, समन्वय, सहजिकरण सम्बन्धीकार्य गर्ने गराउने ।

३.सङ्गठन संरचना बमोजिम कर्मचारीको दरबन्दी अभिलेख अद्यावधिक गर्ने गराउने ।

४.नियुक्ति, पदस्थापन, स्तरवृद्धि, विदा, हाजिरी, विभागीय सजाय, अवकाश लगायतका दैनिक प्रशासनिक कार्य सम्पादन गर्ने गराउने ।

५.सूचना तथा संचार प्रविधि एवं अभिलेख व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने ।

६.जिन्सी व्यवस्थापन, सवारी साधन व्यवस्थापन तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने ।

७.कर्मचारीको सेवा सुविधा  लगायत गुनासो व्यवस्थापन सम्बन्धीकार्य गर्ने गराउने ।

८.गाउँपालिकाका लागि आवश्यक औजार उपकरण लगायतका सामग्री, निर्माण, परामर्श, खरीदव्यवस्थापन, वस्तु र सेवा खरिद सम्बन्धी कार्य गर्ने गराउने ।

९.वार्षिक योजना तर्जुमा, बजेट, कार्यक्रम, प्रगति प्रतिवेदन, समिक्षा सम्बन्धी कार्य गर्ने गराउने ।

१०.विभिन्न सेवा, अध्ययन, अनुसन्धान, खोज, तालिम, अनुशिक्षण, सहजीकरण सम्बन्धी कार्य गर्ने गराउने ।

११.गाउँपालिकाको स्वामित्वकाचलअचल सम्पत्तिको अभिलेख व्यवस्था मर्मत सम्भार एवं संरक्षण कार्य गर्ने गराउने ।

१२.सेवाप्रवाहमाआवश्यकताबमोजिमसहजिकरण, सम्पर्क र समन्वय सम्बन्धी कार्य गर्ने गराउने ।

१३.वार्षिक कार्यक्रम, कार्यसम्पादन, निर्माण, कार्यप्रगति समीक्षा र प्राप्त पृष्ठपोषण कार्यान्वयन गराउने ।

१४.कार्यसम्पादन स्तरको विश्वनीयता, प्रभावकारीता, सुशासन अभिवृद्धि गर्ने, समग्र सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्ने, गराउने ।

१५.शाखा अन्तरगत सम्पूर्ण उपशाखा इकाइबीच समन्वय गर्ने, गराउने।

१६.आफु मातहतका कर्मचारीहरुको कार्यसम्पादनको नियमित सुपरिवेक्षण, पृष्ठपोषण गर्दै कार्यसम्पादन स्तरमा सुधार ल्याउने।

१७.गाउँपालिका र अन्तरगत कार्यरत सम्पूर्ण कर्मचारीहरुको कार्यसम्पादन स्तर, नियमितता, अनुशासन, आचरण, समयपालना लगायतका विषयमा नियमित जानकारी र अभिलेख व्यवस्थापन गर्ने गराउने।

१८.कर्मचारी प्रशासन, आन्तरिक प्रशासन, खरिद, स्टोर, जिन्सी, सुरक्षा, आन्तरिक बन्दोबस्त, कानुन, सचिवालय, सवारीसाधन, मानव संशाधन विकास, यातायात, सरसफाई, बगैंचा, पूर्वाधार विकास निर्माण, आवास, जनसम्पर्क, दर्ता चलानी, पुस्तकालय, टेलिफोन, बिजुली, धारा, पानी, लेखा, वैदेशिक सम्पर्क, तालिम, अध्ययन, अनुसन्धान, खोज, सूचना संचार लगायतको प्रशासनिक सम्बन्धी कार्य गर्ने गराउने।

१९.स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोकेबमोजिमका कार्यहरु सम्पादन गर्ने गराउने।

२०.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने।

२१.गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, गाउँ कार्यपालिका, गाउँसभा, नेपाल सरकारलगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने गराउनेर अन्तर सरकार सम्बन्ध सम्बन्धी कार्य गर्ने।

२२.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने।

२३.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने।

२४.गाउँपालिकामा भैपरी आउने अन्य कार्यहरु गर्ने।

२५.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने।

२६.यस पदका लागि आवश्यक न्यूनतम योग्यता निजामती सेवा ऐन तथा निजामती सेवा नियमावलीमा वा स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने।

## २. प्रशासकिय अधिकृत,/बरिष्ठ प्रशासकिय अधिकृत सातौं/आठौं तह (प्रशासन, सा.प्र.) पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):

१.प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन, सुपरिवेक्षण तथा नियन्त्रणमा रही निजले अधिकार प्रत्यायोजन गरे बमोजिम गाउँपालिकाको कार्यमा गतिशिलिता ल्याउन र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा नियमावलीको सफल कार्यान्वयनका लागि ऐन नियमको मर्म र भावना बमोजिम दर्ता, चलानी, सोधपुछ, नागरिक वडापत्र, सेवा प्रवाह फाराम र कार्य प्रकृया, जिन्सी व्यवस्थापन, सवारी साधन व्यवस्थापन, सम्पत्ति व्यवस्थापन, अभिलेख, संरक्षण, हेरचाह, मर्मतसंभार, पंजीकरण, गाउँ सुरक्षा, सरसफाई, कार्यालयको आन्तरिक वन्दोवस्त, इन्टरनेट, विजुली, टेलिफोन, धारा, पानी, ढल, वैठक, कोठा, वगैचा, सुरक्षा समेतको रेखदेख, निरीक्षण र नियन्त्रण गर्ने सम्बन्धी कार्य गर्ने गराउने।

२.सहायक कर्मचारीको विदा व्यवस्थापन, सहायकहरुको कार्यसम्पादन मुल्यांकन, समिति उपसमितिमा सहभागिता, चिठीपत्रमा तोकआदेश कार्यवाही प्रकृया, कार्यप्रकृया सरलीकरण, कर्मचारीको हाजिरी प्रमाणित, गाउँपालिकाको प्रवक्ताको कार्य, गाउँपालिकाको नोडल अधिकृतको कार्य, वडा समितिको व्यवस्थापन कार्य,सङ्गठन संरचना र दरबन्दी अध्यावधिक कार्य, गाउँपरिषद गाउँपालिका वैठक समितिउपसमिति वैठकमा सहयोग, कर्मचारी व्यक्तिगत विवरण अध्यावधिक, अभिलेख, कर्मचारी वृत्तिविकास कार्ययोजना, जिन्सी सामान खरिद व्यवस्थापन, मालसामान संरक्षण, कार्यालय मर्मतसंभार हेरचाह, सम्पत्ति अध्यावधिक, वडास्तरिय योजना तथा कार्यक्रमको समन्वय रेखदेख अनुगमन मुल्यांकन प्रतिवेदन, संघीय सरकार, प्रादेशिक सरकार र गाउँकार्यपालिकाको निर्देशन परिपत्रको पालनामा

सहयोग, गाउँपालिकाको सेवा प्रवाहमा गुणस्तरियता छिटोछरितोपना सरलता शिघ्रता मितव्ययिता र स्तरियता कायम, निर्णयहरुको अभिलेख र सुरक्षा एवं कार्यान्वयन प्रकृया लगायत प्रमुख प्रशासकीय अधिकृतवाट प्रत्यायोजन भएका विषय सम्बन्धी कार्य सम्पादन गर्ने गराउने ।

३.गाउँपालिकाको दैनिक प्रशासनिक सेवाप्रवाहलाई छिटो, छरितो र गुणस्तरीय बनाउन कार्ययोजना तयार गरी पेश गर्ने ।

४.दरबन्दी सृजना, पददर्ता, पदपूर्ति, पदस्थापना, विदा, वढुवा, सरुवा, सम्बन्धीकार्य गर्ने ।

५.कर्मचारीको विदा, हाजीरी, काज, अवकाशलगायत स्वीकृत गर्दा विधिसम्मत भएको सुनिश्चितता गर्ने र सोको अभिलेख व्यवस्थापन गर्ने ।

६.कर्मचारीहरुको अध्ययन र असाधारण विदा माग भएमा कारवाहीको लागि पेश गर्ने, साथै कारवाही स्वीकृत भएका कार्यको अभिलेख राख्ने र राख्न लगाउने ।

७.विभिन्न गुनासो सुनुवाई सम्बन्धमा नोडल अधिकृत तथाफोकल पर्सनको कार्य गर्ने ।

८.आन्तरिक तथा वाह्य तालिममा मनोनयन सम्बन्धी निर्देशनअनुसार आवश्यक कार्य गर्ने ।

९.कर्मचारीको कार्यसम्पादन, कार्य प्रगति समिक्षा, कार्यसम्पादन मूल्यांकन, अभिलेख व्यवस्थापन, हाजीरी, समयपालना, सेवाप्रवाहको सम्बन्धमा अनुगमन, व्यक्ति विवरणको फाइलीङ् कार्य सम्बन्धमा आवश्यक कार्य गर्ने ।

१०.गाउँपालिकाको समग्र अभिलेख व्यवस्थित गर्ने ।

११.गाउँपालिकाले प्रदान गर्ने विभिन्न प्रकृतिका सिफारिश पत्रहरु तयार गर्ने ।

१२.सामान्य प्रशासन तथा कर्मचारी प्रशासन सम्बन्धी विषयमा तालिम प्रशिक्षण, अनुगमन, प्रतिवेदन र अन्य आइपर्ने कार्यहरु समेत निर्देशन अनुसार सम्पादन गर्ने ।

१३.कासमु फाराम, सम्पत्ति विवरण फाराम समय भित्र मूल्यांकन, संकलन गरी पेश गर्ने ।

१४.गाउँपालिकाको भौतिक सामाग्रीको सम्भार, मर्मत तथा संरक्षणको व्यवस्थापन मिलाउने र सदुपयोग गर्ने गराउने जिम्मेवारी वहन गर्ने ।

१५.गाउँपालिकाको नीति, योजना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, प्रगती समीक्षा, अनुगमन, प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।

१६.अधिनस्थ कर्मचारीहरुको काममा मार्गदर्शक बनी स्वीकृतिको लागि सुपरिवेक्षक र आवश्यकतानुसार नियन्त्रण समेत गर्ने ।

१७.गाउँपालिकाका शाखा, उपशाखा तथा इकाइको दैनिक प्रशासनिक कार्यसम्पादन गर्ने ।

१८.उद्योग, व्यवसाय तथा सहकारी प्रबर्धन, उद्योग तथा उद्यमशिलता विकास र खानी तथा खनिज पदार्थको संरक्षण, लघु, घरेलु तथा साना उद्योगको नियमानुसार दर्ता, नवीकरण, खारेजी र नियमन, लघु, घरेलु तथा साना उद्योगको विकास र प्रबर्धन सम्बन्धी कार्य गर्ने गराउने ।

१९.सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने गराउने ।

२०.गैरसरकारी संस्थाको सम्पुर्ण विवरण, तथ्यांक, अवस्था सम्बन्धी कार्य गर्ने गराउने ।

२१.श्रम एवं रोजगार प्रबर्धन तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान सम्बन्धी कार्य गर्ने गराउने ।

२२.कृषि विकास, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी गाउँस्तरीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने गराउने ।

२३.पशु तथा पंक्षी पालन र पशु तथा पंक्षी स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने गराउने।

२४.अन्य शाखा, उपशाखा, इकाइले गर्ने भनि स्पष्ट नतोकिएको कार्य सम्पादन गर्ने।

२५.समग्र कर्मचारी प्रशासन सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतलाई नियमित जानकारी गराउने।

२६.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने।

२७.पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्ने गराउने ।यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

२८.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने।

२९.प्रमुख प्रशासकीय अधिकृत लगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने।

३०.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने।

३१.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने।

३२.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने।

३३.यस पदका लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने।

## ३.बरिष्ठ प्रशासन सहायक/ प्रशासकिय अधिकृत, पाँचौ /छैठौं तह (प्रशासन,सा.प्र.) पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):

१.प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखको प्रत्यक्ष निर्देशन, सुपरिवेक्षण तथा नियन्त्रणमा रही निजले अधिकार प्रत्यायोजन गरेबमोजिम गाउँपालिकाको कार्यमा गतिशिलिता ल्याउन र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा नियमावलीको सफल कार्यान्वयनका लागि ऐन नियमको मर्म र भावना बमोजिम दर्ता, चलानी, सोधपुछ, नागरिक वडापत्र, सेवा प्रवाह फाराम र कार्य प्रकृया, जिन्सी व्यवस्थापन, सवारी साधन व्यवस्थापन, सम्पत्ति व्यवस्थापन, अभिलेख, संरक्षण, हेरचाह, मर्मतसंभार, पंजीकरण, गाउँ सुरक्षा, सरसफाई, कार्यालयको आन्तरिक वन्दोवस्त, इन्टरनेट, विजुली, टेलिफोन, धारा, पानी, ढल, वैठक, कोठा, बगैंचा, सुरक्षा समेतको रेखदेख, निरीक्षण र नियन्त्रण गर्ने सम्बन्धी कार्य गर्ने।

२.सहायक कर्मचारीको विदा व्यवस्थापन, सहायकहरुको कार्यसम्पादन मुल्यांकन, समिति उपसमितिमा सहभागिता, चिठीपत्रमा तोकआदेश कार्यवाही प्रकृया, कार्यप्रकृया सरलीकरण, कर्मचारीको हाजिरी प्रमाणित, गाउँपालिकाको प्रवक्ताको कार्य, गाउँपालिकाको नोडल अधिकृतको कार्य, वडा समितिको व्यवस्थापन कार्य,सङ्गठन संरचना र दरबन्दी अध्यावधिक कार्य, गाउँपरिषद गाउँपालिका वैठक, समिति उपसमिति वैठकमा सहयोग, कर्मचारी व्यक्तिगत विवरण अध्यावधिक, अभिलेख, कर्मचारी वृत्तिविकास कार्ययोजना, जिन्सी सामान खरिद व्यवस्थापन, मालसामान संरक्षण,कार्यालय मर्मतसंभारहेरचाह, सम्पत्ति अध्यावधिक, वडास्तरिय योजना तथा कार्यक्रमको समन्वय रेखदेख अनुगमन मुल्यांकन प्रतिवेदन, संघीय सरकार, प्रादेशिक सरकार र गाउँकार्यपालिकाको निर्देशन परिपत्रको पालनामा सहयोग, गाउँपालिकाको सेवा प्रवाहमा गुणस्तरियता छिटोछरितोपना सरलता शिघ्रता मितव्ययिता र स्तरियता कायम, निर्णयहरुको अभिलेख र सुरक्षा एवं कार्यान्वयन प्रकृया लगायत प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखवाट प्रत्यायोजन भएका विषय सम्बन्धी कार्य सम्पादन गर्ने।

३.प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखको सुपरिवेक्षणमा रही गाउँपालिकाको नीति, योजना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, प्रगती समीक्षा, अनुगमन, मुल्यांकन प्रतिवेदन सम्बन्धी कार्य,गाउँको दीर्घकालिन, आवधिक र बार्षिक योजना तर्जुमा, गाउँपालिकाको रणनीतिक योजना, बार्षिक योजना, कार्यक्रम, स्थानीय योजना, जग्गा विकास योजना तयार योजना तर्जुमा, कार्ययोजना तयारी, आयोजना, परियोजना, कार्यक्रम, बजेट नीति,

रणनीति, कार्यनीति, उपभोक्ता समिति परिचालन, विकास आयोजना तथा परियोजना, बार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन, उपभोक्ता समिति, Project Document, बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा रउपभोक्ता हित संरक्षण, स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यबस्थापन तथा बजार तथा हाटबजार व्यवस्थापन, स्थानीय व्यापार प्रबर्धन, सहजीकरण र नियमन सम्बन्धी कार्य गर्ने।

४.दरबन्दी सृजना, पददर्ता, पदपूर्ति, पदस्थापना, विदा, वढुवा, सरुवा, सम्बन्धीकार्य गर्ने ।

५.कर्मचारीको विदा, हाजीरी, काज, अवकाशलगायत स्वीकृत गर्दा विधिसम्मतभएको सुनिश्चितता गर्ने र सोको अभिलेख व्यवस्थापन गर्ने।

६.कर्मचारीहरुको अध्ययन र असाधारण विदा माग भएमा कारवाहीको लागि पेश गर्ने, साथै कारवाही स्वीकृत भएका कार्यको अभिलेख राख्ने र राख्न लगाउने।

७.आन्तरिक तथा वाह्य तालिममा मनोनयन सम्बन्धी निर्देशनअनुसार आवश्यक कार्य गर्ने।

८.कर्मचारीको कार्यसम्पादन, कार्य प्रगति समिक्षा, कार्यसम्पादन मूल्यांकन, अभिलेख व्यवस्थापन, हाजीरी, समयपालना, सेवाप्रवाहको सम्बन्धमा अनुगमन, व्यक्ति विवरणको फाइलीङ् कार्य सम्बन्धमा आवश्यक कार्य गर्ने।

९.गाउँपालिकाको समग्र अभिलेख व्यवस्थित गर्ने ।

१०.गाउँपालिकाले प्रदान गर्ने विभिन्न प्रकृतिका सिफारिश पत्रहरु तयार गर्ने।

११.सामान्य प्रशासन तथा कर्मचारी प्रशासन सम्बन्धी विषयमा तालिम प्रशिक्षण, अनुगमन, प्रतिवेदन र अन्य आइपर्ने कार्यहरु समेत निर्देशन अनुसार सम्पादन गर्ने।

१२.कासमु फाराम, सम्पत्ति विवरण फाराम समय भित्र मूल्यांकन, संकलन गरी पेश गर्ने।

१३.गाउँपालिकाको भौतिक सामाग्रीको सम्भार, मर्मत तथा संरक्षणको व्यवस्थापन मिलाउने र सदुपयोग गर्ने गराउने जिम्मेवारी वहन गर्ने।

१४.गाउँपालिकाको दैनिक प्रशासनिक सेवा प्रवाहलाई छिटो, छरितो र गुणस्तरीय बनाउन कार्ययोजना तयार गरी पेश गर्ने।

१५.अधिनस्थ कर्मचारीहरुको काममा मार्गदर्शक बनी स्वीकृतिको लागि सुपरिवेक्षक र आवश्यकतानुसार नियन्त्रण समेत गर्ने।

१६.अन्य शाखा, उपशाखा, इकाइले गर्ने भनि स्पष्ट नतोकिएको कार्य सम्पादन गर्ने।

१७.समग्र कर्मचारी प्रशासन सम्बन्धमा शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई नियमित जानकारी गराउने।

१८.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने।

१९.पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्ने ।यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

२०.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने।

२१.प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख लगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने।

२२.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने।

२३.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने।

२४.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने।

२५.यस पदका लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने।

## ४.ईन्जिनियर/बरिष्ठ ईन्जिनियर,सातौ/आठौं तह(इन्जी.सिभिल/जनरल)(प्रा.)पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):

१.प्रमुख प्रशासकीय अधिकृतको सामान्य निर्देशन, सुपरिवेक्षण तथा नियन्त्रणमा रही निजले अधिकार प्रत्यायोजन गरे बमोजिम सडक, सिंचाई,जलविद्युत, उर्जा, सडक वत्ती, यातायात व्यवस्था तथा अन्य पूर्वाधार विकास र भवन, वस्ती विकास तथा नक्शापास सम्बन्धी नीति, कानुन, मापदण्ड,योजना, कार्यक्रम, निर्माण, कार्यान्वयन, अनुगमन, मुल्यांकन, प्रतिवेदन, नियमन सम्बन्धी कार्य गर्ने गराउने ।

२.स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, यातायात,झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यक्रम, निर्माण, कार्यान्वयन, अनुगमन, मुल्यांकन, प्रतिवेदन, नियमन सम्बन्धी कार्य गर्ने गराउने ।

३.गाउँपालिका भित्र गर्नुपर्ने भौतिक संरचना निर्माण, आवास क्षेत्र, व्यापारिक क्षेत्र, खुलापार्क, खेलमैदान नीति, भित्री शहरी सडक, शुद्ध खानेपानी उत्पादन, वितरण, सुधार, सम्भार र व्यवस्थापन, ढल निर्माण व्यवस्थापन, यातायात सुरक्षा व्यवस्थापन र नियमन सम्बन्धी कार्य गर्ने गराउने ।

४.स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमन तथा ट्याक्सी सेवा अनुमती, व्यबस्थापन र नियमन कार्य गर्ने गराउने ।

५.सिंचाई, जलविद्युत, उर्जा, सडक वत्ती, साना जलविद्युतआयोजना, उर्जा, सडक वत्ती,नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्वन्धी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन कार्य गर्ने ।

६.आयोजना स्वीकृती, आयोजना लागत अनुमान, आयोजना बजेट, आयोजना कार्यान्वयन, आयोजना गुणस्तरियता, अनुगमन निरीक्षण प्रतिवेदन लगायतका कार्यसम्पादन गर्ने ।

७.वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि तथा प्रबर्धन गर्ने ।

८.विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन, स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन, स्थानीय साना, सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन, जलउत्पन्न प्रकोप नियन्त्रण, साना जल उपयोग, सार्वजनिक निजी साझेदारी सम्बन्धी कार्य गर्ने ।

९.भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत) नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने ।

१०.भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमनसम्बन्धी कार्य गर्ने ।

११.पुरातत्व, प्राचीन स्मारक सम्पदा र संग्राहलय संरक्षण, सम्बर्धन र पुनःनिर्माण सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत संभार कार्य गर्ने गराउने ।

१२.जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा, भू—उपयोग तथा वस्ती विकास भूमिको वर्गीकरण अनुसारको लगत जग्गाको कित्ताकाट र भूमीको लगत (नक्शा, स्रेस्ता) निर्माण र संरक्षण सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरणगर्ने ।

१३.बस्ती विकास, आधारभूत आवास शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने गराउने ।

१४.आवास भवन निर्माणको मापदण्ड, बहु तला भवनका मापदण्ड, मानक, भौगर्भिक अवस्था, क्षेत्र (लोकेशन) र जग तथा उचाई आदिको नक्शा डिजाइन विश्लेषण गरी स्वीकृती आधार तयार गर्ने र कार्यान्वयन गर्ने गराउने ।

१५.आवास भवन, व्यापारिक भवन, कार्यालय भवन, सरकारी वा वैदेशिक संस्थाका ठुला भवन, कम्पाउण्ड पर्खाल, पार्क, पार्किङस्थल, ढल फोहोर व्यवस्थापन आदिका आधारमा निर्माण स्विकृति नीति बनाउने र लागु गर्ने गराउने ।

१६.स्वीकृत नक्शा र मापदण्ड अनुसार काम भए नभएको अनुगमन निर्देशन नियमन गर्ने ।

१७.भवन निर्माणको आचारसंहिता पालना गराउने र पालना भए नभएको अनुगमन गर्न तथा नियमन र निर्देशन गर्ने।

१८.विकास कार्यक्रमको समिक्षा गर्ने, संचालितयोजनाको नापी किताव, रनिङ विल र कार्यसम्पन्न प्रतिवेदन, संचालित आयोजनाको निरीक्षण, अनुगमन, प्रतिवेदन, ठेक्कपट्टा कार्य इष्टिमेट अनुसार भएनभएको अनुगमन निर्देशन कार्य सम्बन्धी कार्य गर्ने।

१९.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने।

२०.पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्ने गराउने। यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

२१.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने।

२२.प्रमुख प्रशासकीय अधिकृतलगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने।

२३.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने।

२४.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने।

२५.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने।

२६.यस पदका लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने।

## ५.सव इन्जिनियर/ईन्जिनियर (अधिकृत).,पाँचौ /छैठौं तह (इन्जी.,सिभिल/जनरल)(प्रा.)पदको कार्यविवरण(काम, कर्तव्य र योग्यता):

१.शाखा प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन, सुपरिवेक्षण तथा नियन्त्रणमा रही प्रत्यायोजित अधिकार बमोजिम सडक, सिंचाई,जलविद्युत, उर्जा, सडक वत्ती, यातायात व्यवस्था तथा अन्य पूर्वाधार विकास सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यक्रम, निर्माण, कार्यान्वयन, अनुगमन, मुल्यांकन, प्रतिवेदन, नियमन सम्बन्धी कार्य गर्ने ।

२.स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, यातायात,झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यक्रम, निर्माण, कार्यान्वयन, अनुगमन, मुल्यांकन, प्रतिवेदन, नियमन सम्बन्धी कार्य गर्ने ।

३.गाउँपालिका भित्र गर्नुपर्ने भौतिक संरचना निर्माण, आवास क्षेत्र, व्यापारिक क्षेत्र, खुलापार्क, खेलमैदान नीति, भित्री शहरी सडक, शुद्ध खानेपानी उत्पादन, वितरण, सुधारसम्भार र व्यवस्थापन, ढल निर्माण व्यवस्थापन, यातायात सुरक्षा व्यवस्थापन र नियमन सम्बन्धी कार्य गर्ने।

४.आयोजना स्वीकृती, आयोजना लागत अनुमान, आयोजना बजेट, आयोजना कार्यान्वयन, आयोजना गुणस्तरियता, अनुगमन निरीक्षण प्रतिवेदन लगायतका कार्यसम्पादन गर्ने।

५.स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमन तथा ट्याक्सी सेवा अनुमती, व्यबस्थापन र नियमन कार्य गर्ने।

६.सिंचाई, जलविद्युत, उर्जा, सडक वत्ती, साना जलविद्युतआयोजना, उर्जा, सडक वत्ती,नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्वन्धी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमनकार्य गर्ने।

७.वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धितथा प्रबर्धन गर्ने।

८.विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन, स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन, स्थानीय साना, सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन, जलउत्पन्न प्रकोप नियन्त्रण, साना जल उपयोग, सार्वजनिक निजी साझेदारी सम्बन्धी कार्य गर्ने।

९.विकास कार्यक्रमको समिक्षा गर्ने, संचालित योजनाको नापी किताव, रनिङ विल र कार्यसम्पन्न प्रतिवेदन, संचालित आयोजनाको निरीक्षण, अनुगमन, प्रतिवेदन, ठेक्कपट्टा कार्य इष्टिमेट अनुसार भएनभएको अनुगमन निर्देशन कार्य सम्बन्धी कार्य गर्ने ।

१०.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने ।

११.पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्ने ।यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

१२.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने ।

१३.शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृत लगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने ।

१४.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने ।

१५.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने ।

१६.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने ।

१७.यस पदका लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने ।

## ६. सव इन्जिनियर/ईन्जिनियर (अधिकृत).,पाँचौ /छैठौं तह(इन्जी.,विएण्डआ./स्यानिटरी)(प्रा.)पदको कार्यविवरण(काम, कर्तव्य र योग्यता):

६.सवारी साधन चलाउँदा सवारी सम्बन्धी कानुनको पालना गर्ने ।
७.सवारी साधन चलाउँदा सवारी सम्बन्धी कानुनको उल्लंघन गरी गाउँपालिकालाई हानी हुने कार्य नगर्ने ।
८.सवारी साधनमा सवार व्यक्तिहरु सँग मर्यादित व्यवहार गर्ने ।
९.सवारीमा केही समस्या आइपरेमा तुरुन्त शाखा प्रमुख तथा उपशाखा प्रमुख र सुपरिवेक्षकलाई जानकारी गराई निजको आदेश बमोजिम मर्मत गराइ सेवा प्रवाह सुचारु राख्ने ।
१०.सवारी कर, राजस्व, प्रदुषण मापदण्ड, परिक्षण, लाइसेन्स, नवीकरण लगायतका विषयमा समयमै शाखा प्रमुख तथा उपशाखा प्रमुखर सुपरिवेक्षकलाई जानकारी गराई निर्देशन बमोजिमको कार्य गर्ने ।
११.सवारी चलाउनु अघी आवश्यक इन्धन, मोविल, पानी, आदि र टायरहरुमा हावा पर्याप्त भएनभएको चेकजांच गर्ने ।
१२.निर्देशन बमोजिम सवारी साधनहरु र आवश्यकतानुसार अन्य वाहनहरु सवारी नियमको पुर्ण पालना गरी समयमै चलाई सुरक्षित रुपमा गन्तव्य स्थान सम्म पुर्याउने ।
१३.आफुले चलाईरहेको सवारी साधनमा टायर फेर्नुपर्ने वा इन्जिन मर्मत गर्नुपर्ने भएमा सो को जानकारी गराई, आदेश लिई तथा स्वीकृति बमोजिमको कार्यहरु सम्पादन गर्ने ।
१४.कारणवश सवारीसाधन विग्रिएमा वा वाहनको कुनै सामाग्रीमा थपघट गर्नुपर्ने भएमा सम्बन्धित सुपरिवेक्षकलाई तुरुन्त सुचना दिने र मर्मत संभार गराउने र गरेको मर्मत ठिक भएको सुपरिवेक्षकलाई जानकारी दिने ।
१५.आफुले चलाउनुपर्ने सवारीसाधनको सामान्य मर्मतको लागि आवश्यक ज्यावलहरु र एउटा अतिरिक्त टायर सुरक्षित रुपमा सवारी साधनमा राख्ने ।
१६.सवारीको लगवुक व्यवस्थापन, स्याहार, मर्मत, संभार, संरक्षण गर्ने ।
१७.आफुले गरेको कार्य सम्पादन प्रगतिको जानकारी सुपरिवेक्षकलाई गराउने ।
१८.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने ।
१९.माथिल्लो र तोकिएको पदाधिकारीको निर्देशन तथा आदेश बमोजिम कार्य गर्ने ।
२०.प्रचलित ऐन नियम, आचारसंहिता लगायत करार सम्झौता पत्रमा तोकिएका विषयतथा शर्तहरुको परिपालना गर्ने ।
२१.अन्य सवारी चालक कर्मचारीलाई निजको कार्यमा एकले अर्कोलाई सहयोग र उत्प्रेरित गर्ने ।
२२.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने ।
२३.यस पदका लागि आवश्यक न्युनतम योग्यता प्रचलित कानुनमा तोकिएबमोजिम हुनुका साथै सामान्य लेखपढ गर्न जान्ने र हलुका सवारी तथा हेभी सवारी चलाउन सक्ने गरी ड्राइभिङ लाइसेन्स प्राप्त गरेको नेपाली नागरिक हुनुपर्ने ।

## २०.कार्यालय सहयोगी/सरसफाइ सहयोगी/कुचिकार/स्वीपर/माली/बगैंचे/सुरक्षागार्ड/चौकिदार वा सो सरहको अन्य श्रेणीविहिन पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):

१.गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, उपशाखा प्रमुख,ईकाइ प्रमुख वा स्वास्थ्यचौकी वा स्वास्थ्य सेवाकेन्द्र वा तोकिएको कार्यालयको तोकिएको पदाधिकारीको मातहतमा रही लाए अह्राए बमोजिमका काम गर्ने ।

२.आफुलाई तोकिएको शाखा उपशाखा इकाइ फाँट सरसफाई गर्ने, भांडाहरुमा दैनिक रुपमा खानेपानी भर्ने, शाखाका कर्मचारीले लाएअह्राएबमोजिमको काम गर्ने, आवश्यकता परेको वेलामा शाखामा सेवाग्राहीलाई सहयोग गर्ने सम्बन्धी कार्य गर्ने ।

३.करार सेवा सम्झौता र प्रचलित ऐन नियमका आचरण पालना गर्नुपर्ने ।

४.आफु खटिएको स्थलको भौतिक सरसामग्रीको संरक्षण गर्ने, सदुपयोग गर्ने, साथै हिनामिना र नोक्सानी हुन नदिने ।

५.कार्यकक्षको सरसफाई, चिठीपत्र, फाइल कागजात ओसारपसार लगायत सुपरिवेक्षकले लगाए अह्राएको कार्य गर्ने ।

६.आफुलाई तोकिएको कार्यस्थलको सेवा विशिष्ठता बमोजिम तोकेको कार्य जिम्मेवारी समयमै सम्पन्न गरी सेवाप्रवाह चुस्त दुरुस्त राख्ने ।

७.कार्यालयका शाखा,उपशाखा,इकाइ तथा फांटमा आफुभन्दा माथिका कर्मचारीले लगाए अह्याएको काम गर्ने ।

८.चिठी पत्र तथा फाइल कागजात ओसारपसारमा सहयोग पुर्याउने एवं अन्य कार्यालयमा पुर्याउनुपर्ने चिठीपत्रहरु समयमै पुर्याउने ।

९.विहान कार्यालय खुल्नुअगावै कार्यालयको मुल ढोका, कोठाहरु, झ्याल आदि संरचनाहरु खोल्ने ।

१०.कार्यालय समय पश्चात् सबै कोठाहरु चेकजांच गरी बत्ति, हिटर, पंखा, एसी, कम्प्युटर, धारा, विजुली र अन्य उपकरणहरु निभाउने, स्वीच अफ गर्ने वा बन्द गर्ने ।

११.कार्यालय बन्द भएपछि सबै झ्याल, ढोकाहरु बन्द गर्ने, सांचो लगाउने ।

१२.आफ्नो जिम्माका सम्पुर्ण कार्यालय सामानहरुको हेरचाह र सुरक्षा गर्ने ।

१३.कार्यालय बन्द गरिसकेपछिको अबस्थामा अपरिचित मानिसहरुको प्रवेश निषेध गर्ने ।

१४.कार्यालय हाताभित्र कुनै अप्रत्यासित घटना घटेमा वा घट्ने सम्भावना देखिएमा तुरुन्त सम्बन्धीत अधिकृत तथा अन्य कर्मचारीलाई खवर गर्ने ।

१५.कार्यालयका कुर्सी, टेवल, दराज, कोठाहरु, हलहरु, वैठक कोठाहरु, कक्षहरु, वरण्डाहरु, भर्याङहरु, कार्यालयको प्रांगण, बाटो र बगैंचामा समेत दैनिक सरफाईको काम गर्ने ।

१६.कार्यालय परिसरभित्र अनावश्यक स्थानमा झारपात, घांस, विरुवा उम्रेमा तुरुन्त उखेली सफा गर्ने ।

१७.कार्यालय भवन भित्र फोहोर संकलन गर्ने, थन्क्याउने, फाल्ने व्यवस्था गरी नियमित सफाई गर्ने ।

१८.कार्यालयको विभिन्न कक्षहरुमा राखिएका फोहोर राख्ने टोकरीहरुमा भएका फोहोरहरु नियमित रुपमा फाली सफा राख्ने ।

१९.कार्यालयका सबै शौचालयहरुमा नियमित रुपमा किटनाशकहरुको प्रयोग गरी सफा राख्ने ।

२०.कार्यालयमा सफा र स्वच्छ वातावरण राख्न आवश्यक अन्य कार्य गर्ने ।

२१.कार्यालयको सुरक्षा, संभार, कार्यालय हातामा रहेका बगैंचाको व्यवस्थापन लगायतको कामहरु गर्ने ।

२२.कार्यालयमा आफु कार्यरत रहंदाको दैनिक घटनाहरुको जानकारी तोकिएको अधिकृतलाई गराउने ।

२३.आफु खटिएको शाखा वा फांटमा आवश्यकता र माग अनुसार निर्देशन बमोजिम चिया पानीको वन्दोवस्त मिलाउने ।

२४.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने ।

२५.माथिल्लो निकाय तथा पदाधिकारीको निर्देशन, आदेश पालना गर्ने ।

२६.प्रचलित ऐन नियमआचारसंहिता लगायत करार सम्झौता पत्रमा तोकिएका विषयतथा शर्तहरुको परिपालना गर्ने ।

२७.अन्य सहयोगी कर्मचारीलाई निजको कार्यमा एकले अर्कोलाई सहयोग र उत्प्रेरित गर्ने ।

२८.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने ।

२९.यस पदका लागि आवश्यक न्यूनतम योग्यता प्रतलित कानुनका तोकिएबमोजिम हुनुका साथै सामान्य लेखपढ गर्न जान्ने नेपाली नागरिक हुनुपर्ने।

## २१.कम्प्युटर अपरेटर, पांचौं तह (बिविध) पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):

१.आफुलाई तोकिएको सचिवालय, शाखा, उपशाखा वा इकाइको अध्यक्ष पदाधिकारी वा तोकिएको कार्यालयको तोकिएको पदाधिकारीको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रही गाउँपालिका अध्यक्षको सचिवालय, गाउँपालिका उपाध्यक्षको सचिवालय, प्रमुख प्रशासकीय अधिकृत, प्रशासन तथा व्यवस्थापन शाखा,आर्थिक प्रशासन शाखा, पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, स्वास्थ्य सेवा शाखा, सामाजिक विकास शाखा, आर्थिक विकास शाखा र ती शाखा मातहतका प्रशासन, योजना, सुचना, राजश्व, कानुन, सडक, भवन, वन, शिक्षा, महिला, सामाजिकसुरक्षा, उद्योग, श्रम, कृषितथा पशु सेवा संग सम्बन्धित उपशाखाहरु र आलेप इकाइ लगायतका इकाइहरु, न्यायिक समितिवा अन्य समितितथा तोकिएको अन्य शाखा, उपशाखा,इकाइ वा अन्य सङ्गठन संरचना वा काममा खटिई लाए अह्राएबमोजिमको तथा सम्बद्ध संरचनाको काम गर्ने।

२.गाउँपालिका अध्यक्ष र गाउँपालिका उपाध्यक्षको सचिवालयमा खटिने कर्मचारीले उहांहरुको सचिवालयमा रही गाउँपालिका अध्यक्ष र गाउँपालिका उपाध्यक्षले लाए अह्राएबमोजिमको सचिवालयको कार्य सम्पादन गर्ने । गाउँपालिका अध्यक्षकोमा खटिएको कम्प्युटर अपरेटरले सचिवालयका अलावा आवश्यकतानुसार गाउँसभा, कार्यपालिका, समितिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायतको कम्प्युटर टाइपको काम समेत गर्ने।गाउँपालिका उपाध्यक्षकोमा खटिएको कम्प्युटर अपरेटरले सचिवालयका अलावा न्यायिक समिति र कानुन उपशाखा समेत हेर्ने तथा आवश्यकतानुसार अन्य शाखाको कम्प्युटर टाइपको काम समेत गर्ने।

३.तोकिएको सचिवालय वा शाखाका अलावा प्रमुख प्रशासकीय अधिकृत र प्रशासन तथा व्यवस्थाप शाखा प्रमुख एवं प्रशासन तथा आन्तरिक व्यवस्थापन उपशाखा प्रमुखले तोकेबमोजिमको कम्प्युटर सम्बन्धी कार्य सम्पादन गर्ने।

४.गाउँपालिका तथा मातहतका निकायको सुचना संकलन गर्ने, संग्रह गर्ने, अभिलेख व्यवस्थापन गर्ने, समग्र लगत एवं तथ्यांक संकलन गरी रेकर्ड राख्ने, सुचना प्रदान गर्ने सम्बन्धी कार्य गर्ने।

५.विभिन्न प्रकृतिका काम वा सेवा अनुसार तथ्यांक संकलन गर्ने, सम्पादन गर्ने, Data Analysis गर्ने र अन्तिम विवरण तयार गर्ने।

६.शाखा उपशाखा र मातहतका निकायहरुकोमासिककार्यप्रगतिविवरणतयारगर्ने, सूचनाप्रकाशनगर्ने, वुलेटिन, व्रोसर, पत्रपत्रिका, इमेल, इन्टरनेट, वेभसाइट, प्रतिवेदन, गाउँसमाचार, बजेट, योजना, कार्यक्रमको तयारी, लगायतका विषय सम्बन्धमा आवश्यकतानुसार निर्देशन बमोजिम विवरण लिनेदिने, संकलन गर्ने, विश्लेषण गर्ने, टाइप गर्ने, अभिलेख राख्ने, अपलोड गर्ने, अपडेट गर्ने, प्रकाशन गर्ने, वितरण गर्ने, सम्बन्धी कार्य गर्ने।

७.गाउँपालिकाको सूचना व्यवस्थापन, अनुसन्धान, प्रकाशन र वितरणसम्बन्धी कार्य गर्ने।

८.तयार गरिएका विवरणहरुको अन्तिम निष्कर्ष सुपरिवेक्षक र तोकिएको पदाधिकारी अध्यक्ष समक्ष पेश गर्ने।

९.गाउँपालिकामा आवश्यक पर्ने सबै प्रकारका कागजात तथा पत्रहरुको Typing गर्ने।

१०.प्रमुख प्रशासकीय अधिकृत, प्रशासन तथा व्यवस्थापन शाखा प्रमुख वा प्रशासनतथा आन्तरिक व्यवस्थापन उपशाखा प्रमुख वा तोकिएकोशाखा प्रमुख तथा उपशाखा प्रमुखबाट निर्देशन भए अनुसारका कार्यहरु गर्ने।

११.प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखतथा उपशाखा प्रमुख लगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने।

१२.यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने र पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्ने।

१३.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने।

१४.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने ।

१५.गाउँपालिका तथा तोकिएको कार्यालयको तोकिएको काम जिम्मेवारीपुर्ण र जवाफदेहिताका साथ गर्ने ।

१६.गाउँपालिकाले गाउँपालिका बाहेक गाउँपालिका मातहतको कार्यालयमा तोकेको अवस्थामा सो कार्यालयको कम्प्युटर टाइप, सुचना, संचार, प्रबिधी सम्बन्धी कार्य गर्ने ।

१७.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने ।

१८.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने ।

१९.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने ।

२०.यस पदका लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने ।

## २२.सहायक कम्प्युटर अपरेटर, चौथो तह (बिविध) पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):

१.आफुलाई तोकिएको सचिवालय, शाखा, उपशाखा वा इकाइको अध्यक्ष पदाधिकारी वा तोकिएको पदाधिकारीको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रही गाउँपालिका अध्यक्षको सचिवालय, गाउँपालिका उपाध्यक्षको सचिवालय, प्रमुख प्रशासकीय अधिकृत, प्रशासन तथा व्यवस्थापन शाखा,आर्थिक प्रशासन शाखा, पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, स्वास्थ्य सेवा शाखा, सामाजिक विकास शाखा, आर्थिक विकास शाखा र ती शाखा मातहतका प्रशासन, योजना, सूचना, राजश्व, कानुन, सडक, भवन, वन, शिक्षा, महिला, सामाजिकसुरक्षा, उद्योग, श्रम, कृषितथा पशु सेवा संग सम्बन्धित उपशाखाहरु र आलेप इकाइ लगायतका इकाइहरु, न्यायिक समितिवा अन्य समितितथा तोकिएको अन्य शाखा, उपशाखा,इकाइ वा अन्य सङ्गठन संरचना वा काममा खटिई लाए अह्याएबमोजिमको तथा सम्बद्ध संरचनाको काम गर्ने ।

२.तोकिएको सचिवालय वा शाखाका अलावा प्रमुख प्रशासकीय अधिकृत र प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा प्रमुख एवंयोजना अनुगमन तथा मुल्यांकन शाखा प्रमुखले तोकेबमोजिमको कम्प्युटर सम्बन्धी कार्य सम्पादन गर्ने ।गाउँपालिका अध्यक्षकोमा खटिएको कम्प्युटर अपरेटरले सचिवालयका अलावा आवश्यकतानुसार गाउँसभा, कार्यपालिका, समितिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायतको कम्प्युटर टाइपको काम समेत गर्ने ।गाउँपालिका उपाध्यक्षकोमा खटिएको कम्प्युटर अपरेटरले सचिवालयका अलावा न्यायिक समिति र कानुन उपशाखा समेत हेर्ने तथा आवश्यकतानुसार अन्य शाखाको कम्प्युटर टाइपको काम समेत गर्ने ।

३.गाउँपालिका तथा मातहतका निकायको सुचना संकलन गर्ने, संग्रह गर्ने, अभिलेख व्यवस्थापन गर्ने, समग्र लगत एवं तथ्यांक संकलन गरी रेकर्ड राख्ने, सुचना प्रदान गर्ने सम्बन्धी कार्य गर्ने ।

४.विभिन्न प्रकृतिका काम वा सेवा अनुसार तथ्यांक संकलन गर्ने, सम्पादन गर्ने, Data Analysis गर्ने र अन्तिम विवरण तयार गर्ने ।

५.शाखा उपशाखाहरुकोमासिककार्यप्रगतिविवरणतयारगर्ने, सूचनाप्रकाशनगर्ने, वुलेटिन, व्रोसर, पत्रपत्रिका, इमेल, इन्टरनेट, वेभसाइट, प्रतिवेदन, गाउँसमाचार, बजेट, योजना,कार्यक्रमको तयारी, लगायतका विषय सम्बन्धमा आवश्यकतानुसार निर्देशन बमोजिम विवरण लिनेदिने, संकलन गर्ने, विश्लेषण गर्ने, टाइप गर्ने, अभिलेख राख्ने, अपलोड गर्ने, अपडेट गर्ने, प्रकाशन गर्ने, वितरण गर्ने, सम्बन्धी कार्य गर्ने ।

६.गाउँपालिका तथा मातहतका निकायको सूचना व्यवस्थापन, अनुसन्धान, प्रकाशन र वितरणसम्बन्धी कार्य गर्ने

७.तयार गरिएका विवरणहरुको अन्तिम निष्कर्ष सुपरिवेक्षक र तोकिएको पदाधिकारी अध्यक्ष समक्ष पेश गर्ने ।

८.गाउँपालिकामा आवश्यक पर्ने सबै प्रकारका कागजात तथा पत्रहरुको Typing गर्ने ।

९.प्रमुख प्रशासकीय अधिकृत, प्रशासन तथा व्यवस्थापन शाखा प्रमुख वा प्रशासन उपशाखा प्रमुख वा तोकिएकोशाखा प्रमुख तथा उपशाखा प्रमुखबाट निर्देशन भए अनुसारका कार्यहरु गर्ने ।

१०.प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख लगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने

११.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने ।

१२.पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्नेर यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

१३.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने ।

१४.गाउँपालिका तथा तोकिएको कार्यालयको तोकिएको काम जिम्मेवारीपुर्ण र जवाफदेहिताका साथ गर्ने ।

१५.गाउँपालिकाले गाउँपालिका बाहेक गाउँपालिका मातहतको कार्यालयमा तोकेको अवस्थामा सो कार्यालयको कम्प्युटर टाइप, सुचना, संचार, प्रबिधी सम्बन्धी कार्य गर्ने ।

१६.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने ।

१७.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने ।

१८.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने ।

१९.यस पदका लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने ।

## २३.सब इन्जिनियर,पांचौं तह (इन्जी.)(सिभिल/जनरल/सिंचाइ/हाइवे) पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):

१.पुर्वाधार विकास शाखा, सडक सिंचाई तथा अन्य पूर्वाधार विकास उपशाखा, भवन वस्ती विकास तथा नक्शापास उपशाखा र वडा कार्यालयहरुको काम कारवाहीका सम्बन्धमा शाखा प्रमुख, उपशाखा प्रमुख तथा वडा सचिवको प्रत्यक्ष निर्देशन नियन्त्रण र सुपरिवेक्षणमा रहीपुर्वाधार विकास तथा वडा कार्यालयको पुर्वाधार विकास सम्बन्धी विषयमा अख्तियारी प्रदान भएअनुसारको वा तोकिएबमोजिमको कार्य सम्पादन गर्ने ।

२.सुपरिवेक्षकवाट तोकिएबमोजिम गाउँपालिकावाट घर निर्माण स्विकृति कार्यविधि, घर नक्शा स्विकृती निवेदन फाराम, नक्शापास निवेदन दर्ता, घरनक्शा पास दस्तुर चेक, १५ दिने सुचना टास, सर्जमिन मुचुल्का, प्राविधिक प्रतिवेदन स्वीकृतिको लागि सुपरिवेक्षक समक्ष पेश, सडक मापदण्ड, स्वीकृत नक्शाको अभिलेख, म्यादथप निवेदन कार्वाही, घरनक्शा प्रतिलीपि, निर्माण सम्पन्न प्रतिवेदन, घरवाटो सिफारिस, सडक वर्गिकरण र मापदण्डको कार्यान्वयन, उपभोक्ता समिति, गाउँका भौतिक पुर्वाधार निर्माण, सडक, सिंचाई, खानेपानी, ढल निकास, साना जलविद्युत, पुल, पुलेसा, झोलुंगे पुल, योजना, मर्मत, संभार, योजनाको नापी किताब, रनिङ विल, मुल्यांकन, कार्य सम्पन्न प्रतिवेदन तयारी तथा पेश लगायतका विषय सम्बन्धि कार्य गर्ने ।गाउँपालिका/वडा कार्यालयको बार्षिक खरिद योजना तयारगरी पेश गर्ने र स्वीकृत गराइ कार्यान्वयनमा लग्ने ।

२.नक्सा पासको निवेदन दर्ता गर्ने ।

३.घरनक्सा पास दस्तुर चेक गर्ने ।

४.प्रमाण हेरी १५ दिने सुचना टांस गर्ने गराउने ।

५.सर्जमिन मुचुल्का र प्राविधिक प्रतिवेदन तयार गर्ने ।

६.प्राविधिक प्रतिवेदन सहित स्विकृतिको लागि सुपरिवेक्षक समक्ष पेश गर्ने ।

७.स्वीकृत नक्सा बमोजिम  कार्यक्षेत्रमा गइ सडक मापदण्ड छुट्याउने ।

८.स्वीकृत नक्साको अधिलेख र रेकर्ड राख्ने ।
९.म्याद थप सम्बन्धी निवेदनमा कारवाही गर्ने ।
१०.घरनक्शाको प्रतिलिपी माग भएमा प्रतिलिपी उपलब्ध गराउने ।
११.नक्शा नामसारी नियमानुसार गर्ने ।
१२.विना इजाजत घर निर्माण भएको पाइएमा निर्माण कार्य रोक्का राखी कारवाही अगाडी बढाउने ।
१३.स्वीकृत इजाजत बमोजिम घर निर्माण भए नभएको जांच गर्ने ।
१४.निर्माण सम्पन्न प्रतिवेदन माग भएमा तयार पारी पेश गर्ने ।
१५.मापदण्ड परिमार्जन थप निर्धारण गर्नुपर्ने भएमा पेश गर्ने ।
१६.निर्माण भएका सडकहरुको लगत राख्ने ।
१७.स्वीकृत योजनाहरुको समयमै डिजाइन र मितव्ययी लगत इष्टिमेट तयार गर्ने ।
१८.समयमै स्वीकृत योजनाहरु कार्यान्वयन गर्न आवश्यक पर्ने प्राविधिक सहयोग दिने ।
१९.कार्यान्वयनमा आएका योजनाहरुको निर्धारित प्राविधिक स्तर कायम गर्ने ।
२०.योजनाको संभाव्यता अध्ययन गर्ने कार्यमा सुपरिवेक्षकलाई सहयोग गर्ने ।
२१.योजनाको सर्भे डिजाइन लगत इष्टिमेट तयार गर्ने ।
२२.स्वीकृत योजनाहरुको लगत राखी प्राथमिकता तोक्ने कार्यमा आफ्नो राय सहित सुपरिवेक्षक समक्ष पेश गर्ने ।
२३.उपभोक्ता समिति गठन गर्न सहयोग गर्ने ।
२४.उपभोक्ता समिति र ठेकेदार संग संझौता गर्ने ।
२५.सम्झौताअनुसार निर्धारित रुपमा योजना सम्पन्न गर्न तारताकेता गर्ने ।
२६.योजनाहरुको नापी किताव रनिङ बिल मुल्यांकन कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश गर्ने ।
२७.सम्पन्न आयोजनाहरुको जांचपास गरी फरफारकको लागि पेश गर्ने ।
२८.योजना संचालनमा विवाद एवं समस्या उत्पन्न भएमा सोको जानकारी यथाशिघ्र सुपरिवेक्षकलाई गराउने ।
२९.संचालित योजनाहरुको बेग्लाबेग्लै फाइल खडा गरी रेकर्ड राख्ने ।
३०.योजना सम्झौता भएपछि रजिष्टर खडा गरी रेकर्ड राख्ने ।
३१.मासिक/त्रैमासिक/चौमासिक/बार्षिकप्रगति समिक्षा वैठकमा प्रगती पेश गर्नेकार्यमा सुपरिवेक्षकलाई आवश्यक सहयोग गर्ने ।
३२.माग र आवश्यकताका आधारमा सम्बन्धित टोल विकास संस्थालाई समेत संलग्न गराइ योजना निर्माण कार्यमा सहयोग गर्ने ।
३३.कार्यालय प्रमुख र सुपरिवेक्षकको अन्य निर्देशनको पालना गर्ने ।
३४.दिर्घकालिन, अल्पकालिक र आवधिक योजना तर्जुमा गर्ने तथा आयोजनाहरुको अभिलेख तयार गर्ने ।
३५.आयोजनाको लगत इष्टिमेट तथा दररेट नर्म्स तयार गरी स्वीकृतिको लागि पेश गर्ने ।
३६.स्वीकृत आयोजना संचालन तथा कार्यान्वयनमा ल्याउने ।
३७.चालु आयोजनाको अनुगमन मुल्यांकन प्रतिवेदन गर्ने ।
३८.आयोजना फछ्र्यौट गर्ने गराउने ।
३९.आयोजनाहरुको भौतिक प्रगति प्रतिवेदन संकलन तयार गरी पेश गर्ने ।
४०.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने ।
४१.यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

४२.पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्ने ।
४३.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने ।
४४.प्रमुख प्रशासकीय अधिकृत, प्रशासन तथा व्यवस्थापन शाखा प्रमुख, प्रशासन तथा आन्तरिक व्यवस्थापन उपशाखा प्रमुख र शाखा प्रमुख,उपशाखा प्रमुखर वडा सचिव लगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने ।
४५.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने ।
४६.प्रचलित ऐन नियमर तोकिएका विषयतथा शर्तहरुको परिपालना गर्ने ।
४७.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने ।
४८.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने ।
४९.गाउँपालिकाले गाउँपालिका बाहेक गाउँपालिका मातहतको कार्यालयमा तोकेको अवस्थामा सो कार्यालयको इन्जिनियरिङ तथा प्राविधिक सम्बन्धी कार्य गर्ने ।
५०.यस पदका लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने ।

## २४.असिस्टेन्ट सबइन्जिनियर,चौथोतह(इन्जी.)(बिआ/सिभिल/जनरल/)पदको कार्यविवरण(काम,कर्तव्य र योग्यता):

१.गाउँपालिकाको पुर्वाधार विकास शाखा, सडक सिंचाई तथा अन्य पूर्वाधार विकास उपशाखा, भवन वस्ती विकास तथा नक्शापास उपशाखाका प्रमखहरुको मार्गदर्शन र वडा सचिव तथा सब इन्जिनियरको प्रत्यक्ष नियन्त्रण निर्देशन र सुपरिवेक्षणमा रही वडा कार्यालयको पुर्वाधार विकास सम्बन्धी विषयमा अख्तियारी प्रदान भएअनुसारको वा तोकिएबमोजिमको कार्य सम्पादन गर्ने ।
२.नक्सा पासको निवेदन दर्ता गर्ने
३.घरनक्सा पास दस्तुर चेक गर्ने ।
४.प्रमाण हेरी १५ दिने सुचना टास गर्ने गराउने ।
५.सर्जमिन मुचुल्का र प्राविधिक प्रतिवेदन तयार गर्ने ।
६.प्राविधिक प्रतिवेदन सहित स्विकृतिको लागि सुपरिवेक्षक समक्ष पेश गर्ने ।
७.स्वीकृत नक्सा बमोजिम  कार्यक्षेत्रमा गइ सडक मापदण्ड छुट्याउने ।
८.स्वीकृत नक्साको अधिलेख र रेकर्ड राख्ने ।
९.म्याद थप सम्बन्धी निवेदनमा कारवाही गर्ने ।
१०.घरनक्शाको प्रतिलिपी माग भएमा प्रतिलिपी उपलब्ध गराउने ।
११.नक्शा नामसारी नियमानुसार गर्ने ।
१२.विना इजाजत घर निर्माण भएको पाइएमा निर्माण कार्य रोक्का राखी कारवाही अगाडी बढाउने ।
१३.स्वीकृत इजाजत बमोजिम घर निर्माण भए नभएको जांच गर्ने ।
१४.निर्माण सम्पन्न प्रतिवेदन माग भएमा तयार पारी पेश गर्ने ।
१५.मापदण्ड परिमार्जन थप निर्धारण गर्नुपर्ने भएमा पेश गर्ने ।
१६.निर्माण भएका सडकहरुको लगत राख्ने ।
१७.स्वीकृत योजनाहरुको समयमै डिजाइन र मितव्ययी लगत इष्टिमेट तयार गर्ने ।
१८.समयमै स्वीकृत योजनाहरु कार्यान्वयन गर्न आवश्यक पर्ने प्राविधिक सहयोग दिने ।

१९.कार्यान्वयनमा आएका योजनाहरुको निर्धारित प्राविधिक स्तर कायम गर्ने ।
२०.योजनाको संभाव्यता अध्ययन गर्ने कार्यमा सुपरिवेक्षकलाई सहयोग गर्ने ।
२१.योजनाको सर्भे डिजाइन लगत इष्टिमेट तयार गर्ने ।
२२.स्वीकृत योजनाहरुको लगत राखी प्राथमिकता तोक्ने कार्यमा आफ्नो राय सहित सुपरिवेक्षक समक्ष पेश गर्ने ।
२३.उपभोक्ता समिति गठन गर्न सहयोग गर्ने ।
२४.उपभोक्ता समिति र ठेकेदार संग संझौता गर्ने ।
२५.सम्झौताअनुसार निर्धारित रुपमा योजना सम्पन्न गर्न तारताकेता गर्ने ।
२६.योजनाहरुको नापी किताव, रनिङ बिल, मुल्यांकन कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश गर्ने ।
२७.सम्पन्न आयोजनाहरुको जांचपास गरी फरफारकको लागि पेश गर्ने ।
२८.योजना संचालनमा विवाद एवं समस्या उत्पन्न भएमा सोको जानकारी यथाशिघ्र सुपरिवेक्षकलाई गराउने ।
२९.संचालित योजनाहरुको बेग्लाबेग्लै फाइल खडा गरी रेकर्ड राख्ने ।
३०.योजना सम्झौता भएपछि रजिष्टर खडा गरी रेकर्ड राख्ने ।
३१.मासिक त्रैमासिक चौमासिक बार्षिक प्रगति समिक्षा वैठकमा प्रगति पेश गर्ने कार्यमा सुपरिवेक्षकलाई आवश्यक सहयोग गर्ने ।
३२.माग र आवश्यकताका आधारमा सम्बन्धित टोल विकास संस्थालाई समेत संलग्न गराइ योजना निर्माण कार्यमा सहयोग गर्ने ।
३३.कार्यालय प्रमुख र सुपरिवेक्षकको अन्य निर्देशनको पालना गर्ने ।
३४.दिर्घकालिन, अल्पकालित र आवधिक योजना तर्जुमा गर्ने तथा आयोजनाहरुको अभिलेख तयार गर्ने ।
३५.आयोजनाको लगत इष्टिमेट तथा दररेट नर्म्स तयार गरी स्वीकृतिको लागि पेश गर्ने ।
३६.स्वीकृत आयोजना संचालन तथा कार्यान्वयनमा ल्याउने ।
३७.चालु आयोजनाको अनुगमन मुल्यांकन प्रतिवेदन गर्ने ।
३८.आयोजना फछर्यौट गर्ने गराउने ।
३९.आयोजनाहरुको भौतिक प्रगति प्रतिवेदन संकलन तयार गरी पेश गर्ने ।
४०.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने ।
४१.यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।
४२.पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्ने ।
४३.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने ।
४४.शाखा प्रमुख,उपशाखा प्रमुख,वडा सचिव तथा सब इन्जिनियर लगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने ।
४५.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने ।
४६.प्रचलित ऐन नियमर तोकिएका विषयतथा शर्तहरुको परिपालना गर्ने ।
४७.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने ।
४८.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने ।
४९.गाउँपालिकाले गाउँपालिका बाहेक गाउँपालिका मातहतको कार्यालयमा तोकेको अवस्थामा सो कार्यालयको इन्जिनियरिङ तथा प्राविधिक सम्बन्धी कार्य गर्ने ।

५०.यस पदका लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने।

**२५.अमिन/सर्वेक्षक, चौथो/पाँचौं तह(इन्जि.,सर्वे.,प्रा.)पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):**

१.शाखा प्रमुख वा सुपरिवेक्षकवाट तोकिएबमोजिम गाउँको वस्तुगत विवरण, भौगोलिक सूचना प्रणाली, स्रोत नक्शा आदि तयार तथा अध्यावधिक गर्ने।

२.भूभिको वर्गिकरण अनुसारको लगत र जग्गाको कित्ताकाट र भुमी लगत नक्शा स्रेस्ता तथा घरजग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

३.गाउँपालिका क्षेत्रको भौतिक पुर्वाधार, मठमन्दिर, सडक, नाला, ढल, पार्क, चौतारो, विद्यालय, खुलास्थान, पुलपुलेसार भौतिक विकासको विवरण स्पष्ट देखिने गरी भौतिक नक्शा तयार गर्ने।

४.घर जग्गा वाटो सम्बन्धी सिफारिस तयार गर्ने र घरको मुल्यांकन सम्बन्धी आवश्यक सहयोग गर्ने।

५.गाउँक्षेत्रभित्र जग्गाको नक्शा कित्ताकाट सम्बन्धी समस्या परेका समाधान गर्ने।

६.GIS सम्बन्धी कार्य गर्ने।

७.गाउँपालिका क्षेत्रमा घर नम्बरीङ सम्बन्धी कार्य गर्ने।

८.गाउँपालिका क्षेत्र भित्र सार्वजनिक, एलानी र प्रति जग्गाको लगत तयार गर्ने।

९.मासिक त्रैमासिक चौमासिक तथा बार्षिक प्रगति विवरण तयार गर्ने।

१०.शाखा तथा उपशाखा प्रमुख एवं सुपरिवेक्षकले लाए अह्याएबमोजिमका कार्य गर्ने।

११.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने।

१२.यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

१३.पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्ने।

१४.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने।

१५.प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख तथा उपशाखा प्रमुख लगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने।

१६.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने।

१७.प्रचलित ऐन नियमर तोकिएका विषयतथा शर्तहरुको परिपालना गर्ने।

१८.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने।

१९.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने।

२०.गाउँपालिकाले गाउँपालिका बाहेक गाउँपालिका मातहतको कार्यालयमा तोकेको अवस्थामा सो कार्यालयको इन्जिनियरिङ तथा प्राविधिक सम्बन्धी कार्य गर्ने।

२१.यस पदका लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने।

**२६.प्राविधिक सहायक, पांचौं तह (शिक्षा,प्रा.) पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):**

१.शाखा तथा उपशाखा प्रमुखको सुपरिवेक्षणमा रही शिक्षा, संस्कृति, पर्यटन, युवा तथा खेलकूद विकास सम्बन्धी कार्यसम्पादन गर्ने।

२.गाउँपालिकाक्षेत्र भित्र संचालन भएका विद्यालयहरुको चलअचल सम्पत्तिको अभिलेख अध्यावधिक राख्ने, विद्यालयको सम्पत्तीको सुरक्षा गर्ने गराउने।

३.प्राथमिक शिक्षा र यससम्बन्धी तालिमको योजना तर्जुमा, संचालन, अनुमति र नियमन गर्ने गराउने।

४.पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन गर्ने गराउने।
५.विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने गराउने।
६.आर्थिक दृष्टिले अत्यन्तै पिछडिएका छात्रछात्राहरुलाई छात्रवृत्ति दिन व्यवस्था मिलाउने।
७.शैक्षिक पुर्वाधार निर्माण र मर्मत संभार सम्बन्धी काम गर्ने।
८.बिद्यार्थी सिकाई उपलब्धिको परिक्षण र व्यवस्थापन सम्बन्धी काम गर्ने।
९.बिद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन सम्बन्धी काम गर्ने।
१०.शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन सम्बन्धी काम गर्ने।
११.स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, संबर्धन र स्तरीकरण गर्ने कार्य।
१२.युवा विकास समिति र खेलकुद केन्द्रहरुको व्यवस्थापन गर्ने गराउने।
१३.भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने गराउने।
१४.पुरातात्विक प्राचिन स्मारक तथा संग्राहलयको संरक्षण, संभार, संबर्धन र विकास सम्बन्धी काम गर्ने गराउने।
१५.परम्परागत रुपमा चलिआएका जात्रा तथा पर्वको संचालन र व्यवस्थापन गर्ने।
१६.खेलकूदको संरचनाको पुर्वाधार निर्माण, संचालन तथा विकास सम्बन्धी कार्य गर्ने।
१७.खेलकुदको विकास र प्रबर्धन सम्बन्धी कार्य सम्पादन गर्ने।
१८.युवा जागरण, सशक्तिकरण र परिचालन सम्बन्धि कार्य गर्ने।
१९.युवा सिप, उद्यमशिलता तथा नेतृत्व विकास सम्बन्धी कार्य गर्ने।
२०.भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन सम्बन्धी कार्य गर्ने।
२१.पर्यटकिय महत्वका स्थल तथा सम्पदाको पहिचान संरक्षण र सम्बर्धनको काम गर्ने।
२२.पर्यटन पुर्वाधार विकास तथा प्रोत्साहनको कार्य गर्ने।
२३.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने।
२४.यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।
२५.पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्ने।
२६.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने।
२७.प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख तथा उपशाखा प्रमुख लगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने।
२८.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने।
२९.प्रचलित ऐन नियमर तोकिएका विषयतथा शर्तहरुको परिपालना गर्ने।
३०.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने।
३१.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने।
३१.यस पदका लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने।

**२७.सहायक महिला विकास निरिक्षक/ महिला विकास निरीक्षक, चौथों/पांचौं तह (विविध) पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):**

१.प्रमुख प्रशासकीय अधिकृतको मार्गदर्शन तथा शाखा प्रमुखको प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा रही महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण सम्बन्धी कार्य सम्पादन गर्ने गराउने ।

२.महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण उपशाखाको अध्यक्ष भई कार्य गर्ने ।

३.वालसंरक्षण उद्धार तथा पुनस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

४.वालविवाह अन्त्य गर्न आवश्यक सहयोग र समन्वय गर्ने ।

५.वालवालिकाविरुद्ध हुने हिंसा र दुर्व्यवहारको अन्त्य गर्ने ।

६.वालवालिकाविरुद्ध हुने शारिरिक तथा मानसिक दण्डसजाय अन्त्य गर्ने ।

७.विकास निर्माण सम्बन्धी कार्यालयलाई वालमैत्री बनाउन कोशिश गर्ने ।

८.वालवालिकाको ओसारपसार तथा वेचविखन विरुद्ध कार्यक्रम संचालन गर्ने ।

९.जेष्ठ नागरिकहरुको परिचयपत्र तयार गर्न पेश गर्ने ।

१०.महिलाहरुको समूह, समिति, संख्या र निगरानी समूह, किशोरी समूह आदि गठनमा सहयोग र समन्वय गर्ने ।

११.आफ्ना समूहभित्र रहेका अपांगहरुको पहिचान, वर्गिकरण, अभिलेख राख्ने कार्य गर्ने गराउने ।

१२.लैंगिक हिंशा बिरुद्ध सचेतनाका अभियान संचालनमा सहयोग प्रचारप्रसार र दाइजो बिरुद्धको कार्यक्रम संचालन गर्ने ।

१३.लैंगिक समानता, सामाजिक समावेशिकरण तथा सामाजिक सुरक्षा सम्बन्धी कार्य गर्ने ।

१४.लैंगिक उत्तरदायी बजेट तयारी र कार्यान्वयनगर्ने गराउने ।

१५.बृद्धबृद्धा, असहाय, अपांगको सुव्यवस्था गर्ने तथा उनीहरुलाई आश्रम, बृद्धाश्रम, विश्रामस्थल आदि बनाउने र संचालित आश्रमहरुको सुव्यवस्था गर्ने गराउने ।

१६.बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन तथा बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमती र नियमन गर्ने गराउने ।

१७.जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य गर्ने गराउने ।

१८.जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

१९.अपांगता भएका व्यक्ति र एकल महिला संरक्षण तथा व्यवस्थापन गर्ने ।

२०.अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गर्ने ।

२१.गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन कार्य गर्ने ।

२२.स्थानीयस्तरमा समाज कल्याण सम्वन्धी संघसंस्था(गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था)को दर्ता, नवीकरण तथा नियमन कार्य गर्ने ।

२३.गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन गर्ने ।

२४.निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने ।

२५.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने ।

२६.यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

२७.पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्ने ।

२८.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने ।

२९.प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख लगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने ।

३०.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने।

३१.प्रचलित ऐन नियमर तोकिएका विषयतथा शर्तहरुको परिपालना गर्ने।

३२.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने।

३३.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने।

३४.यस पदका लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने।

## २८. नायब प्राविधिक सहायक/ प्राविधिक सहायक, चौथो/पांचौं (कृषि)(प्रा.)पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):

१.कृषि उत्पादन प्रशोधन र बजारीकरण सम्बन्धी उद्यम व्यवसायको व्यवासायिक विकास योजना तर्जुमा गर्न सहयोग गर्ने, माग तथा आवश्यकता अनुसार कृषि तथा पशु नर्सरी बिउबिजन केन्द्र तथा नमुना फार्म संचानन गर्ने गराउने, कृषि वातावरण संरक्षण तथा जैबिक विविधताको संरक्षण र प्रबर्धन गर्ने गराउने, उच्च मुल्ययुक्त कृषिजन्य वस्तुको प्रबर्धन विकास तथा बजारीकरण गर्ने गराउने, कृषकहरुको क्षमता अभिवृद्धि प्राविधिक सेवा टेवा सीप विकास र सशक्तिकरण गर्नेगराउने, कृषि बिउबिजन नश्ल मलखाद र रसायन तथा औषधीहरुको आपुर्ति उपयोग र नियमनको व्यवस्था मिलाउने, कृषक समूह कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय संघसंस्थाहरुसंग समन्वय गर्नेगराउने, खाद्ध्यान्न वागवानी नगदे तथा अन्य वाली विकास सम्बन्धी विवरण, प्रविधि विकास र अध्यावधिक गर्ने, कृषि विकास तथा संभाव्यता र पकेट क्षेत्र निर्धारण र सेवा प्रसारको व्यवस्था गर्ने गराउने, कृषि सेवा केन्द्र र सम्पर्क स्थलहरुलाई सहयोग गर्ने, फलफूल र तरकारी बालीहरुको माग र आवश्यकता अनुसार नर्सरी स्थापना गर्ने गराउने, गाउँभित्रका कृषकहरुलाई समूह सहकारीमा आवद्ध गराउने र कृषि उत्पादनलाई व्यवसायीकरण प्रविधि र प्राविधिक सेवा उपलब्ध गराउनेसम्बन्धी कार्य सम्पादन गर्ने।

२.कृषि अनुसन्धान, बागवानी, बैकल्पिक खेती प्रणाली, बाली संरक्षण, माटो परिक्षण, कृषि प्रयोगशाला, जैबिक उत्पादन र कृषि पर्यटन सेवा विकास र विस्तार गर्ने, कृषिजन्य माहामारी रोगको नियन्त्रण सम्बन्धी कार्य गर्ने गराउने, कृषि प्रचार प्रसार सम्बन्धी कार्य गर्ने, कृषि सम्बन्धी विमा र कर्जा सहजिकरण सम्बन्धी कार्यमा सहयोग गर्ने, शीत भण्डारको व्यवस्थापनको कार्य नियमित रेखदेख गर्ने र सुचारु राख्ने तथा राख्न लगाउने, कृषक समुहको वैठकहरु नियमित गर्ने व्यवस्था मिलाउने, कृषि तथ्यांकको व्यवस्थापन र सुचना प्रणाली तथा कृषि सम्बन्धी सुचनाको प्रचार प्रसार गर्ने गराउने, कृषि स्रोत केन्द्रको व्यवस्थापन र संचालन गर्ने, विभिन्न सिफारिस तथा अनुमति पत्र व्यवसायी दर्ता सम्बन्धी कार्य गर्ने, रासायानिक मल वितरण सम्बन्धी कार्य गर्नेलगायतका कृषि विकास संग सम्बद्ध कार्य सम्पादन गर्ने।

३.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने।

४.यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

५.पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्ने।

६.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने।

७.प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, उपशाखा प्रमुख र वडा सचिव लगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने।

८.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने।

९.प्रचलित ऐन नियमर तोकिएका विषयतथा शर्तहरुको परिपालना गर्ने।

१०.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने।

११.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने।

१२.गाउँपालिकाले गाउँपालिका बाहेक गाउँपालिका मातहतको कार्यालय वा सेवा केन्द्रमा तोकेको अवस्थामा सो कार्यालयको कृषिसेवा सम्बन्धी कार्य गर्ने।

१३.यस पदका लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने।

### २९. पशु स्वास्थ्य सहायक/ बरिष्ठ पशु स्वास्थ्य सहायक, चौथो/पांचौं (कृषि,भेट.)(प्रा.)पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):

१.कार्यक्षेत्रका पशुपंक्षी व्यवसायको प्रबर्धनमा प्राविधिक सहयोग गर्ने, पशुपंक्षि व्यवसायमा देखिएका समस्या समाधानमा समन्वय गर्ने, कार्यक्षेत्रको पशुपंक्षी संबन्धी तथ्यांक अध्यावधिक गर्ने, पशुपंक्षी पालनसंग सम्बन्धीत चुनौतीहरुलाई सम्बोधन गर्न अध्ययन परिक्षण अनुसन्धान गर्ने, पशपंक्षीको गुणस्तरीय उत्पादन सामाग्री व्यवस्थापन र नियमन कार्यमा सहयोगी भुमिका खेल्ने, पशुपंक्षी निजी फार्म तथा स्रोत केन्द्रहरुको विकास र व्यवस्थापन गर्ने, असल पशुपालन अभ्यास प्रबर्धन तथा प्रविधि विस्तार यान्त्रिकरण व्यवस्थापन गर्ने, पशुपंक्षी विकास सम्बन्धमा क्षमता अभिवृद्धि सामाजिक परिचालन जनचेतना अभिबिद्ध तथा संस्थागत सुधार गर्ने, कार्यक्षेत्रमा घुम्ती भेटेरिनरी सेवा प्रवाह गर्ने, आधुनिक पशुउपचार सम्बन्धी प्रविधि हस्तान्तरण र विकास गर्ने, पशु स्वास्थ्य सम्बन्धमा जनचेतनामूलक कार्य संचालन गर्ने, कार्यक्षेत्रभित्रका कार्यक्रमको अनुगमन तथा पृष्ठपोषण गर्ने, दूध फूल मासुको पसल एवं बधस्थलको अनुगमन तथा व्यवस्थापन गर्ने, लगायतको कार्य गर्नेगराउने।

२.उपभोक्ताहरुलाई दुध मासु पशुपंक्षीको रोगहरु वारेमा जनचेतनाको लागि सूचना प्रदान गर्ने, पशुपंक्षी र पशुस्वास्थ्य सम्बन्धी योजना कार्यान्वयन गर्ने, कृषकस्तरमा पशुपालन सम्बन्धमा महामारी लागेमा निराकरण गर्ने, पशुसेवा नश्लसुधार सम्बन्धी कार्य गर्ने, पशुपालकको क्षमता अभिवृद्धि प्राविधिक सेवा टेवा सीप विकास र सशक्तीकरण गर्ने, कृषक समूह कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय संघसंस्थाहरुको समन्वय गर्ने, पशुपंक्षी तथा कृषिबजार सूचना हाटबजारको पूर्वाधार निर्माणमा सहयोग गर्ने, स्थानीय चरण खर्क विकास र व्यवस्थापन गर्ने, पशुआहारको गुणस्तर नियमन गर्ने, पशु बधशाला र शीत भण्डारको व्यवस्थापन र नियमन गर्नेक्रममा विभिन्न संघसंस्थाहरुवीच समन्वय गर्ने लगायतका विषयसम्बन्धी कार्य गर्ने गराउने।

३.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने।

४.यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

५.पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्ने।

६.तोकिएको काम र भैपरीआउने काम समेत जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने।

७.प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, उपशाखा प्रमुख र वडा सचिव लगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने।

८.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने।

९.प्रचलित ऐन नियमर तोकिएका विषयतथा शर्तहरुको परिपालना गर्ने।

१०.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने।

११.प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने।

१२.गाउँपालिकाले गाउँपालिका बाहेक गाउँपालिका मातहतको कार्यालयवा सेवाकेन्द्रमा तोकेको अवस्थामा सो कार्यालयको पशुसेवा सम्बन्धी कार्य गर्ने।

१३.यस पदका लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवाका लागि स्थानीय तहमा कर्मचारी भर्ना छनौट तथा व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश स्थानिय सेवा ऐन २०८१ तथा नियमावली २०८१ मा तोकिए बमोजिम हुने।

## ३०.वडा सचिव, पांचौंतह(प्र.सा.प्र.)पदको कार्यविवरण (काम, कर्तव्य र योग्यता):

१.वडा अध्यक्षको निर्देशन र मार्गदर्शन तथा प्रमुख प्रशासकिय अधिकृतको सुपरिवेक्षण एवं प्रशासन तथा व्यवस्थापन शाखा प्रमुख र प्रशासन तथा आन्तरिक व्यवस्थापन उपशाखा प्रमुखसंगको समन्वयमा रही वडा कार्यालयको समग्र प्रशासनिक, व्यवस्थापकिय, सेवाको प्रवाहिकरण, विकास निर्माण तथा शासकिय काम कार्वाही सम्पादन गर्ने।

२.कर्मचारीहरुको खटनपटन तथा कार्यालयको सुरक्षा र सरसफाई गर्ने ।कर्मचारीको व्यक्तिगत विवरण, विदा तथा अन्य रेकर्डको अध्यावधिक गर्ने।

३.गाउँपालिकाका प्याड तथा छापको सुरक्षित प्रयोग गर्ने।

४.विभिन्न बैठकहरुको उपयुक्त व्यवस्थापन र निर्णय पुस्तिकाको सुरक्षा गर्ने।

५.सहभागितामुलक योजना तर्जुमा प्रणालीअनुसार वस्ती वा टोलस्तरवाट योजना तर्जुमा प्रकृया अवलम्वन गरी वस्ती तथा टोलस्तरीय योजनाको लागत संकलन, प्राथमिकिकरण तथा छनौट गर्ने।

६.टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र संचालन हुने योजनाहरुका लागि उपभोक्ता समितिको गठन, योजनाहरुको कार्यान्वयन तथा सोको अनुगमन गर्ने।

७.वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मतसंभार, रेखदेख तथा व्यवस्थापन गर्ने।

८.निजी घर तथा घरपरिवारको लगत राख्ने।

९.ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा तथा प्राचिन स्मारक सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ति, जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने।

१०.खुल्ला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठमन्दिर, गुम्वा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डांडापाखा, चरन क्षेत्र, पानीको मुल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुंगेधारा, गुठीघर, वाटो, सडक, पुल, पुलेसा, कुलो, नहर, पानीघट्ट, मिल, आदिको तथ्यांक संकलन तथा अध्यावधिक लगत राख्ने तथा संरक्षण गर्ने।

११.खण्डिकृत तथ्यांक र सुचनासहितको पार्श्वचित्र तयारी तथा अध्यावधिक गर्ने।

१२.सार्वजनिक पार्क, मनोरंजनस्थल तथा वालउद्यानको निर्माण तथा संचालनको व्यवस्था गर्ने।

१३.अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक वालविकास केन्द्र संचालन तथा व्यवस्थापन गर्ने।

पुस्तकालय, वाचनालय, सामुदायिक सिकाईकेन्द्र, वालक्लव तथा वाल संजालको संचालन तथा व्यवस्थापन गर्ने।

१४.वडा तहको स्वास्थ्यकेन्द्र र उपकेन्द्रको व्यवस्थापन गर्ने।

१५.वालवालिकाहरुलाई बिसिजी, पोलियो, भिटमिन "ए" को व्यवस्थापन गर्ने।

१६.पोषण कार्यक्रम संचालन गर्ने।

१७.वडा तहमा स्वास्थ्य जनचेतना विकासतथा स्वास्थ्य सुचना कार्यक्रम संचालन गर्ने।

१८.शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिक संचालन गराउने।

१९.सार्वजनिक शौचालयतथा स्नानगृहको निर्माण तथा व्यवस्थापन गर्ने गराउने।

२०.वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार, पोखरीको निर्माण, संरक्षण, गुणस्तर नियन्त्रण गर्ने।

२१.वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने।

२२.वसपार्कको सरसफाई गर्ने।

२३.वाटोघाटोको बाढीपहिरो पन्छाउने।

२४.घरेलु उद्योगको लगत संकलन, संभाव्यता पहिचान गर्ने।

२५.वडाभित्र घरेलु उद्योगको प्रबर्धन गर्ने।

२६.कर्मचारीको दैनिक उपस्थिती, हाजिरी, लगबुक कार्यान्वयनमा ल्याउने।

२७.निर्वाचित जनप्रतिनिधि तथा पदाधिकारीहरुको व्यस्थित रुपमा अभिलेख राख्ने।

२८.वडाअध्यक्षको कार्यकक्षको सरसफाई लगायतका अन्य सुव्यवस्था मिलाउने।

२९.स्थानीय सरकार संचालन ऐन तथा अन्य ऐनले तोकेबमोजिमका वडाअध्यक्षले प्रमाणित गर्नुपर्ने भनि तोकिएका कार्यहरुको लागि कागजपत्र तयार गर्ने।

३०.स्थानीय पंजिकाधिकारीको रुपमा कार्य गर्ने।

३१.कामको नियमितता, समयपालना लगायत कार्यसम्पादनस्तरमा सुधार ल्याउने।

३२.पदीय जिम्मेवारी अनुरुपका कार्यहरु सम्पादन गर्ने।यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

३३.तोकिएको काम जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्ने।

३४.वडा अध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत, प्रशासन तथा व्यवस्थापन शाखा प्रमुख लगायत माथिल्लो पदाधिकारी तथा निकायको निर्देशन, आदेश पालना गर्ने।

३५.प्रचलित कानुन बमोजिमका आचारसंहिता पालना गर्ने।

३६.मातहतका कर्मचारीहरुलाई निजहरुको कार्यमा सहयोग र उत्प्रेरित गर्ने।

३७.वडा सचिवले वडा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत एवं प्रशासन तथा व्यवस्थापन शाखा प्रमुखको सुपरिवेक्षण र प्रशासन तथा आन्तरिक व्यवस्थापन उपशाखा प्रमुखको मार्गदर्शनमा रही वडा कार्यालयमा आफु मातहतका कर्मचारीहरुको सहयोग र समन्वयमा देहायबमोजिम ५ प्रकारका कार्यहरु सम्पादन गर्नुपर्नेछ:

**क. वडास्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने कार्य:**

१) आफ्नो वडाभित्रको बस्तुगत विवरण (नदीनाला, जैविक विविधता, खनिज पदार्थ, जनसंख्याको बनोट, आर्थिकअवस्था, उद्योगधन्दा, शिक्षा तथा स्वास्थ्य सम्बन्धी विवरण आदि) तयार गर्ने, अद्यावधिक गर्ने।

२) निजी घर तथा घर परिवारको लगत राख्ने।

३) ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने।

४)खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्वा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पाश्र्वचित्र तयार तथा अद्यावधिक गर्ने ।

**ख.वडाका विकास निर्माणका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा आवधिक प्रगति समीक्षा गर्ने कार्य:**

१) सहभागीतामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्तीतथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने।

२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिकोगठन तथा सोको अनुगमन गर्ने।

३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने।

**ग.वडाका विकास निर्माणका काम गर्ने कार्य:**

१)बालउद्यानको व्यवस्था गर्ने।

२) अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने।

३)पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने।

४) वडा तहको स्वास्थ्यकेन्द्र तथा उपकेन्द्रको व्यवस्थापन गर्ने ।

५) बालबालिकाहरूलाई बि.सि.जि.,पोलियो, भिटामिन "ए" को व्यवस्था गर्ने ।

६)पोषण कार्यक्रमको सञ्चालन गर्ने ।

७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने ।

८) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने ।

९) सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र ब्यवस्थापन गर्ने, गराउने ।

१०) वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने ।

११) घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने ।

१२) कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रबर्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने ।

१३) कृषि मलको माग सङ्कलन गर्ने ।

१४) कृषिमा लाग्ने रोगहरूको विवरण तयार गर्ने ।

१५) पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन गर्ने ।

१६) वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने ।

१७) स्थानीयसमुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने ।

१८) स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रबर्धन गर्ने ।

१९) वडाभित्र खेलकुद पूर्बाधारको विकास गर्ने ।

२०) अन्तर विद्यालय तथा वालक्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने ।

२१) वडा क्षेत्रभित्रको वाटोघाटो चालू अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने ।

२२) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने ।

२३) बाटोघाटोको बाढी, पहिरो पन्छाउने ।

२४) घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने ।

२५) वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने ।

२६) प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक र सोको अभिलेख संरक्षण गर्ने ।

२७) व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।

२८) सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने ।

२९) वडालाई बालमैत्री बनाउने ।

३०) वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने ।

३१) विभिन्न समुदायका बीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने ।

३२) बालविवाह, महिला विरुद्धको हिँसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने, गराउने ।

३३) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी पालिकामा प्रतिवेदन सहित रकम बुझाउने ।

३४) असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्याई औषधोपचार गराउने ।

३५) असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने ।

३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने, गराउने ।

३७) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,

३८) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने, ।

३९) वडालाई वातावरणमैत्री बनाउने ।

४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्रीशासन जस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने ।

**घ. कानून बमोजिमका नियमन गर्ने कार्य:**

१)वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको नियमन गर्ने ।

२) घर निर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने ।

३)खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने ।

४) वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रबर्धन गरी लगत राख्ने ।

५) हाट बजारको व्यवस्थापन गर्ने, गराउने ।

६)विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने ।

७) नाता, नागरिकता आदिको सिफारिस तथा प्रमाणित गर्ने ।

८) आफ्नो भौगोलिक क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा, तथा महशूलको स्थानीय दररेट तोक्ने ।

९) आफ्नो वडाभित्रका उपभोक्ता समिति, सहकारी संस्था, निजी क्षेत्र लगायतका सबै विकास साझेदारहरुसँग विकासनिर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय गर्ने ।

१०) समय समयमा सम्बद्ध कानूनले तोकेबमोजिम अन्य काम गर्ने ।

**ङ. अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्नेकार्य :**

१) पञ्जिकरण, नागरिकता तथा अभिलेख व्यवस्थापन गर्ने ।

२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।

३) सम्बद्ध कानून र मापदण्ड बमोजिम व्यक्तिगत घटना (जन्म, मृत्यु, विबाह, बसाइ सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता गर्ने ।

४) आधुनिक प्रविधि अपनाई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन गर्ने ।

